CC-0. In Public Domain. Digitization by eGangotri

नं. १५३२

R.

भर्तृहरि निर्वेद

लेखनाथ पौडेल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नं. १५३३

पूर्व आरक्षित

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाह देव
चान्सलर, रायल नेपाल एकेडेमी

श्री ५ महाराजाऽधिराजबाट बक्सेको मन्तव्य

श्री कविशिरोमणि, लेखनाथको धेरै वर्ष अघि लेखियेको 'भर्तृहरि' नाटक मैले पढ़ें ।

कुनै पनि साहित्यकारको प्रतिभाको पहिचान उनले रचेको नाटकमा जसरी पाइन्छ त्यसरी उनका अरू कृतिहरूमा पाउनु कठिनै होला । शायद कविजीको उमेरको जोश पनि हुन शक्तछ । यो तथ्यको ज्वलन्त उदाहरण विश्वविख्यात कविवर शेक्सपियरले प्रस्तुत गरेको छ ।

श्री लेखनाथजीको यस नाटकमा शृंगार, हास्य, शान्त, करुण इत्यादि साहित्यका रसहरूको राम्रो प्रयोग भयेको छ र नाटकको विषयानुकूल शान्तरसको प्राधान्य देखिन्छ । युगानुकूल सुधारवादी विचारधाराको झलक पनि यसमा पाइन्छ ।

नाटकमा दर्शाइएको चरित्र-चित्रण र साहित्यिक छटालाई साहित्य र नाटकका सबै प्रेमीहरूले स्वागत गर्ने छन् भन्ने मलाई लाग्दछ ।

Nepal Sanskrit University, Bahunati Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशकीय

नेपाली साहित्यको आधुनिक युगको अरुणोदयको विशेषतापूर्वक प्रतिनिधित्व र नेतृत्व गर्दै कविशिरोमणि, पं० लेलनाथ पौड्यालयले भाषा र साहित्यमा ठूलो योग-दान गर्नुभएको छ। भाषाको पाण्डित्य-पूर्ण प्राञ्जलता, सरलता र मनोहारिता उहाँका सर्वाधिक महत्त्वपूर्ण विशेषता हुन्। नेपाली जन-जीवनमा भिजेका विषयवस्तुलाई उस्तै आत्मीय किसिमले व्यक्त गर्नुमा उहाँलाई कम्तीले नै भेट्टाउलान्।

कविशिरोमणिले अनुवाद र नाटकका क्षेत्रमा पनि पर्याप्त कार्य गर्नुभएको हो। त्यसै क्रममा उहाँको यो नाटक पनि प्रस्तुत छ। संस्कृतको पाण्डित्य र स्वभावले नै उहाँमा देखिने व्यावहारिक दर्शनको जुन पुट सर्वत्र पाइन्छ, त्यसको एक अर्को सबल नमूना भर्तृ-हरि निर्वेदमा पनि भएको छ। आफ्ना युग-निर्माता वयोवृद्ध कविको यो रचना मर्मज्ञ नेपाली-जगत्मा आदरणीय हुनेछ भन्ने लाग्दछ।

बालचन्द्र शर्मा
भाइस-चान्सलर
रायल नेपाल एकेडेमी

कान्तिपुर
२०२०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साव नं. ५८

वक्तव्य

अघि छात्रावासमा छँदैदेखि मलाई संस्कृतमा र नेपाली भाषाम फाटफुट श्लोक बनाई सामयिक पत्र-पत्रिकाहरूमा छपाउने औत्सुक्य ज्यादा थियो। त्यसैले तत्कालीन 'सूक्तिसुधा' नामक संस्कृत पत्रिका र 'सुन्दरी' नामक नेपाली भाषाकों पत्रिकामा पनि केही कविताहरू दियेको थियें ता पनि कुन कविताले कसमा कस्तो असर पार्दछ ?— त्यो कुराको मलाई केही विचार थियेन। केही पछि सरदार राममणि आ० दी० को सञ्चालकत्वमा निस्केको 'माधवी' नामक मासिक पत्रिकामा 'सुन्दरी' पत्रिकाबाट उधृत केही कविताको साथै प्रशंसा-सूचक शब्दावली पनि छापियेको देख्दा मेरो अर्ध विकसित कविता-प्रेमको कुसुम सहसा फक्रेर आयो र त्यस वेला देखि देश-विदेशबाट निस्कने हरेक पत्र-पत्रिकामा कविता दिन थालें, जुन कविताहरू धेरै जसो पाठक-वर्गले पढ्नु भयेकै होला भन्ने मलाई दृढ धारणा छ।

धेरै घटना-चक्रपछि म उस वेलाका कम्याण्डर-इन-चीफ भीम शम्शेर ज० ब० रा० को दरबारमा केटाकेटी पढ़ाउने काम गर्दै थियें। यस्तैमा एक दिन स० राममणि आ० दी० ले मलाई डाकेर भन्नु भयो—कविजी, तपाईंको लेखन-शैली राम्रो छ। तपाईंले यो शान्तरस-प्रधान 'भर्तृहरि निर्वेद' नामक नाटकको कथा-बीजमात्र लियेर नेपाली भाषामा खेल्न लायक यौटा नाटक तयार गरिदिनु भये श्री ५ मुमा बड़ा महारानीको इच्छा पूर्ण हुने थियो इत्यादि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मैले पनि सो कुरा स्वीकार गरी उस वेलाको दरबारमा चलेको नाट्य-परिपाटी अनुसार सो नाटक लेखेर निज राममणि आ० दी० द्वारा नै मौसूफमा चढ़ायें। क्रमशः त्यो नाटक रङ्गमञ्चमा खेलाउने आयोजना पनि भयो। तर, पछि नजाने कुन प्रतिबन्धले हो ?— रङ्ग-मञ्चमा उत्रन पायेन। केही दिन पछि निज राममणिले नै मेरो पाण्डुलिपि वापस दियेर मलाई भन्नु भयो—यो तपाईंको परिश्रम हो। हाल सफल हुन शकेन। तपाईं यसलाई जे गर्नु हुन्छ, गर्नु होस्। त्यो सुन्दा केही खिन्नता आयो ता पनि मैले कुनै वखत प्रकाश होला भन्ने भावनाले थन्क्यायेको थियें। हाल साहित्य-कला-विशारद **श्री ५ महाराजाऽधिराज महेन्द्र वीर विक्रम शाहदेवको** जुनाफमा सोही नाटक केही परिष्कारका साथ चढ़ाउँदा रायल नेपाल एकेडेमी-वाट प्रकाशित गर्नू भन्ने हुकुम वक्सेकोले प्रकाश गरेको छु। यसमा जो जति नाटकीय गुण-दोषहरू होलान् ती सबै मर्मज्ञ देश-बन्धुको विवेकले छुट्याउने छ।

संस्कृतका प्रकाण्ड विद्वान् हरिहर कविले जुन कथा-बीज लिवेर संस्कृतमा यो नाटक लेखेका थिये त्यसैको विशेष पुष्टिका निमित्त मैले केही दृश्य थपेको छु। यसको औचित्य वा अनौचित्य विद्वद्वर्गले देख्नु हुने छ भन्ने आशा गर्दछु।

विनीत—
लेखनाथ

श्रीः

॥ श्री गौरीशङ्कराभ्यां नमः ॥

भर्तृहरि निर्वेद नाटक

(आकाशमा)

नागीचक्र भनी स्वयं गुडुलिदैं मानू बनी नागिनी।
कैलासाऽऽश्रम देखिने उपरको वाटो सुषुम्णा थुनी ॥
लेटेकी जगदम्बिका भगवती साक्षात् महाकालिका।
देवी कुण्डलिनी उठिन् जब अनी झल्कन्छ चित्चन्द्रिका ॥

(नान्दीको अन्त्यमा)

(सूत्रधारको प्रवेश)

(चौतर्फी हेर्दै) सूत्रधार—

(गाना)

नटवर शिवको नाटकलीला यो बहुरङ्गी सारा संसार।
सुर, मुनि, मानव, दानव, जम्मै अभिनय गरने नाटक-परिवार ॥
नीलगगनको रङ्गमञ्च त्यो झलमल बत्ती रवि-शशि-तारा।
काल तबल्ची सुख दुख तबला, झननन झननन करम-सितारा ॥
ऋतु-वत्सरका पर्दाहरू छन् जुग जुगका छन् विचमा विश्राम।
प्रकृति-नटीको निर्देशनमा चल्छ निरन्तर अद्भुत सब काम ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पद पदमा यो नाट्य-रङ्गमा नौ रसका वग्दछन् धारा।
लेख-चमोजिम सब खेल्दैछन्, यस नाटकको छैन किनारा॥

दर्शकवर्ग ! यो विश्व प्रपञ्चलाई कोही 'भव-सागर' भन्छन्, कोही 'भवाऽटवी' भन्छन्, कोही 'मृगतृष्णा' भन्छन्. कोही लम्बा उपना पनि भन्छन्. परन्तु म यसलाई नटराज शङ्करको कहिल्यै पनि न टुङ्गिने 'महानाटक' भन्छु. साथै आफनू जीवनपद्धतिलाई यसैको अवान्तरवर्ती छोटो 'उपनाटक' संज्ञन्छु। जस्तो महानाटकमा नटराजलाई प्रकृति-नटीको दरकार छ, त्यस्तै जीवनको उपनाटकमा मलाई पनि श्रीमतीको सरोकार छ। पहिले उनलाई बोलायेर उनको विचार बुझूँ, अनि त्यै माफिक खेलको सुरू गरूँला, किनभने जीवनको खेल खेल्दा जसले पनि श्रीमतीको विचारलाई पछी राखेर आफनू विचारलाई अघि सार्न लाग्यो वा प्रधानता दिन थाल्यो भने अनर्थको कचिङ्गल निस्कन्छ. त्यसले गर्दा जीवन नाटकको त के कुरा नटराजको महानाटक पनि नीम जस्तो तीतो र जीरे खोर्सानी जस्तो पीरो भयेर भत्भती पोल्न थाल्छ (हाँस्छ).

(नेपथ्यतिर हेरी)

प्यारी ! नटी ! (बोल्दिन)

सूत्रधार—उनलाई पहिल्यै देखी तस्वीरको सौख ज्यादा छ, सायद कुनै तस्वीरका गुण दोषको विचारमा मग्न भयेकी होलिन्. फेरी बोलाऊँ।

ए ३ श्रीमती ! गृहदेवी !

(तस्वीर हातमा लियेकी नटीको हतपतमा प्रवेश)

नटी—कति चिच्याउनु-भयेको ? आउँदै त छु नि।

सूत्रधार—हातमा के ल्यायौ ?

नटी—यो तस्वीरको भावमुद्रा हेर्दै थियें, हजूरका चिच्याहटको हतपतले गर्दा थन्क्याउन पनि विर्सीछु।

सूत्रधार—के कुनै नयाँ तस्वीर पायौ ?

नटी—भावको गाम्भीर्यले गर्दा यो सर्घै नयाँ जस्तै छ।

सूत्रधार—आकार पनि ठूलो रहेछ, कस्को हो ?

नटी—नावालख नाती राजा त्रिभुवनलाई काखमा राखेर अभिभाविकाको रूपमा राजभयेकी नेपाल-अधिराज्यकी राजमाता पृथ्वी वीर विक्रम शाहदेवकी मुमा वडा महारानीको।

सूत्रधार—कहाँ पायौ ?

नटी—मलाई तस्वीरको सौख ज्यादै छ, भन्ने सुनेर होला, अघीदेखी राजदरबारमा बसेकी ठुली भाउज्यूले पठाइदिनु भयेको।

सूत्रधार—खोइ, कस्तो रहेछ हेरूँ।

नटी—(देखाउँदै) नजर होऊ न, त्यस्तो कठिन अवस्थामा पुत्र-शोकको ज्वालाले उम्लेर पोखिन खोजेका आँशुलाई पनि धैर्यको बाँध बाँधेर नजरको कुना कुनामा कसरी दबाइ बक्सेको छ।

सूत्रधार—(हेरी) अहा ! ! मौसूफको मुहारमा धैर्य, गाम्भीर्य, शान्ति, सहिष्णुता आदि सबै गुणको छाया प्रशस्त झल्केको रहेछ।

नटी—त्यै त, जति जति गडेर हेन्यो, उति उति मर्मस्पर्शी र आकर्षक छ।

सूत्रधार—ठीक भन्यौ, यसमा म कायल छु कल्याणी ! तर मलाई यो तस्वीर देखदा अर्को कुराको पनि याद आयो।

नटी—कुन कुराको ?

सूत्रधार—त्यै अवस्थामा मौसूफ महारानीबाट शान्तरस प्रधान भयेको यौटा नाटक पनि राष्ट्रभाषामा लेखाइबक्सेको थियो. के तिमीलाई त्यसको संज्ञना छ ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नटी—अहिले त यादछैन, तर म संझूँ । घोरिन्छे) के उहीं हरिहर कवि लिखित 'भर्तृहरि निर्वेद' नाटकको कथाबीज मात्र लियेर नेपाली कवि लेखनाथले राष्ट्रभाषामा लेखेको भर्तृहरि निर्वेद नाटक आज्ञा भयेको हो ?

सूत्रधार—हो, ठीक संझ्यौ ।

नटी—त्यसको पाण्डुलिपि मैले कइएकवार पढेकी पनि थियें, कुनै कुनै गीत त अझ पनि आउँदैछन् ।

सूत्रधार—कल्याणि ! आज मलाई मौसूफ महारानीको पनाती साहित्य-कला विशारद राजाऽधिराज महेन्द्रवीरविक्रमशाहदेवको राष्ट्रिय रङ्गशालामा त्यै नाटकको अभिनय गर्ने इच्छा लागेको छ यसमा तिम्रो के राय ?

नटी—उस वेला त्यो नाटक तयार थियो ता पनि प्रतिबन्धवश रङ्गशालामा उत्रन पायेको थियेन. अहिले त्यो रसिकवर्गका अगाडी देखाउन पाउँछु भने म पनि अति खुशी छु, किन भने यो जिन्दगी एकछिनको रामछाया हो । आखीरमा सबले शान्ति नै लिनुपर्छ । त्यो नाटकमा विशेषतः शान्तरस नै प्रधान छ ।

सूत्रधार—सुनासीब भन्यौ, अब तिमी त्यै नाटकको कुनै शान्ति-गीत गायेर दर्शकवर्गको हृदयलाई शान्तरस तर्फ झुकाउँदै गर, म पात्र पात्रीको उपक्रम राम्रो सँग मिलाउँछु (यति भनी निस्कन्छ).

नटी— (गाना)

(राग विहाग)

जगमा शान्ति विना सुख छैन ।
निशिदिन जति गर भोग तमासा मन लोभी बुझदैन ॥

गिर्दालाई दिव्य परीका सुन्दै सुन्दर वैन ।
लाखौंथरि रसरङ्ग उडाऊ मनले भो भनदैन ॥ जग० ॥
रिपु सब मारी राज्य फिंजारी गर लाखौं सुख चैन ।
दोस्रो सुरपति नाम कमाऊ तर पछि त्यो टिकदैन ॥ जग० ॥
ये सिलिमिलिमा भुलदा भुलदै चिलनु-पर्दछ नैन ।
जनम-मरणको लेख कसैको जुगति विना मिटदैन ॥ जग० ॥

(यतिं गाउँदै गाउँदै निस्कन्छे)

(इति प्रस्तावना)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अङ्क पहिला, पर्दा पहिला.

(स्थान–काशीराजको दरबार, भानुमती अनभाऐ पछी छोरीको मायाले खिन्न भएकी रानीको प्रवेश)

रानी—ऊः ३ कति नरमाइलो लागेको ? भानुमतीलाई न अन्भाउँदा सम्म यै दरबारमा मानू स्वर्गीय ज्योति नाचेको थियो, ऐले जता हेर्छु उतै अँध्यारो छ, मानू आज उही दरबार ज्योति न भयेको आकाश जस्तो र विवेक न भएको मन जस्तो धमीलो छ, हरे !! भानुमतीको सौन्दर्य-सिन्धुमा खेली रहेका ई आँखालाई कुन ठाममा राखेर बहलाऊँ. छोरीको भविष्य संझदा शान्तिको झलक आउँछ ता पनि ऐलेको यो विरह बाधा हटाउन साह्रै मुस्कील भयो ।

श्लोक

१

पुत्री भानु विदा भयिन्, घर-गयिन्, माङ्गल्य-शोभावती ।
होला उज्जयिनी झकाझक वहाँ सर्वत्र ज्योतिष्मती ॥
हाम्रो किन्तु यहाँ धुवाँ विरहको पुन्नाउँदा वेहरी ।
आफ्नै चित्त समान शून्य धमिलो देखिन्छ काशीपुरी ॥

२

राजा भर्तृहरि प्रसिद्ध कवि छन्, रानी मनोहारिणी ।
पुत्री चित्रकला-कलाप-कुशला सङ्गीतमा अग्रणी ॥

ठान्छू काव्य-कला-मिलान दुइको दाम्पत्य-सम्बन्ध यो ।
आँशू रोक तथापि शक्तिन, कठै !! आँखा धमीलो भयो ॥
(आँशु पुच्छिन्) ।

(काशीराजको प्रवेश)

काशीराज—कल्याणि ! के गछर्यौ ?

रानी—पुत्री भानुमतीलाई अन्भायेको दिन देखी मलाई आँखाको पुतली नै हराये जस्तो लागेको छ, जता हेर्छु, शुनसान छ. यो मन विसाउने ठाम कतै न पायेर भानुमतीकै हातले लेखेका चित्रहरू हेर्न लागेकी ।

काशीराज—कल्याणि ! अब मन बिगार्ने मौका छैन, सपार्ने मौका छ, किनभने उनी योग्य स्थानमा योग्य बरका हातमा परेकी छन् . दिन प्रतिदिन उनको सुख, समृद्धि बढदैजाने छ. हामीले त्यसमा किन फिकी मान्ने ?

रानी—हो, तर आमाको पापी मनले छोरीको माया बिर्सन कसै शकदो-रहेन छ ।

काशीराज—उज्जैनको राजदरबारबाट यति चाँडै हाम्रो अनुरोध स्वीकार हुनु नै सौभाग्यको लक्षण हो, भगवान्को अनुग्रह हो ।

रानी—म त संझन्छु-शिवरात्रिको मेलामा पोर साल आएकी रैंता बाबाको दयादृष्टि हो ।

राजा—जो कुछ होस्, हामीले जस्तो बर खोजेका थियौं, उस्तै बर पायौं. उमेरदार छोरीको बाबू-आमालाई यो भन्दा अर्को खुसीको कुरा के हुन शक्छ ?

रानी—त्यो कुरा त मैले पनि संझेकीछु । फिरन्ता बाबाले बतायेको कुरा एउटा पनि बिस्तुर गयेको छैन । जस्तो जस्तो बतायेका थिये उस्तै उस्तै सबै काम कुरा हुँदै-आयेको छ । छोरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भानुमतीको पनि उनको उपदेश पायेको दिन देखी स्वभावै बदलियेको थियो। नजर होस्-त्यस दिन देखी छोरीले अरु चित्रहरू लेख्नै छोडेर खाली शिव गौरीको चरित्र-चित्रणमा नै सारा परिश्रम लगायेकी थियिन्। यो तस्वीर हेरि बक्त्योस् त, कति राम्रो र भाव-गर्भित छ।

(तस्वीर देखाएर मन्छिन्)

श्लोक

१

गौरीका तपले प्रसन्न भगवान् मुस्कानको साथमा।
प्रादुर्भाव हुँदा वराऽभय दुवै मुद्रा लिई हातमा॥
हर्षोल्लासवती शिवा नतमुखी ठाडा परेला गरी।
त्यो शैवी स्मित-चन्द्रिका नयनले प्यूँछिन् चकोरी सरी॥

त्यस्तै—

२

दुल्ली छन् त पनी तपोनियमले शैलेन्द्रकी नन्दिनी।
देखिन्छिन् झरिलो उषा-किरणको रेखा सरी मोहिनी॥
जो जस्तो हुनुपर्दथ्यो मधुरिमा यो तापसी भेषमा।
सारा त्यो छ दुरुस्त, झन् अझ बढी लम्बा लटे केशमा॥

त्यस्तै—

३

चान्द्री चारुकला-समान गिरिजा, उन्का सखी दौंतरी।
देखिन्छन् नगिचै जया र विजया दोटी विशाखा सरी॥
गङ्गास्रोत उता, यतातिर घना छन् देवदारू-द्रुम।
आडैमा तप-कन्दरा अघचिलो, जस्मा छ त्यो आश्रम॥

काशीराज—(तस्वीर गौंड सँग हेर्दै) अहा !! यो शिव गौरीको तस्वीर देख्दा मेरो मनमा लाग्छ—

श्लोक

१

शिव भन्छन् खुसी साथ गौरी ! माग स्वयं वर।
गौरीका नेत्रले मानू मागेकोछ स्वयंवर॥

रानी—(तस्वीर हेर्दै) अहा !! कति गम्भीर चित्रकारिता, मानू उनले आफनू भित्री मनको भावधारा जम्वा जम्वी यै तस्वीरको निर्माणमा पोखेकी छन्। हिमालको रचना, देवदारू वृक्षको रचना, कन्दराको रचना, कुटीयाको रचना, अगल बगलका हिमालीफूलको वाटिका-रचना इत्यादि यो सबै चित्रकला कति राम्रो उतारेकी !! यै सब देखदा त भानुलाई बिर्सनै शक्तिन। यस्तै उमेरदार राजा भर्तृहरिको र प्रियपुत्री भानुमतीको नयाँ भाव-गम्भीर चित्र हेर्न पाये मेरा आँखा क्यै शीतल हुने थिये।

काशीराज—उस दिन विवाह-मण्डपमा लाजा होमको अवस्थामा लेखायेको दुवै दम्पत्तिको तस्वीर छैन र अर्को खोजदछयौ ?

रानी—त्यो त दुलहा दुल्हीको भेषमा यहाँ लेखियेको छ. म चाहन्छु राजा रानीको भेषमा उज्जयिनीमा लेखिएको।

राजा—ए ! संझें. पट्टरानीको पदमा अभिषिक्त भयेकी छोरी भानुलाई हेर्न चाहन्छयौ, होयिन ?

रानी—हो।

काशीराज—त्यो पनि कुनै दिन आइपुग्ला, प्रतीक्षा गर।

रानी—मनमा कस्तो घाउ लागे जस्तो भै-रहेको छ।

काशीराज—प्रियजनको संयोगमा खुसी मान्नू र वियोगमा दुःख मान्नू मनको स्वभावै हो. त्यो मेरो मनमा पनि त्यत्तिकै छ तर मैले उनको भविष्यमा हुने सुख-समृद्धिको संझना-द्वारा त्यसलाई दबायेको छु। हामीले विद्या, वय, रूप, शील, संपत्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आदि सबै कुराले योग्य वरका हातमा छोरी सुम्पन् पर्थ्यो, सुम्प्यौं, यसमा मन दुखाउने कुरा केही छैन. खुसी नै मान्नु-पर्छ ।

रानी—हो, राजा भर्तृहरिमा भानुमती को योग्य सबै गुण परिपूर्ण छन्. मानू सुवर्णमा हीराको जडान भयेको छ, यो पनि जानेकी छु, तर पदे पदे श्वास्त श्वास्त मनमा आइपर्ने संझनाले हृदय-कमललाई हल्लाइ-हाल्छ ।

काशीराज—कल्याणि ! अब यो गन्थन छोड्नुहोस्. छोरीको मङ्गल कामना गर. मङ्गला-गौरी मनाऊ ।

रानी—पैले पैले छोरीको विवाह कैले होला जस्तो लाग्दथ्यो, अब छोरीको सौभाग्य-चन्द्रिका माथी बादलको रेखा वस्छ कि ? भन्ने शङ्का लाग्न थाल्यो !

राजा—कस्तो बादल ?

रानी—कस्तो भनूँ ? कालो बादल, जसदेखी अरु मानुषीको त के कुरा लक्ष्मीले पनि डराउनु-पर्छ ।

राजा—कुराको मर्म बुझिन, कुन त्यस्तो बादलको कल्पना गऱ्यौ ?

रानी—सौता । छीः नामै कति न राम्रो । (मुख फेर्छिन्)

राजा—(मुस्कुरायेर) त्यस्तो डर पनि उठिशक्यो ?

रानी—स्त्री-जातिका मनमा त्यो डर सदा जागा नै रहन्छ ।

काशीराज—मनले डर माने डर छ. भर माने भर छ. भगवान्को भर ल्यौ. अति शङ्का न गर । जुन दिन भानुमती उज्जयिनीका महाराजको पट्टरानी पदमा अभिषिक्त भयिन् भन्ने शुभ सन्देश पाउली त्यै दिन देखी तिम्रो सबै शङ्का हटनेछ ।

रानी—भगवान् गरून्, त्यो शुभ सन्देश चाडैं सुन्न पाऊँ ।

काशीराज—हाँमीले वरवधूलाई विदा गरेको पनि धेरै दिन भै-शक्यो. पुऱ्याउन गयेका मुन्सी, खजाञ्चीहरू पनि आज भोली नै

आइपुगनु-पर्छ. जो ल्याउने शुभ सन्देशहरू उनैले ल्याउने छन्. कुनै शङ्का सुर्ता न मान ।

रानी—यो शिव-गौरीको तस्वीर ?

काशीराज—त्यो ऐले त्यहीं रहन द्यौ, जाऊँ, विश्वनाथको दर्शन गरूँ ।

(यति भनी दुवै निस्कन्छन्)

—:o:—

अङ्क पहिला, पर्दा दोस्रा.

स्थान—उज्जयिनीको राज दरबार

(दुलहा दुलहीको भेषमा यथोचित् परिवार सहित उपयुक्त आसनमा राजा भर्तृहरि र रानी भानुमती देखिन्छन्)

(सुवासिनी कुलनारीहरू रोरी फूल मालाहरूले उनको अभिनन्दन गर्दछन्)

सुवासिनीहरू—(क्रमैसित) (गानागर्दै)

जय जय गणपति ! मङ्गलकारी ! सब नर नारी मङ्गल गाँउन् ।
सिंहासनमा राजा रानी इन्द्र शची झैं सदा सुहाउन् ॥
राज्यश्री नै मूर्तिमती भै राजधानिमा मानूँ आयिन् ।
शीतल गङ्गा-लहरी जस्ता लहर खुसीका घर घर ल्यायिन् ॥
मङ्गलमय होस् प्रणय-मिलन यो मङ्गलमय होस मङ्गल दरबार ।
मङ्गलमय होस् देश उज्याली मङ्गलमय होस् प्रजा-परिवार ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मङ्गलमय भै बुमदै आउन् दिन ऋतु महिना बारंबार ।
सदा उज्यालो मङ्गलमय होस् सब दुनियांको विधि व्यवहार ॥

(यति गाउँदै सुवासिनीहरू बगलमा खडा हुन्छन्)

[आरती स्वामली आदि कुलाचारका साथ
राजा रानी अन्तःपुरमा जान्छन्. परिजन पछि लाग्छन् .]

अङ्क पहिला, पर्दा तेस्रा.

स्थान—(नारायणीका किनारको रंता बाबा आउँदा जाँदा विश्राम गरने सानू फुसको कुटी)

(नेपथ्यमा)

श्लोक

१

मुक्ताऽत्मा अलमस्त सन्तहरूको अन्तर्मुखी दृष्टिमा ।
सारा फुर्छ भविष्य भूत घटना जो हुन्छ यो सृष्टिमा ॥
गर्नै-पर्दछ ईश्वको खटनले जो काम त्यो गर्दछन् ।
लिन्नन् हर्ष विषाद, मस्त सुरमा रंता बनी फिर्दछन् ॥

२

वास्ता छैन भनूँ, अनेक जनको कल्याण ती गर्दछन् ।
वास्ता हुन्छ भनूँ, समाज-सँगको संपर्कमा डर्दछन् ॥

ज्ञानी ती अलमस्त सन्त जनको चाला निराला सब ।
को जान्ने तिनको अगाध महिमा, गर्छन् कहाँ के कब ॥

(एक ब्रह्मचारी बाहिर झोक्राई रहेका देखिन्छन्)

(एक महाजनको प्रवेश)

महाजन—(गौडसित यताउती हेरी) ब्रह्मचारीजी ! नमस्कार ।

ब्रह्मचारी—(हात उठायेर) जयहोस् सेठजी ।

महाजन—ब्रह्मचारीजी ! तपाईं एकलै यहाँ बसेर के गर्नु हुन्छ ?

ब्रह्मचारी—केही गर्दिन, कहिलेकहीं जब मनमा अशान्ति हुन थाल्छ, अनि शान्तिका निमित्ति यहाँ आयेर आसन जमाउँछु ।

महाजन—के आज शान्तिदाता बाबा यहाँ आउनु भयेको छ र ?

ब्रह्मचारी—बाबा नभये पनि वहाँका चरणधूलिको र पवित्र विचार-का परमाणुको प्रभाव यहाँ प्रशस्त छ, त्यसैले गर्दा यहाँ बस्ता अपूर्व शान्ति मिल्छ ।

महाजन—यो कुरा सत्य हो. मैले पनि धेरै पटक अनुभव गरेको छु. यहाँ बस्ता उठेको भित्री विचार जैले पनि सफलै हुन्छ ।

ब्रह्मचारी—सेठजी ! हाम्रो देशमा जो जति तीर्थहरू छन्, तिनमा तीर्थरूपता भर्ने नै सन्त महात्माहरू हुन् ।

महाजन—मैले सुनेको छु, रंता बाबा आज भोली नै यहाँ आइपुग्ने संभावना छ रे ।

ब्रह्मचारी—त्यस्ता अवधूत फिरन्ता पुरुषको ठेगान ता हुँदैन, तर हाम्रो भाग्य रहेछ भने दर्शन पनि पाइहालौंला ।

महाजन—म पनि त्यही आशाले भित्रै-देखि कुत्कुत्यायो र वेतियाको वन्दवेपारै वन्दगरी आउँदैछु ।

ब्रह्मचारी—परमात्मा गरुन् तपाईंको त्यो आशा ढकमक्क भयेर फुलोस् फलोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(यस्तैमा शिवःशरणम् , शिवःशरणम् , शिवःशरणम् भन्दै रंता बाबाको प्रवेश)

दुवै—(दण्डवत् गरी) आदेश ! रंता बाबा !! आदेश !!!

रंताबाबा—भगवान् भलो गरुन् (मुस्कुराएर) के मेरो थोत्रो कुटिया तिमिहरूले हत्यायौ ?

ब्रह्मचारी-हजूरको कुटिया हत्याउन शक्ने शक्ति भए त भाग्यमानी बन्थ्यौं

रंताबाबा—के मलाई भाग्यमानी संझेकाछौ ? (हाँस्छन्)

ब्रह्मचारी—हजूरलाई भाग्यमानी होइन, हामीजस्ताको भाग्यविधाता संझेका छौं ।

रंताबाबा—कुलो जोगी भाग्यविधाता हुने भए लक्ष्मीपति भगवान् विष्णु किन चाहिन्थे ? (हाँस्छन्)

ब्रह्मचारी—महाराज ! हजूरसँग जवाफ सवाल गर्न शक्ने शक्ति ममा छैन, क्षमा रहोस् । (हात जोर्छन्)

महाजन—हजूर ऐले कहाँबाट सवारी भएको ?

रंताबाबा—कहाँबाट भनूँ ; दक्षिण भारतका तीर्थहरू घुमदै फिर्दै बीच बाटोमा काशीराजकी राजकुमारीको फिर्ती बरियाँत पनि हेरेर आउँदै छु ।

महाजन—केही दिन त यही कुटियामा राज हुन्छ कि ?

रंताबाबा—थोरै बेर विश्राम गरेर गैहाल्छु ।

महाजन—कहाँ सवारी हुन्छ ?

रंताबाबा—(उत्तरतिर हातले देखाएर) त्यै अग्लो सेतो हिमाचलको दक्षिणवर्ती गौरीशंकरको क्रीडाभूमिमा ।

ब्रह्मचारी—दुइ चार दिन यहाँ राज भएर सवारी भए हुन्न र ?

रंताबाबा—जरूरी काम छ ।

ब्रह्मचारी—हजूरजस्तो अलमस्त पुरुषलाई पनि जरूरी काम ?

रंताबाबा—(हाँसेर) जस्तो तिमीहरूलाई बाह्य जगत्को काममा

फुर्सत हुँदैन त्यस्तै हामीहरूलाई अन्तर्जगत्को कामबाट कैल्यै फुर्सत हुँदैन । के नारदादि ऋषिहरूको रंता लीला पुराणादिमा सुनेका छैनौ ?

ब्रह्मचारी—त्यो त सुनेको छु, तर ऐले अन्तर्जगत्मा हजूरलाई कहाँ कुन कामको जरूरी परेको छ ?

रंताबाबा—(टेढा आँखाले हेरी) के तिमी रंता जोगीको अन्त्य लिन चाहन्छौ ?

ब्रह्मचारी—अन्त्य लिन खोजेको हैन, क्षमा रहोस् । (हात जोर्छन्)

रंताबाबा—नारदादिको दृष्टान्तले पनि पुगेन र फेरि कोच्याउँछौ त ?

ब्रह्मचारी—मैले सुनेको थिएँ, ज्ञानदाता गुरुसँग नजान्ने बालक अजानजस्तो भयेर खोजी गर्नुपर्छ रे ।

रंताबाबा—(केही हाँसेर) अर्काको मनलाई ओर्काउने फर्काउने कला नजानेसम्म अन्तर्जगत्को कुरा उठाउनु नै बेकार छ ।

ब्रह्मचारी—(हात जोरेर बोल्छन्)

महाजन—महाराज ! म त सम्झन्छु हजूरजस्ता महापुरुषको काम र व्यक्तित्व कसैले पनि चिह्न शक्तैनन् ।

रंताबाबा—शक्छन् ; किन शक्तैनन् ? जुन वेला अथवा जुन जुगमा त्यै गौरीशंकरको क्रीडाभूमि उपत्यकामा घरघरै सबैले आराधना गरिने लक्ष्मीका प्रतिमाहरूमा मेरा नामका पाँच अक्षर अक्षता-ऽऽकार भएर टांसियेलान् त्यै वेला वा त्यही जुगमा सारा संसारले मेरो काम र व्यक्तित्व संझने छ । शिवःशरणम् ; शिवःशरणम् ; शिवःशरणम् । (यति भन्दै रंताबाबा उत्तर हिमाल हेर्छन्)

ब्रह्मचारी—बाबा ! हजूरलाई त्यस्तो ठाउँ कब्याउने हिमाल किन प्यारो लागेको ? हामी ता त्यसमा हिमको धुम्रो बाहेक केही पनि देख्दैनौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रंताबाबा—(हाँसेर) तिम्रा आँखाको ज्योति विषयवासनाले छोपेको छ, त्यसैले त्यसको महत्व देख्दैनौ; मेरा आँखाले हेर, अनि सबै कुरा देखौला ।

सेठ—निगाह भये आँखाले नदेखे पनि कानले सुन्ने थियौं ।

रंताबाबा—त्यै यौटा सत्यको प्रतिष्ठा हो, वेदको जन्मभूमि हो, योग सिद्धिको द्वार हो, शान्तिको स्रोत हो, सञ्जीवनीको जीवन हो, चारै जुगको साक्षी हो, आर्य संस्कृतिको खम्बा हो । स्वतन्त्रताको आदर्श हो । (शिवःशरणम्, शिवःशरणम् मन्दं निस्कन्छन् ।)

[दुवै पछी लाग्छन्]

—: * :—

अङ्क पहिला, पर्दा चौथा.

स्थान—शिप्रानदीको किनारको बगैंचाको द्वार प्रदेश.

(यथा योग्य परिवार-सहित राजा र भानुमतीको प्रवेश)

भर्तृहरि—कल्याणि ! तिमिले जिन्दगीको सुखशान्तिलिने रमणीय प्रदेश यही हो. उता हेर ।

श्लोक

१

यो शिप्रातट हो, यहाँ निकटमा उद्यान नानाथरी ।
चौतर्फा टकमक्क छन् कुसुमले, चढ्दो जवानी सरी ॥
कल्याणी ! इनलाई संझ रसिला आफै विहारस्थली ।
हावा हर्हर दिन्छ शीतल जहाँ शिप्रा-तरङ्गवली ॥

२

नाना कुञ्ज-वितान, वेदि, झुलना इत्यादि छन् सुन्दर ।
हावामा मकरन्दको मधुरिमा घुम्दो छ चारै-तिर ॥
कल्याणी ! पुतली-समान इनमा गर्दा विहारोत्सव ।
भुल्नेछौ तिनि जन्मभूमि अथवा गङ्गातटी-गौरव ॥

भानुमती—हृदयनाथ ! मेरा हृदयको माया ममता स्नेह संझना सबै कुरा हजूरको पाद कमलमा केन्द्रीभूत भयेको छ. मलाई कुनै त्यस्तो जन्मभूमिको संझनाले निन्यास्तो लाग्ने छैन ।

राजा—जननी र जन्मभूमिको संझना चटकै विर्सन गाह्रै हुन्छ ।

भानुमती—प्राणनाथ ! स्त्री जातिका निमित्त जन्मभूमिको भन्दा भाग्यभूमिको महत्त्व धेरै बढी छ. नजर होस्, गौरीले दिगंवर शङ्करको फुस्रो कुटिया नै सर्वोत्तम ठानिन् । सीताले नानाथरी काँडै काँडाले खचित भयेको वनलाई नै बढिया मानिन् । मैले ता आफनू उपाकिरण जस्तो उज्यालो भाग्यरेखाले औंल्यायेको उज्जयिनी-सहरमा आएर हजूर जस्तो महाराजका चरणारविन्दको आश्रय पायेकी छु । यत्तैले मेरो हृदयमा खुसीका लहरी उठीरहेका छन् । अरु यता उता संझने फुर्सदै छैन ।

राजा—माता पिताको संझना त जरूर होला ।

भानुमती—वहाँहरूकै दूरदर्शीताले त यत्रो खुसीको समुद्रमा पौडन पायेकी छु ।

राजा—तिम्रो कुरा सुन्दा मलाई झन् खुसी लाग्यो. तिमी ई सहेलीहरू-लाई लियेर यो बगैंचा घुम्दै गर, म चित्रशालमा बस्नलागेको तिम्रो प्रतिष्ठासूचक राज्यारोहणको तैलचित्र कतिसम्म तयार भो, हेरेर आउँछु ।

भानुमती—एक्लै सवारी हुने र ?

राजा—तिमी बगैंचाका जात जातका फूल, कुञ्ज, तलाउहरू हेरदै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मालिनीहरूले ल्याएका फूलमाला पहिरदै गर। (चंपातिर हेरी) चंपा ! महारानीलाई वगैंचाको हरेक भागहरू राम्रोसँग नजर गराये है। म तैंचित्र तयार भो वा भयेन त्यसको आलोकन गरेर चाँडै आउँछ। (यति भन्दै निस्कन्छन्)

(रानी सहेलीहरूका साथै वगैंचातिर पस्छिन्)

रानी—अहा !! यो बैंडा फूले फूलको दुनियाँ हो. यसमा अनेक जात का वेगिन्ती फूलहरू छन्. प्रत्येक फूलको रूप, रङ्ग, रस, बनावट आदि भिन्न भिन्नै देखिन्छ तापनि ई सबैको विकास-को प्रवाह एक छ. सबैले विकासको स्थान समानै पायेका छन्। कसैको कसै माथि न सेप छ, न शोषण छ, न धक्का धुक्की छ, सबका सब परस्पर मद्दतगार बन्धु जस्तै भयेर खडा छन्. अहा !! कति राम्रो दृश्य !!

चंपा—सेप, शोषण, धक्का इत्यादि जङ्गली अवस्थामा हुने दुर्गुण हो. वगैंचामा मालीले त्यस्तो हुन कहाँ दिन्छ र ? के ताना, के ठूला, सबलाई उही माफिकको छाँट काँट गरेर ठीक ठीक ठाममा राख्दछ. त्यसैले ई वेगिन्ती फूलहरू तस्वीरमा लेखिये जस्ता राम्रा देखिंदैका छन्।

रानी—ठीक भन्यौ, मालीले चातुर्यचक्र न चलाउने भये ती काँटादार गुलाफहरू पात्तियेर कहाँको कहाँ पुग्ने थिये, कतिलाई रूवाउने थिये. ऐले हेर, कति राम्रो रूपमा बसेर वगैंचाको सौन्दर्य बढाइरहेका छन्।

चंपा—माली माथीको महामाली महाराज होइवक्सिन्छ. राज्य र वगैंचालाई समान संझेवक्सेको छ. वहाँको विवेक दृष्टिले कसैको कसैमाथि पिचोमिचो सहन शकैन।

(यस्तैमा दुइ किस्तीमा फूलका माला, बाला, बाजू, गजरा इत्यादि लियेका दोटी मालिनी अगाडी आयेर खडा हुन्छन्)

श्यामा—सरकार ! नजरहोस्, फूल मालाहरू आइपुगे।

निम्वी—के के ल्यायौ ? लै ल्याऊ. म टक्याउँछु।

रानी—महाराजको सवारी भये पछि मात्र।

बिम्वी—हजूर पहिरी बक्सियोस् न, महाराजका निम्ति फूलमाला अलग्गै छन्।

चंपा—पहिरनू भन्ने आज्ञा भयेकै छ, हुन्छ, पहिरिवक्सियोस्. बाला, बाजू म पहिराउँछु। (रानी माला आफैं पहिरन्छिन्. चंपाले बाला बाजू पहिराउँछे)

श्यामा—नजर हुनुपर्ने ठामहरू घेरै छन्, अगाडी सवारी भये वेस हुन्थ्यो। (रानीकासाथ सबै अगाडी बढछन्)

श्यामा—(देखायेर) नजर होस्, ती भैंफूलका नानाथरी नागवेली बुट्टाले भरियेका क्यारीहरूको लहर कति राम्रो छ !

रानी—(गौडसित हेरेर) चंपा ! ती नागवेली बुट्टाको बीच बीचमा मात्र हेर्दै आऊ त के देखिन्छ ?

चंपा—लै, म त केही देखिंदिन, सरकारले के नजर भो ?

रानी—पल्लो कुनावाट सुरु गरेर पढ्दै आउ त।

चंपा—(गडेर हेरी) आम्मै !! कति राम्रो कविताका अक्षर परेका रहेछन्।

रानी—पढ त।

चंपा—

श्लोक

१

ए रानी पुतली ! आऊ, फुलका कासमा बस।
मस्त भै बिउँदै जाऊ, मकरन्द-सुधारस ॥

श्यामा—यहाँ त, वगैंचाले सरकारको स्वागत गरे जस्तो लाग्यो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सबै—ठीक हो, यो महाराजको तर्जुमाबाट भयेको सरकारकै स्वागत हो (भनी प्रसन्नता प्रकट गर्छन् ।

श्यामा—सरकार ! अब उतापट्टिका कुञ्ज कुटीरहरू नजर हुन्छ कि ?

रानी—हुन्छ, जाऊँ (सबै हिंडछन्) ।

चंपा—(क्यै बढेर, हावले देखाउँदै) नजर होस् . त्यो व्यायाम कुञ्ज हो. त्यहाँ महाराज नित्य व्यायाम गरिबक्सिन्छ । (अर्कोतिर देखाई त्यो चाहीं विचारकुञ्ज हो. राजकाजको गहन विषयमा त्यहीं राज भयेर बूढा पाका मन्त्रीहरूसँग विचार-विमर्श गरिबक्सिन्छ । (अर्कोतिर देखाई) त्यसको नाम हो सङ्गीत कुञ्ज , जहाँ बसेर उच्चकोटीका सङ्गीतज्ञहरू महाराजलाई सङ्गीतको शिक्षा दिन्छन् ।

रानी—त्यो पोखरीका किनारको कवि कल्पना जस्ता नानाथरी फूलले घपक्क छोपेको के नि ?

चंपा—त्यै त, महाराजको सबभन्दा प्यारो काव्यकुञ्ज हो जसमा राज भयेर नानाथरी कविता लेखिबक्सिन्छ. सबारी भयेर नजर होस् त, ढोकैमा कविता टाँगिएका छन् ।

रानी—[खायसका साथ] गैहालौं [सबै जान्छन्]

रानी—[द्वारमा पुगी] चंपा ! साँचिनै यहाँ कविता पनि टाँगियेका रहेछन् [गाँडसँग आफु हेर्छिन् र भन्छिन्] चंपा ! तिमी ई कविता राम्रोसँग सुनाउ त ।

चंपा—स्वर त ठीक छैन, तै पनि विन्ति गर्छु ।

श्लोक

१

मधुकर मधुपानको भिखारी
कलि कलिला फुलका सबै निहारी ।
उहि कलिसँग गर्छ चाटुकार
मधुरस जो सँग देख्छ तंतयार ॥

२

कलि पनि हँसिली मुसुक्क हाँसी
भ्रमर युवासित भावतन्तु गाँसी ।
झुलि झुलिकन चाटुकार सुन्छे
सुनि सुनि केलिकला-विमुग्ध हुन्छे ॥

रानी—ओहो !! कति मीठो गम्भीर भावले भरियेको उच्चकोटीको कविता ।

बिम्बी—म त अर्थै बुझ्न शक्तिन ।

श्यामा—जवान भुमरो फकाउँछ, कुसुम कलि फकिएर मुग्ध हुन्छे । त्यति पनि बुझ्दिनौ त खाउली लाटी ।

निम्बी—घुमदा घुमदै थकाई लागिशक्यौ. तिमीलाई सँधै महाराजकै कविताको अर्थ लाउनु पर्छ. बरु चाँडो गयेर पीङ्को रमाइलो गर्न पाए थकाई मर्ने थियो ।

रानी—निम्बी ! खै पीङ् कहाँ छ र थकाई माछर्यौ ?

निम्बी—[देखाएर] ऊः नजर होस्न, त्यो बेलीका बारीको उतापट्टी विश्रामकुञ्जका सामुन्ने ।

रानी—[हेरी] ए ३ देखें, निफ पर रहेछ. लौ हिंड त्यतै जाऊँ । [सबै निस्कन्छन्]

चंपा—[पीङ्को नजीकमा पुगेर] सरकार पीङ्मा राजहोस्, हामी विस्तारै मचाउँछौं ।

रानी—नाइँ, मलाई डर लाग्छ. पैले तिमिहरू खेल. म हेर्छु ।

श्यामा—सरकार राज हुन भने, हाँमीले कसरी खेल्ने ।

रानी—हुन्छ, हुन्छ, पैले तिमिहरू खेल, अनि म खेलूँला ।

बिम्बी—त्यस्तो आज्ञा हुन्छ भने म पहिले खेल्छु [पीङ्मा बस्छे]

निम्बी—[पीङ्ले मचाउँदै भन्छे]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गीत

चह चह रे चह चह रे
सररर सररर पिङ लहरे ।
चह चह रे चह चह रे
भरिलो जोवन मादक मह रे ।
चह चह रे चह चह रे
गड गड गर्दछ मनको खहरे ।
चह चह रे चह चह रे
को सँग पोखूँ दिलको वह रे ।

रानी—बिम्बी ! अब तिमीओर्ल, म पनि बसूँ । (बिम्बी उठ्छे)
(रानी पीङ्मा बसेर) चंपा ! बिस्तारै मचाउ है ।
चम्पा—(उही गीत गाउँदै बिस्तारै मचाउँछे)
(अकस्मात् पछाडीतिरबाट राजाको प्रवेश)
राजा—(जोड्सित मचाउँदै)

गाना

फुलका माला फुलकै बाजू, फुलकै बाला नारीमा ।
रानि चरीको चह चह चर्को शिप्रातटको फुलवारीमा ॥
हररर हररर शीतल हावा लुटुपुटु गर्दछ सारीमा ।
फरफर गर्दै पुग्यो पछयौरा बेली फुलको क्यारीमा ॥

रानी—(आत्तियेर) चम्पा ! चम्पा !! के गरेकी ?
चम्पा—सरकार ! मैले हो र ?
रानी—(राजातिर आँखातरी आत्तियेको स्वरमा) महाराज ! महाराज !! मलाई ज्यादै कहाली लाग्यो, लौननी ३ के भयो ! कलेजा मुट्ठ सबै काम्न लाग्यो ।

राजा—किन आत्तियेकी ?, लौ आऊ, म उतारी दिन्छु (यति भनी बाँहा पक्री उतार्दछन्)
रानी—(काँपेको स्वरमा) ओहो !! कस्तो डर लागेको ! अब त यो मोरो पीङ्मा कैल्यै चढ्ने छैन । चम्पा ! ल्वै त्यो मेरो पछयौरा ल्याऊ ।
चम्पा—(हत्तर पत्त पछयौरा ल्याइदिन्छिन्)
राजा—(रानीको निधारमा चिटचिटे पसिना हेरी) ओहो !! महारानी ! तिमीलाई साह्रै नै अत्याहट लागेछ. राम्रोसँग बस, म हन्कीदिन्छु (कमलको पातले हंकन्छन्)
रानी—(लामो सास लियेर) ओहो !! यस्तो कैल्यै भयेको थियेन (राजाले पङ्खा लियेको हात रोकी) भो, सवारी होस् जाऊँ ।
राजा—बगैंचा सबै हेरीशक्यौ ?
रानी—बाँकी भोली पर्सी हेर्दै गर्लँला । के तस्वीर तयार भये छ ? नजर भो ?
राजा—मैले हेरें, तयार भयेको छ. चित्रकारलाई भनेको छु, यो तस्वीर चाँडै दरबारमा दाखिल गराऊ ।
रानी—बुबाको दरबारबाट पुऱ्याउन आयेका खजांची, मुन्तीहरूलाई पनि चाँडै बिदा दिन्छु भन्ने आज्ञा भयेको होइन ?
राजा—हो, त्यै तस्वीर तयार न भयेर पखायिको हूँ. भोली नै त्यो तैलचित्र र संझनाका उपहारहरूको साथ बिदा गर्छु ।
रानी—तस्वीर हजुरले त नजर भो. मैले देखेकी छैन. दरबारैमा हेरूँला ।
राजा—हुन्छ, जाऊँ. तिमी तस्वीर हेरौली, म बिदाइको आयोजना मिलाउँला । (यति भनी सबै निस्कन्छन्)

इति प्रथमः अङ्कः ॥

—: * :—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अङ्क दोस्रा, पर्दा पैला.

स्थान-राजदरवार

(सिंहासनमा राजसी ठाँटमा राजा भर्तृहरि र यथायोग्य भेषमा मन्त्री, काजी, सेनापति, खजाञ्ची इत्यादि)

(नेपथ्यमा)

(दुई वैतालिकको स्तुतिगान)

पहिला— श्लोक

१

शीतल उज्ज्वल सोह्रकलाले शान्ति-सुधा रस वृष्टि गरी ।
जीवन-कैरव ढकमक पारी दुनियाँभरको ताप हरी ॥
उदयाऽचलमा उदित शरद्को पूर्ण रसीलो चन्द्र सुरी ।
सिंहाऽऽसनमा राजभयेको जय जय राजा भर्तृहरि ॥

दोस्रा— २

हर्नाखातिर धरणीतलका कुना कुनामा तमका लहरी ।
सत्यधर्मका न्यायनीतिका कोमल रागी किरण छरी ॥
उदय-शिखरका उपर चढेको वसन्त ऋतुको भानु सरी ।
जागृति-युगको हेतु उज्यालो जय जय राजा भर्तृहरि ॥

राजा—(त्यो सुनेर सिंहाऽऽसनबाट उठ्दै) यो यौटा दैवी उद्बोधन हो । (आकाशतिर हेर्दै) अहा !! प्रकृतिको नियम अकाट्य छ. चन्द्र सूर्य लगायत ठूला साना सबैमा त्यो समान भावले लागू छ.

RC 9850

त्यसैले ती चन्द्र सूर्य दुवै लगातार कुना काप्चा सबैतिरको अन्धकार हर्दै र सबैको जीवनमा विकासको ज्योति भर्दै विश्वको परिभ्रमण गरीरहेकाछन्, तिनका निंती विश्राम भन्ने कुराको नामै छैन, तिनको त्यो परिभ्रमण नहुँदो हो ता सृष्टिको रूपरेखा अर्कै हुन्थ्यो, ज्यादा जसो विश्वमा अन्धकारको साम्राज्य बन्थ्यो । तर प्रकृतिको नियमले त्यो कुरा मान्दैन, तिनले सदा विश्व भ्रमण गर्नैपर्छ, अन्धकारको चुरीफुरी हर्नै पर्छ ।

श्लोक

१

सुनौला रूपौला छवि-जलप चारैतिर घसी ।
सदा पालैपालो सित भुवन घुंछन् रवि शशी ॥
जगत्-रक्षाकारी भ्रमण तिनको मङ्गलमय ।
सबै संझी मेरो पुलकित भयो आज हृदय ॥

(क्यै अडदै टहल्दै) तिनी ठूला घौता हुन्, तिनका जिम्वामा विश्वमण्डलको प्रकाशन छ. म सामान्य मानव हूँ मेरा जिम्मा यो साम्राज्यको अनुशासन छ । तिनले झैं मैले पनि साम्राज्यको सबै भागमा परिभ्रमण गर्दै दुनियाँबाट अविद्याको अन्धकार हटाउनू र उनमा विकासको आलोक जुटाउनू आवश्यक छ । मैले खाली भानुमतीको सौन्दर्य-सागरमा डुबेर समय विताउनू सर्वथा अनुचित छ. ऐलेको यो प्रकृतिको प्रेरणाले यै कुरा भन्छ ।

मन्त्री—सरकार ! मेरो विचारमा दुवै कुरा क्रमशः भई नै रहेको छ ।

राज—कसरी ?

मन्त्री—तत् तत् प्रान्तको तत् तत् काममा नियुक्त गरिवक्सेका कर्मचारीहरू भरशक आज्ञा-वमोजिमको काम गर्दै पनि छन्, गर्ने पनि छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजा—यो कुरा म पनि स्वीकार गर्दछु। परन्तु तारा जतितुकै टिंटिमाये पनि दुनियाँलाई त्यो आलोक दिन शक्तैनन्. जुन आलोक पूर्णचन्द्रमाले अथवा सूर्यले दिन शक्लान्।

मन्त्री—सरकारका कर्मचारी पनि सूर्यका किरण जस्तै हुन्।

राजा—तर मलाई दुनियाँका जीवनको वास्तविक चित्र आफ्नै दृष्टिले हेरेर हृदयमा अङ्कित गर्ने इच्छा छ। कुराको मर्म बुझ्यौ ?

मन्त्री—सरकार ! बुझेको छु, तर त्यसका निमित्त परिभ्रमणको कष्ट उठाउने दरकार म देख्दिन।

राजा—त्यसै कसरी अङ्कित होला त ?

मन्त्री—सरकार स्वयं चतुर चित्रकार जस्तो होइवक्सिन्छ. प्रत्येक प्रान्तहरूबाट आयेका आवेदनहरू नजरकै अगाडी खडा छन्. हामीहरू पनि आफ्ना बुद्धिले भेटेसम्म देखे सुनेका कुरा चित्रि गर्दैछौं। के त्यसबाट प्रजाको वास्तविक चित्र सरकारको दृष्टिमा अङ्कित भयेको छैन र ?

राजा—भयेको छ, तर खाली कानको भरमा।

मन्त्री—सरकारका उक्तिको मर्म राम्रो बुझिन।

राजा—म कानलाई भन्दा आँखालाई मान्यता दिन्छु, आँखा पनि धर्मरायो भने अन्तरात्माको राय लिन्छु।

मन्त्री—कर्मचारीहरू पनि सरकारका आँखा हुन्. तिनले पनि आँखाकै भरमा काम गरेका छन्।

राजा—म त्यो कुरा हैन भन्दिन, हो. तर धेरैजसो कर्मचारीको आँखामा स्वार्थका चिप्राको थुप्रो लाग्न पनि कुनै आश्चर्यको कुरा छैन। त्यसैले म आफ्नै आँखाले खूब गडेर दुनियाँको परिस्थिति हेर्न चाहन्छु. खाली कानको भरमा बस्न मेरो मनले मान्दैन।

सेनापति—सरकारको यो आज्ञा हामीले पनि शिरोधार्य र विचारणीय छ किनभने—

श्लोक

१

टाढाबाट सुसाउँदै जुन नदी सन्देशको आउँछ।
हल्लाको उसले अनेक नहुँदो मैला पनि ल्याउँछ ॥
त्यो मैला सब अन्त्यमा जहरिलो कानेगुजी भैकन।
कानै ब्याम्म बुजी बनाइ बहिरो चर्कन्छ रातोदिन ॥

मन्त्री—त्यो त्यस्तै हो. टाढाको कुरा मात्रै किन ? बाठा मानिसले नगीचैमा बसेर पनि नजरमा कपूर जस्तो शीतल छारो हाल्न र कानमा मह जस्तो गुलीयो जहर भर्न शक्छन्. बस कुराको दृष्टान्त धेरै ठाममा देखिन्छ, तर विशेष गरेर राजा दुर्योधनका साथमा रहने कर्ण र शकुनि इतिहासमा ज्यादा प्रसिद्ध छन्। तिनले पैले देखी दुर्योधनको नजरमा कपूर जस्तो शीतल छारो न हालेको भये र कानमा गुलीयो चापलूसीको मह नभरेको भये सत्यवादी विदुरले त्यो राजसभा किन त्याग्नुपर्थ्यो, श्रीकृष्ण जस्तो महापुरुषले कुरुकुलको संहारमा किन लाग्नुपर्थ्यो ?

राजा—(केही हाँसेर) बुझी फिरी कुरो एकै ठाउँमा आयो। मेरा मनमा पनि यै कुरा खेली रहेको छ. सिपालु मानिसको चालबाजी आँखामा चिप्रा र कानमा कानेगुजी भयेर बस्न न पाओस्। त्यसैले मैले अघी नै भनीकै कानलाई भन्दा आँखालाई मान्यता दिन्छु. आँखा पनि धर्मरायो भने अन्तरात्माको राय लिन्छु।

काजी—अहो !! महाराजको उक्तिले कति राम्रो कर्तव्य पथको आदर्श औंल्यायेको छ. विशेष गरेर राजाको निर्मल कीर्ति—गङ्गालाई भित्र भित्रै धमिल्याउन खोज्ने बहुरङ्गी भागुवाको संसारमा कमी छैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सेनापति— श्लोक

१

वन्दै वाह्य विकार माथि विजयी, अन्तर्विकार-व्यथा ।
गर्दै शान्त सतर्क भै हरघडी राखेर एकाग्रता ॥
योगाभ्यास-विलग्न योगिजन झैं राज्यक्रिया-तत्पर ।
राजाले जुन भोग्दछन् कठिनता त्यो संझने को छ र ॥

मन्त्री—यो पनि सत्य छ. मामूली गाईका रखवारले त हरघडी चनाखा भयेर वस्तु पर्छ भने, कडोरौं प्रजाका रखवारीको भार लियेका राजाको के कुरा ? म त संझन्छु सपनामा पनि राजालाई निश्चिन्ततालै मेटन गाह्रो छ ।

सेनापति—यो कुरा स्वयं महाराजको अनुभवमा चढेको छ ।

मन्त्री—हो, म पनि महाराजको प्रजा-वत्सलता संझन्छु. परन्तु यो विशाल कार्यभारको साथै दूर-दूर सम्म परिभ्रमण गर्दा ज्यादा तकलीफ होला कि भन्ने मेरो विचार हो. यसमा सरकारको जो तजवीज ।

राजा—प्रजाको सुखशान्ति-साधनमा आइपर्ने तकलीफलाई त मैले तपस्या संझनुपर्छ, जसका निंति यो गजसिंहाऽऽसन स्वीकार गरेकोछु । अझ मेरो मनमा त यस्तो लागेको छ—

श्लोक

१

मेरा लोचनमा सदा घुमिरहून् रैती रमाईकन ।
रैतीको मन होस् मलाई सजिलो सौवर्ण सिंहाऽऽसन ॥
त्यस्माथी अभिषेक भक्तिजलको पाउँ तिनैको सदा ।
जस्ले बढ्छ अनन्त शान्ति-सुख वा साम्राज्यको संपदा ॥

काजी—अहा ! ! यो त मुनका खम्बामा हीराका पानीले लेखेर जुग-

जुगान्तर सम्म राजधानी बीचमा राख्ने कुरा आज्ञा भो । कुनै नीतिकारले भनेका पनि छन्—

भ्रमन् संपूज्यते राजा भ्रमन् संपूज्यते द्विजः,

देशमा परिभ्रमण गर्नाले राजाको यश, मान, प्रतिष्ठा, सबै कुरा बढ्दछ ।

चतुर्भुज—(टठ्मराएर) काजी ! 'भ्रमन् संपूज्यते राजा' यो एक पाउको अर्थ त विन्ति गर्नु भयो. तर 'भ्रमन् संपूज्यते द्विजः' को अर्थ किन विन्ति गर्नु भयेन ? के मलाई सवारीसित जान नशक्ने ठान्नु भो ?

काजी—(हाँसेर) तपाँई त छाया जस्तै सदा महाराजको साथै हुनुहुन्छ ।

चतुर्भुज—(जुँगामा ताउ दिंदै) महाराज ! काजीले सरकारको सवारी साथै मलाई पनि घट्ट घुमाये झैं फनफनी घुमाउने र मेरो पनि यश, मान, प्रतिष्ठा बढाउने वचन निकाल्नुभो, यो खुसियालीको खबर श्रीमती गृहलक्ष्मीलाई निवेदन गर्न गै हालूँ कि ?

सेनापति—के आजै श्रीमती सँग विदा विन्ति गर्ने ?

विदूषक—(अलि हाँसेर) तपाईं यसको मर्म बुझ्नु हुन्न, माननीया गृहलक्ष्मीसित उत्तिखेरै विदा मागेर पायिन्छ र ?

श्लोक

१

विदा विन्ति गर्दा पुगी उत्तिखेरै ।
झमेला निकाल्छिन् रिसायेर घेरै ।
लगाई सबै वेलि-विस्तार पैले ।
सवारी-विदा मागनै-पर्छ मैले ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यो गरिन भने त, उनले मलाई ऐन मौकामा पाता फकयिर कस्छिन्. मेरो सवारी नै रोकिन्छ, अनि बरबाद भयेन ?

सेनापति—तपाईं न गै रहनु-होला, के को बरबाद !!

विदूषक—(हाँसेर) एकलो बृहस्पति शुद्धा हुन्छ, महाराज ! म गै हालें (निस्कन्छन्)

राजा—मन्त्री ! मलाई एक फेर क्रमशः साम्राज्यका प्रत्येक प्रान्तको परिभ्रमण गर्ने इच्छा लागेको छ. जो चाहिने बन्दोबस्त मिलाउँदै गर ।

(यति भन्दै राजा निस्कन्छन्, मन्त्रीहरू पछिलाग्छन्)

(पर्दागिर्छ)

अङ्क दोस्रा, पर्दा दोस्रा.

स्थान—झुप्रे गाउँहरूको बीचमा बर पीपलको चौतारी अघिल्तिरको बाटो (फूलमाला, सुन्तला, केरा, बयर, चाक्सीहरू लिएका गाउँले बुधन, जोखू, बिहारी, सियाराम, गनपत, चौधरी, लखन इत्यादिको प्रवेश)

गाउँलेहरू—

गाना

नगरी अलका फिर उज्जयिनी
उज्वल दुइटी दीदी बहिनी ।
उज्जयिनीको हाम्रो राजा
सबको प्यारो सबको साजा ॥

गाँमै पिच्छे घुमदै बुझदै
दुःखी रैतीहरूको चाला ।
हाम्रो नगिचै आये राजा
स्वागत खातिर फुलका माला ॥

(माला देखाउँछन्)

निर्धा निमुखा सुत्ने झाम्रे
सब दुनियाँको हित गर्छन् रे ।
कठिन अँध्यारो जीवन-पथमा
मधुर उषाको छवि छर्छन् रे ॥
धुरी धुरीमा जागृति-जुगको
झुल्का झुल्कन आयो रे ॥
लावा रोरी फूल अबीरको
वर्षा नभमा छायो रे ॥
नजराना छन् सब सुन्तोला
अम्बा केरा चाक्सी ताजा ।
थाकेका छन् कहिले घोडा
कहिले पैदल चल्दा राजा ॥

चौधरी—(चारैतिर हेर्दै) हेर है, आज हाम्रो भान्छले गर्दा सारा साम्राज्यको निरीक्षण गर्ने इच्छा लियेर महाराजको सवारी हुँदैछ । सबै जना चुप लागेर खड़ा होऊ । गोलमाल गऱ्यौ भने, जसले गोलमाल गर्छ, उसलाई म पछी कटाई-दिने छु. जनाना जति लत्ता पट्टी लाम लागेर बस. यो बुधन र सीयाराम किन लत्तो फाटेको झुत्रे धोती, कमीज लाएर आएकोछ ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सीयाराम—आफूसित जस्तो थियो उस्तो लायौं, हामीले के विरायौं ?

बुधन—त्यै त, धनीका पनि राजा, गरीबका पनि राजा 'राजा सबैका राजा' भन्ने त उखान छ ।

विहारी—विरायौ भनेको होइन, तर राजा घिनाये भने के गर्ने नि ?

बुधन—अँः जुन राजा छुत्रे, झाम्रे, नाङ्गा, भोका, दुनियाँको रहन सहन हेर्नाको निमित्त गाँऊ गाँऊमा घुंछन्. उस्तो राजाले हामीदेखी घिनाउने र रिसाउने त कुरै छैन ।

जोखू—हो, सूर्यको किरण जहाँ पनि समान भावले पर्दछन्. राम्रो नराम्रो भन्दैनन् ।

चौधरी—(केही सुनेर) ऊः जय जयकारको शब्द आइशक्यो है. लौ, लौ, सबै जना मिलेर बस । खबरदार !!! गोलमाल गऱ्यौ भने राजा हेर्न पाउने छैनौ, म तुरुन्तै हटाई दिनेछु (त्यैमाफिक सबै उभिन्छन्)

सीयाराम—राजा एक्लै त आँउदैनन् होला, त्यत्रो लावा-लस्करको बीचमा राजा इनै हुन् भनेर कसरी चिह्ने र फूलमाला टक्याउने हँ ?

चौधरी—खाउला लाटा हो !! सूर्य जस्तो राजा अघी हुन्छन्, वत्ती जस्ता भाई भारदारहरू पछि हुन्छन्, त्यत्ति पनि जानेकाछैनौ ?

सीयाराम—हो है, त्यो त सैले भुलेछु ।

लखन—हैन, हामीले चढाएको सबै कोसेली राजाले नै ज्यूनार गर्छन् त ?

गनपत—चौतालाई चढायेको नैवेद्य उनले खाउन् वा नखाउन्, सबैलाई पर्सादी त हुन्छ कि ? भक्तिले टक्याउनू सम्म हाम्रो धर्म हो. त्यस पछि राजाको इच्छा ।

जोखू—त्यसै हो ।

विहारी—राजा आये पछि हामीले पैले के कसो गर्ने हो, त्यो सबै मतो मिलाउनु पर्‍यो ।

चौधरी—त्यो त म बताउँछु, सुन. सर्वप्रथम राजाऽऽधिराजकी जय !! भन्दै फूल मालाहरू चढायेर नमस्कार गर्नु. त्यति भये पछि राजा चौतारीमा राज हुन्छ, अनी म हिजो लेखेको कागत मेरै हातले टक्याइहाल्छु । तिमीहरूले आफू आफूले ल्यायेको उखू, सुन्तोला, अम्बा, चाक्सी, बयर, सकरकन्द, सत्तू, सेल इत्यादिका ढकी र दूध दहीका हण्डीस्मेत अघी सार्नू. हजूरियाहरूले त्यो सबै एक एक चीजबीज चौतारीमा पुऱ्याउँछन् र राजालाई नजर गराउँछन्, अनि हाम्रा भाग्यमा जसो होला (यस्तैमा स्पष्ट जय जयकार सुनिन्छ. सबै टट्मराउँछन्. सपरिवार राजा भर्तृहरि टाढा देखिन्छन्)

भर्तृहरि—(टाढावाट हतारिंदै आउन लागेका प्रजाका भीडको खलवली सुनेर) त्यो केको खैला बैला हँ ?

अभिसर—सरकार ! भक्तिले भिजेका दुनियाँको ! नजरहोस्.

श्लोक

१

राजा देख्ने अवसर मिल्यो भाग्यले आज भन्दै ।
भक्ति-श्रद्धा-सहित खुसिका आँशुको हार उन्दै ॥
कोसेली त्यो जुन जति जुट्यो हातहातै लियेर ।
रैती आये नगिच नगिचै हुर्तुरायेर घेर ॥

२

देख्दा पूर्ण सुधांशु सिन्धुलहरी उर्ले समानै गरी ।
स्निग्ध, श्याम पयोद दृष्टिपथमा पर्दा मयूरै सरी ॥
मिल्नाले प्रभुको शुभाऽगमन यो प्यारा प्रजा दङ्ग भै ।
हर्षोल्लास लियेर लागि धुइरो जम्मा हुँदैछन् सबै ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भर्तृहरि—ए संझे (क्यै अबी बढ्छन्) हरे ! ! ई मेरा दुनिगाँ !!! म इनको राजा ! ! कहाँ त्यो उज्जयिनी ! कहाँ इनको यो ग्रुप्रे-ग्राम !! आकाश पातालको अन्तर छ. इनको यो अवस्था देख्दा बहुत छाति पग्लन्छ. कठै ! ! मेरो स्वागतमा वेष भूषा मिलाबेर आयेका भलाद्मीहरूको त त्यो गति छ भने अरुको कुन गति होला ? केहीबेर वरैवाट तिनका कुरा सुनूँ । (रुखको ढेल-पारी उनिन्छन्)

गनपत—चौधरीजी ! तपाईंले त्यो विन्तिपत्रमा के के लेख्नु भयेको छ ?

चौधरी—हिजो रातीको सल्लाह बमोजिम हामीलाई चाहिने जति सबै कुरा लेखेको छु ।

सीयाराम—गरीबलाई अक्कर परेको वेलामा पाँच दियेर पचासको कागत बनाउने र छ छ महिनामा सवाई व्याज थपी थपी एक दुइ वर्षमा नै गरीबको सर्वस्व हत्याउने ग्रामकण्टकहरूलाई तजीपाऊँ भन्ने लेख्नु भयो कि भयेन ?

चौधरी—लेखेको छु ।

बिहारी—कस कसका नाम लेख्नुभयो, भन्नोस् त ?

चौधरी—जसवन्तसीं, हनुमन्तसीङ्, लखन, हरिदास, रामजन, किसनलाल ई सबैका नाम लेखेको छु ।

बिहारी—नाबापरी छुट्टा फरेबी मुद्दा खडा गरेर पचाशौं दुःखीहरू बास उठा गर्ने पनि तिनै त हुन्नि ।

चौधरी—तर, कसैसित न भन्नू , तिनले थाह पाये भने मेरो पनि बास उठाउँछन् ।

बिहारी—त्यो त पक्का । भ्रष्टाचारले भरियेका हाकीं कारिन्दाहरूले हाम्रो उजूर सुन्लान् भन्ने आशा छैन. जो भयेको आफ्नू दर्द ऐले नै राजाको पाउमा पोख्नुपर्छ ।

सीयाराम—त्यसै हो, या त सुखशान्तिसित आफ्ना पाखुरा बजायेर यै साम्राज्यमा बसौंला, या त सीमा पार गरेर अन्तै बसाईं सरूँला ।

राजा—[त्यो सुनी मनमा]

श्लोक

१

जरामा नै लाग्दा अति जहरीला शोषक किरा ।
त्यसै बैलायेका कुसुमकली जस्तै अधमरा ॥
सिधा सादा रैती नशकी धरमा टिक रहन ।
रहेछन् आयेका म सित मनको दर्द कहन ॥

त्यस्तै २

न जान्ने निर्धाको रगत पसिना चुस्न चतुरा ।
कुरा गर्दा चिप्ला तर बगलिमा केलल छुरा ॥
लियेका ठालूको अगम गलहत्ती बिच परी ।
विदेशिन्छौं भन्छन् लिइ फगत आँशू गह भरी ॥

कठै !! कत्रो विकट अवस्था !!! दुनिगाँलाई शिर उठाउनै नदिने त्यस्ता त्यस्ता समाजद्रोही पिशाचहरूका दुष्कर्म कति छन् कति ? कस्ले जान्ने ? मैले भित्री बाहिरी दुवैथरी दुष्कर्मवाट इनलाई बचाउने र क्रमशः उठाउने चेष्टा गरिन भने दिन परदिन इनी पनि गिर्दै जान्छन् . मेरो कीर्ति-पताका पनि गिर्दैजान्छ. म ई सबैको राजा, ई सबै मेरा प्रजा । दुवैको सम्बन्ध बडो घनिष्ट छ. वास्तवमा स्वर्णसिंहासन को अस्तित्व नै इनैको प्रतिपालनमा, इनैको श्रद्धामा, इनैको पसिनामा निर्भर गर्दछ, खाली ढुङ्गा माटाको भरमा छैन [यति भन्दै राजा अबी बढ्छन्, गाँउलेहरू जयघोषका साथै फूल माला चढाई नमस्कार गर्छन् र चीजबीजहरू अबी साट्छन्]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजा—(मनमनै) अहा !! ई सबै मलाई देख्दा अत्यन्त खुसी भयेका छन्. यो कुरा उल्लासले भरियेको अनुहारबाट छर्लङ्ग देखिन्छ. इनको मेरा उपर जति श्रद्धा छ, उति भक्ति छ. जति भक्ति छ, उत्ति आशा छ. जत्ति आशा छ, उत्ति भरोसा र विश्वास पनि छ। इनले मेरा निंति ल्यायेका प्रत्येक चीजहरू भक्ति रसले भिजेका र गङ्गाजल जस्तै परम पवित्र छन्. अघी द्वापर जुगमा सुदामाले श्रीकृष्णलाई चढाउन लगेका च्यूराका कनिका पनि यस्तै पवित्र हुँदा होलान् त्यसैले त भगवान् श्रीकृष्णले पनि आँखा चिम्लेर त्यस्को फाँको मानु भयो होला !! अहा !! मेरो मनले राज-दरबारको नानाथरी कृत्रिम खाना भन्दा यो इनको उपहार लाखगुना उत्तम र मीठो जस्तो ठान्छ (प्रकाश गरी) प्यारा प्रजावर्ग ! म तिम्रो, तिमी मेरा. तिमीले ल्याएको यो प्रत्येक उपहार म आदरपूर्वक स्वीकार गर्छु।

चौधरी—(अघी सरेर) सरकारको जय होस्. प्रभु ! हामीलाई मर्म परेको कुरा यत्ति हो, जो कागजमा लेखियेको छ. लेखिये बमोजिम निगाह भयो भने बाँकी कुरा हाम्रो पाखुराको र भाग्यको भरमा छ. भगवान्ले सरकारको कल्याण गरुन्।

राजा—म सबै कुरा बुझेर तिमीहरूको मर्म हटाउने यत्न गर्ने छु। सबै जना आफ आफ्ना काममा जाऊ। म पनि अर्को गाम तर्फ जान्छु (यति भनी सपरिवार राजा निस्कन्छन्)

सीयाराम—चौधरीजी ! राजा त धौता जस्ता राम्रा र बाबू जस्ता दयालु पो रहेछन्।

लखन—ठीक भन्यौ, अब हाम्रो भाग्य फर्क्यो।

विहारी—ती पाँच सातोटा कण्टकहरू सजिये भने त गानै स्वर्ग बन्छ।

चौधरी—धन्य दयालु राजा !! बोली नै अमृत जस्तो मीठो रहेछ. जाऊँ, बाटोमा पनि जय जयकार गर्दै जाऊँ।

(धर्ममूर्ति राजाऽधिराजको जये !! भन्दै निस्कन्छन्)

(पर्दा गिर्छ)

—:०:—

अङ्क दोस्रा, पर्दा तेस्रा.

(लट्ठी टेकेका बूढा चोपदार बेञ्चमा बस्तै भन्छन्)

चोपदार—

श्लोक

१

ठूला साना हरकिसिमका गाँम बस्ती तमाम।
घुंदै गर्दै क्रमसित सबै चाहिंदो इन्तजाम॥
राजा आये बहुत दिनमा, राजधानी रमायो।
लावा, रोरी, फुलको वृष्टि सर्वत्र छायो॥

अहा !! हाम्रो राजा हिमाल जस्तो धीर छन्, सागर जस्तो गम्भीर छन्. न कसैले उनलाई डगाउन शक्छ, न कसैले उनका गहराइको पत्ता पाउन शक्छ. उनको विचार बलियो छ, भित्री नजर ज्यादा तीखो छ. उनी आफ्नू भित्री विवेक-दृष्टिले जो देख्छन्, सोही गर्छन्। उनको पहिले देखिनै दुनियाँको कल्याण-का निमित्त सम्राज्यको परिभ्रमण गर्ने इच्छा थियो; आखिर त्यो पुऱ्याई-छोडे। न ता महारानीको प्रेम-बन्धनले अल्झाउन शक्यो,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नं ता मन्त्रीहरूको विन्ति-भाउले। अब त एक प्रकारले उनको अभिलाषा पूरा हुँदै-आयो, यसैले आज दुनियाँ उनलाई बौता-तुल्य मात्र लागेको छ। जाऊँ, दरबारमा आयेको मौकामा म पनि दर्शन गरिहाउँ (अघीतिर हेर्छन्)।

(यस्तैमा राजाको प्रवेश)

चोपदार—(नमस्कार गरी) जय होस् महाराज !

राजा—एक्लै के गुन गुनाई-रहेका थियौ बूढा ता ?

चोपदार—राजा ! खाली वसि-वियाँलो गरेको।

राजा—मलाई तिमी जस्ता बूढा पाका मानिसको कुरा सुन्न बहुतै मन लाग्छ।

चोपदार—इच्छा भयेमा आज्ञा होला, हाजिरै छु. सरकारको ढोकामा जनम बित्यो, अब कति दिन रहूँला र ? सबै निरवाट हजूरको बढीबढाऊ भयेको सुनेर मर्न पाये मलाई पुगीहाल्यो।

राजा—म मौका मिलेमा तिमिलाई बोलाउँला, आये है।

चोपदार—ढोकैमा छु, आज्ञा भये जुन बेला पनि हाजिर हुन्छु।

राजा—पहिले अघो गुन गुनायेको कुरा त सुनूं ; मैले सुनेकोछु, तिमी कैले काहीं शिलोक पनि भन्छौ रे।

चोपदार—(मनमा) लन्देरी राजा, सोधिहाले. के भनूं ? बोल्दा के कसो पर्छ, डर पनि लाग्छ. तर राजाले सोधेको कुरा नभनो सुख पनि छैन, भन्नै पर्यो। (प्रकाश) राजा ! रिसानी माफ होस् है त ?

राजा—यस्ता काँश झैं कुरेका पितृतुल्य बूढालेत मैले रिसाउनु होला र ? जो जानेको भनन।

चोपदार—राजा ! म भन्दै-जान्छु, हजूर अर्थ विचार गरिवक्सेला. मैले ता शिलोक मात्र सोकेको हूँ, अर्थ जान्दिन।

राजा—हुन्छ, हुन्छ।

चोपदार—

श्लोक

१

पृथिवी सब कामधेनु रे
पृथिवीको पति खास गोप रे।
धन, सम्पति दूध हो अरे
दुहुने काम बडो मिहीं छ रे॥

२

भरिशक्य सबै प्रजाकन
पृथिवी-धेनु दुहेर ल्याउन।
नृप-गोप शिकाउँदै गरोस्
सबमा जाँगरिलो-पना भरोस्॥

३

दिन रात मिलेमतो गरी
सबले धेनु रल्याइ बेसरी।
न दुहे सब दूध लुक्छ रे
कलचौंडो निमिटयान्न चुक्छ रे॥

४

पृथिवी दुहुने कला सब
जनताले जब संझला तब।
मुलुकै भर दूध बग्छ रे
पिउनालाइ यथेच्छ पुग्छ रे॥

५

पृथिवी न त थाक जान्दछिन्
दुहुँदा खेरि झिजो न मान्दछिन्।
जति जोड गरी दुह्यो उती
बढि दिन्छिन् अझ दूध सम्पति॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजा—शिलोक त राम्रा रहेछन् ।

चोपदार—बाल्यकालमा पिताजीले घोकायेका यस्ता शिलोक अरू पनि थिये तर विर्सिशकें. हजूरका पेटमा यस्ता शिलोक लाखौं होलान्, मैंटे के गुनगुनाउँनू, खाली आज्ञा पालन गरेको मात्रै हो ।

राजा—(हाँसेर) म तिम्रै गुनगुन बमोजिम् गर्दै-छु. त्यसैले ज्यादा जसो दरबारमा भन्दा बाहिरै घुमेको हुन्छु, बुझ्यौ ?

चोपदार—यै दरबारमा अर्सी वर्ष बिताइशकें, बेरै न भये पनि अलि अलि बुझदै हु ।

राजा—अरु एक दुइ-गोटा शिलोक पनि आउँछन् कि ? आउने भये गुनगुनाउन ।

चोपदार—(कन्चिरी कन्याउँदै घोरियेर) सरकार ! एक दुइ शिलोक बल्ल तल्ल संझें ।

राजा—बेस भो, लौ भन ।

चोपदार—अर्थ आफैं विचार गरीबक्सेलानि, म त पटकै जान्दिन ।

राजा—हुन्छ ।

चोपदार—

श्लोक

१

राजा एक विशाल वृक्षवर हो, उस्को छहारी मनी ।
पुग्छन् मानव देव, दानव, सबै मौका मिले जो पनि ॥
बीच, मानिस आउँदा हृदयमा आलोक उलन्छ रे ।
दोषी दानवका दुरागमनले मालिन्य सुम्पन्छ रे ॥

२

त्यै छाया-परिपूर्ण वृक्षवरमा पक्षी हजारौं थरी ।
घुम्मिन्छन्, गुण गाउँछन् श्रवणमा पीयूष-वर्षा गरी ॥

यो राम्रै छ, परन्तु कण्टकलता उस्मा चढी ध्याङ्गिन-
पाये केहि गरी भने दिनदिनै टाक्सिन्छ रे जीवन ॥

राजा—यो शिलोक पनि तिमिलाई तिम्रा पिताले घोकायेको हो ?

चोपदार—हो, सरकार !

राजा—यस्ता शिलोक अरु पनि आउँछन् भने संझदै गर है. म लेखायेर राख्छु ।

(यस्तैमा पुलीस अफिसरको प्रवेश)

अफिसर—(झुकेर) महाराजको जय ।

राजा—के भन्न आयौ ?

अफिसर—सरकार ! आज विहानै देखी शिप्रातटको मशान-घाटमा सती-दाहको आयोजना हुन लागेकोले लाखौं नरनारीको भीड लागेको छ. त्यै कुरा जाहेर गरूँ भनेर उपस्थित भयेको हूँ, जो आज्ञा ।

राजा—के सती-दाह भै शक्यो ?

अफिसर—हुनलाई तयार छ ।

राजा—तिमी जाऊ, म पनि सतीको दर्शन गर्न आउँछु ।

(अफिसर जान्छ, राजा पनि संभ्रमका साथ हिड्छन्)

(पर्दा गिर्छ)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अङ्क दोस्रा, पर्दा चौथा.

स्थान—विहार बाटिका, समय सन्ध्या

(यथोचित भेषमा सहेलीहरू सहित महारानी भानुमतीको प्रवेश)

रानी—(टहल्दै) आहा !!

गाना

अघी प्रेमको रोशनीमा म भन्थें
महाराज मेरो, महाराजकी म ।
कला चन्द्रमाको घटेकी निशा झैं
धमीली हुँदैछू हिजो-आजकी म ॥
सुधाले भिजेका रसीला हँसीला
विचैमा विलाये सबै रश्मि-रेखा ।
जता दृष्टि दिन्छू उतै आज काली
घटा झैं निराशा परेकी छ देखा ॥

(सहेलीतिर हेरी) चम्पा ! हिजो आजको ऋतुको नाम के अरे ? वसन्त होइन ?

चम्पा—हो ।

रानी—त्यसैले त सारा लता वृक्षहरू फूल, पाछुवाको रूपमा जवानीको वहार देखाउन लागेका छन् । तिथि पनि आज पूर्णिमा हो क्यार हैन ?

चम्पा—हो ।

रानी—सूर्य त अस्तायेकि ?

चुन्नी—त्यसको सूचना त अघी नै खुंचियेका कमलिनीले दिइसके । के त्यो पोखरीमा नजर भयेन ?

रानी—देखें, तर चन्द्रमा त उदायेका छैनन् हो कि ?

चुन्नी—उदायेका त होलान्, किन्तु देखियेका छैनन् ।

निन्वी—(आकाशको कुनामा औंलाले देखाई) ऊः उनको निर्गमद्वार-मा नै काली घन-घटा ढसमस्स भयेर बसेकी छ, त्यसैको आडमा छिपेका होलान् ।

रानी—कठै !! चन्द्रिका-चुम्बनमा चंचमायेर चुचो ठड्यायेकी चकोरी चरीको मनमा कति न रमाइलो लागेको होला, हो कि ?

निन्वि—तर त्यो घटा कति बेरकी ? हवाको सानू लहर आउनासाथ विपत्ता हुन्छे ।

चुन्नी—अनि त चन्द्रमाले मुख देखाउन करै लाग्छ, चकोरीको भाग्य-रेखा राम्रै-सित जाग्छ ।

चम्पा—(देखायेर) ऊः नजरहोस्, नजरहोस्. घनघटा हटिहाली. अहा !! कति राम्रो चाँदनी चंचमायो.

श्लोक

१

अग्ला पर्वत, धूम, वृक्ष, वरका कौसी, अटाली, धुरी ।
छाना, बाग, तडाग, ताल, तटिनी, झर्ना, कुवा, पोखरी ॥
टल्काई सब चन्द्रिका चचहरी खेल्दै धरामा झरी ।
जस्को स्वागत साथ चुम्बन मिठो गर्छन् चकोरी चरी ॥

(यस्तैमा राजाको प्रवेश)

राजा—महारानी ! के गछर्यौं ।

रानी—त्यो चन्द्रमाले हजूरको मुहारको माधुर्य चोरेको जस्तो देखेर हेरिरहेकी ।

राजा—तिमीले चन्द्रमाले मेरो मुहारको माधुर्यमात्र चोरेको जस्तो देखिछौ, मैले त त्यसले तिम्रा मुहारको माधुर्य, सौकुमार्य, शीतलता, मोहकता आदि हजारौं गुण चोरेको जस्तो देखेको छु !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रानी—त्यसैले होला, सितिमिति दर्शन पनि दुर्लभ छ. साँचो आज्ञा होस्न, हजूरले संसारमा कति-ओटा चन्द्रमा नजर भयेको छ ?

राजा—(क्रमशः औंलाले देखाउँदै) पहिला यो, दोस्रा त्यो (हाँस्छन्)

रानी—म त यो चन्द्रमा देखेपछि त्यसलाई हेर्नै चाहन्न, दोस्रो न तेस्रो, तर के गरूँ ? दरबारैमा राज भयेको वेलामा पनि दर्शन पाउनू कठिन हुन थाल्यो ।

राजा—आज मेरो चाँटै नै आउने विचार थियो, परन्तु राजसभामा न जाँदै पुलीसले यौटा गजबको खबर ल्यायो, जसले गर्दा मलाई उत्तिखेरै शिप्रा- किनारमा पुऱ्याइ-छोड्यो ।

रानी—शिप्रा-किनारमा त्यस्तो गजबको खबर के रहेछ ? ।

राजा—यौटी कुलनारी दिवंगत स्वामीको साथ सती जान लागेकी-रहिछन्. त्यसले गर्दा शिप्रातटमा लाखैं नरनारीको भीड लागेको रहेछ. त्यो खबर पाउने वित्तिकै खुल्तुलीका साथै मनमा लाग्यो—"यो कलिकाल हो, यसमा नारकीय काम प्रशस्त देखिन्छन्, स्वर्गीय चाँही बहुतै कम". मौकामा स्वर्गीय सतीको दर्शन गर्नू उत्तम छ. यै प्रेरणाले प्रेरित भयेर म सरासर त्यै ठाममा पुगें जहाँ सती-दाहको तयारी र लाखौं मानिसको भीड थियो. झटपट मैले श्रद्धापूर्वक झुकेर नमस्कार गरें. उनले मलाई आशीर्वाद दिंदै थियिन्. यस्तैमा श्रीखण्डको चितामा आगो बलीहाल्यो. स्वर्गीय देवी जस्ती सतीको देह कपूरको पुतली झैं देखदा देखदै आगोको ज्वालामा विलीन भयो । त्यो सबै घटनाको विचार गरेर मेरो अन्तरात्माले भन्यो—"धन्य हुन् आर्य भूमि !! धन्य हुन् आर्य भूमिमा पैदा हुने सती कुलनारी !! इनैको सतीत्व ज्योतिले नै समस्त विश्वमण्डलमा आर्यवर्त्तको प्रकाश र प्रतिष्ठा बढायेको छ. म पनि यौटा गौरवको पात्र हूँ, जस्को राज्यमा यस्ता

यस्ता नारीरत्नको आविर्भाव हुन्छ." महारानी ! यो त तिमीले पनि गर्व गर्ने विषय छ. हो कि ?

रानी—मुनासीव आज्ञा भो, परन्तु.....

राजा—परन्तु के ?

रानी—(क्यै अनकनायेर) खै के विन्तिगरूँ ?

राजा—विन्ति छ, भनन ।

रानी—विचरिको सतीत्व राम्रो परिपक्व भयेको रहेन छ ।

राजा—किन ?

रानी—सतीत्व परिपक्व भयेको भये विरह ज्वाला नै जीवन-विसर्जनमा पर्याप्त थियो, चिताको ज्वाला किन चाँहिन्थ्यो ।

राजा—(आश्चर्यका साथ) महारानी ! तिमिले के भनेको ? दुनियाँमा त्यस्तो पनि हुन शक्छ र ?

रानी—सत्यवान्को जीवात्मालाई यमराजले डोऱ्याउँदा सावित्री ले भौतिक देहलाई आगामा जलायेर उनको पछि लागेकी होलिन् त ?

राजा—कसरी कुन रूपले पछि लागिन् त ? तिमी आँफै बताउन, म सुनूँ ।

रानी—पहिले विरहवेदनाले प्राण छुट्यो होला, अनि उनी आतिवाहिक देह लियेर सत्यवान्को पछि लागीहोलिन्. नत्र त्यो कथा नै असम्भव हुन्थ्यो. मैले त यै संझेकी छु ।

राजा—त्यो पुराणको उपाख्यान ठहऱ्यो, पुराणैमा रहोस्. संसारमा त्यस्तो कुरा असम्भव छ ।

रानी—प्राणनाथ ! पश्चिम भारतकी एक भिल्ल नारीले पनि पतिको मृत्यु हुना साथ प्राण त्यागेकी थियिन् रे भन्ने सुनेकी छु. त्यस्ता नारी-रत्नहरू प्रकृतिको गर्भबाट कति निस्केका छन्, कति निस्कन्छन्. त्यस्को के ठिगाना ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजा—त्यो यौटा काकताली मात्रै हो, अबको युगमा त्यस्तो घटना असंभवै छ।

रानी—संसारमा कुनै युगमा कुनै कुरा असंभव छैन। सत्यमा कलिको डाँका, चोरी पनि हुन शक्छ; कलिमा सत्यको तपस्या पनि हुन शक्छ।

राजा—त्यो दुवै कुराको एकाध दृष्टान्त पुराणहरूमा देखियेला, अबलाई तिमिले भनेको कुरा बिलकूलै असंभव छ।

रानी—(क्यै भावगर्भित हास्यका साथ) कदाचित् हजूरकै दरबारमा सम्भव हुन आयो भने ?

राजा—कसरि ?

रानी—

श्लोक

झुक्याईकन अप्सरा यदि कुनै आयेर डाकी भने
डाकासाथ मलाइ छल्न प्रभुको निस्क्यो चलाकी भने।
मेरो प्राण पनी उडेर सहसा पुग्नेछ त्यै द्वारमा
यै सारा घटना कुमार हुहुरो देख्नेछ दर्बारमा॥

(घुँका साथ अश्रुपात)

राजा—(अतासियेर) महारानी ! महारानी !! यो के भनेकी ? एकाएक किन त्यस्तो कुतर्कपूर्ण व्याकुलता !!!

रानी—(आँसू पुछ्दै) महाराज ! म हजूरको चिरवियोग त के कुरा आशङ्का सम्म पनि सहन शक्तिन. यो मेरो यौटा दोष हो, या गुण हो, भगवान् जानोस्. मानू विधाताले मेरो मुटूको रचनामा नै आफ्नू निर्माणको शैथिल्य-दोषलाई थन्क्यायेको जस्तो छ।

राजा—(अकमक परी पुलुपुलु हेर्दै) (मनमा) अहो !! यो क्या हो ? आकर्षणको मुहुनीदार चटक त होयिन ? के इनी सावित्री

जस्तै स्वर्गीय देवी होलिन् त ? कुनै मौकामा इनका युक्तिको सत्यता समयले नै बताउला, म अैले यसै भन्न शक्तिन्. (प्रकाश गरी) महारानी ! त्यस्तो कुतर्क लिन हुँदैन. मैले तिमिलाई संशको छु, म कसैले झुक्क्यायेर झुक्तिन।

(यस्तैमा घण्टा बजदछ, सबै निस्कन्छन्)

(पर्दा गिर्छ)

इति द्वितीयः अङ्कः॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अङ्क तेस्रा, पर्दा पैला.

(लट्टीको मरमा दिग्दार भयेका विदूषकको प्रवेश)

चतुर्भुज—ऊः ३ मरियो, डुलन्ते राजाको साथ लागेर गलका गाम घुंदाघुंदै थला परियो. राजालाई ओह्रालो, उकालो, घाम, पानी, सर्दी, गर्मी कुनै कुराको फिक्री छैन. खाली छुत्रे झम्रे काला कुचला रैती र उनका साना साना खरका छुप्राहरू देख्न पाये पुगिहाल्छ. आफ्नू साथी कहाँ छ ? कस्तो छ ? के भयेको छ ? अत्तो पत्तो छैन. बाबा !! नाङ्गा दुनियाँको उपर कत्रो प्यार !! हुन ता राजाका निंति यो साह्रै ठूलो कुरा हो भन्छन्, परन्तु मेरो तागतले पछि लाग्ने न शक्ने भो. ऐय्या ३, घोडाबाट लड्दा चोट लागेको गोडा अझ दुखदैछ. हरे !! यो दुःख त छँदै थियो, तर अस्ति देखी मनमा अर्को न राम्रो दुःखको ज्वाला सल्केको छ, त्यो पापी घटना बिर्सूँ भन्दा पनि बिर्सन शक्तिन. सन्दाहको तमासा हेर्नै हुच्यावटमा लागेर शिप्रातटमा जाँदा जो भयङ्कर दृश्य देखेथें, त्यसको असर अझै मनमा ज्यौं का त्यौं छँदैछ।

हरे ! मानिस कहाँ संमको निर्बुद्धि हुँदो रहेछ. यसको विवेकशक्ति कसरी हरायेको होला ? कटै !! त्यो दिन हजारौं नरनारी जम्वा भयेर विचरी यौटी सुधीसाधी बुढीलाई मुर्दाको साथै सोलामा सुतायेर भसक्क पोले. न कसैले उनको माया ममता

गऱ्यो, न कसैले उनको मरणमा एक बुन्दा विरहको आँशु खसाल्यो. सबै जना वज्र जस्तो छाति बनायेर बल्ल्याङ्गे आँखाले पुलूपुलु हेरिरहे. कसैले चूँ पनि गरेन. अपशोच !! उनी स्वर्गमा गयिन् रे ; उनले एकाइस कुल तारिन् रे; उनी त्यसरी मर्दा देशै पवित्र भयो रे; अैलेको जुगमा त्यस्तो गफाऽष्टक को पत्याउला ? त्यो सबै पाखण्ड हो, मेरो अन्तरात्माले यस्ता कुरामा विश्वास गर्दैन । मेरो मनको शास्त्रले त भन्छ, ज्यूँदो मानिसलाई मुर्दाको साथमा पोलेर मार्नू भन्दा बचायेर प्रतिपालना गर्नू सर्वोत्तम धर्म हो. तर के गरूँ, त्यसमा मेरो सामर्थ्य थियेन ।

अपशोच !!! (आकाशतिर हेरी) भगवान् ! संसार अन्धो छ. मानिस अन्धो छ. मानिस भन्दा उसको स्वार्थ ज्यादै अन्धो छ ; जसले पापी हत्यारो कामलाई पनि धर्मको सुकीलो पोशाक पैहाउन जान्दछ. (क्यै बेर घोरियेर यताउती हेर्दै) 'बुढिया मरी भनेर नरूनू, काल पल्क्यो भनेर रूनू' भन्ने उखान छ. कदाचित् यो साम्राज्यमा यै धर्म बढदै गयो र विधवा जती जम्बै पोलिन लागे भने फूलका थुँगा जस्ता कोमल अजान टुहुरा बालक बालिकाको कुन गति होला ? कसले तिनलाई सह्यार सम्भार गरेर हुर्काउला ? संझी ल्याउँदा यो साम्राज्य नै क्यै दिनमा उजारिन कति बेर !!! अपशोच !! अब यस कुराको बेली-विस्तार राजासित न लगाई छोडदिन ।

(यति भन्दै सुस्केरा हाली ध्याच्च बस्छन्)

(राजाको प्रवेश)

विदूषक—(उठन खोज्दै न शक्ने जस्तो गरी) ऐय्याः ३, सवारीको साथ दौडदा घोडाबाट लडेर दुखेको गोडा अझ निको भयेको छैन । महाराजको जय होस्, म त उठनै शकिन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजा—मित्र ! चतुर्भुज ! के खुट्टामा साह्रै नै चोट लाग्यो ?
चतुर्भुज—खुट्टामा मात्रै होयिन, मनमा पनि लागेको छ ।
राजा—मैले कुरा बुझिन; के तिमी अब सवारीमा जान शक्तैनौ ?
चतुर्भुज—जान ता जसरी पनि जाने थियें, तर..... ।
राजा—तर के ?
चतुर्भुज—अस्लि देखि हजूरको पछि लाग्नलाई मनै डरायेको छ ।
राजा—कारण ?
चतुर्भुज—रिसानी माफ हुन्छ भने विन्ति गर्छू ।
राजा—मित्रले एकान्तमा जे भने पनि माफै छ ।
चतुर्भुज—हजूर आफ्नै राज्यमा आफ्नै नजरका अगाडि मुर्दाको साथै ज्यूँदा बुढी पोल्ने कामलाई पनि धर्म मान्न लागिबक्स्यो...
राजा—के त्यो सतीदाह धर्म न भये अधर्म हो त ?
चतुर्भुज—त्यसैमा मेरो मगज चक्रायेको छ ।
राजा—त्यहाँ मगज चक्राउँने कुरा के छ र ?
चतुर्भुज—अलिदिनमा मैले दान, दछिना, वर-बकसबाट जम्बा गरेको गठरीमा आँखागाडेका धूर्तहरूले मरेकी बुढीसित ज्यूँदो बुढोलाई पोल्ने धर्म निकाले भने र .... कदाचित् मेरी बुढी अबी भै हाली भने मैले पनि ज्यूँदै पोलिनु-परेन ?
राजा—शास्त्रमा त्यस्तो धर्म कहाँ छ र निकाल्छन् ?
चतुर्भुज—महाराज ! यो कलिकाल हो, यसमा हजारौं धर्म र हजारौं राजनैतिक वादहरू च्याऊ उम्रे झैं उम्रिरहन्छन्, जो देख्दा शास्त्रहरू पनि कुना लागेर रुन थाल्छन् ।
राजा—म त्यस्ता च्याऊ-धर्म थोडै मान्छु र ?
चतुर्भुज—च्याऊ-धर्म न माने पनि ज्यूँदा बुढीहरू पोल्ने धर्म त मान्नु भयेको छ कि ?

राजा—त्यो त बुढियाहरूको आफुखुसिमा छ ।
चतुर्भुज—एक त वातवातमा फुस्लिने आइमाइको जात !! उसमाथी पोई मरेर विरहको ज्वालाले भत्भति पोलेको अवस्था !! त्यो मौकामा ती विचरीहरूलाई कुन पराइ खुसी, कुन आफूखुसी, कुनै कुरा पनि सुझदैन. जसले जे भन्यो, त्यसैमा डाँको छोडेर लुँदै हाम्फालन थाल्छन् ।
राजा—त्यो त हो, कुनै कुनै त विलाप गर्दागर्दै मूर्च्छा पनि पर्छन् . होसै रहँदैन ।
चतुर्भुज—महाराज ! म पनि त्यै विन्तिगर्छु. धर्मका पर्दाको आडमा ग्रामकण्टकहरूले पापको खेल खेल्ने त्यो यौटा सुनौला मौका हो. त्यसैले विन्ति गर्दछु—कदाचित् तिनै धूर्तले मेरी बुढीलाई पनि स्वर्गको झल्लरीमल्लरीमा फुस्ल्यायेर सँग सँगै पोलन पाये भने मेरो सर्वनाश भयेन ?
राजा—धत् मूर्ख ! तिमिले कुरै बुझेनौ. कर कापमा कसैले कसैलाई पोल्न पाउँछ र बुढिया पोलियेलिन् भन्ने डर मान्छौ ?
चतुर्भुज—(हाँसी) महाराज ! त्यै त विन्ति गरिशकें. आशाहोस्, दर्शैको बोको आफूखुसी पर्छन्छ कि ? अर्काले कानमा पानी छयापेर पर्छाउँछ !
राजा—त्यसलाइ त अर्कैले पर्छाउँछ ।
चतुर्भुज—बस्, मेरो भनाइ नै त्यै हो. पति-वियोगको बाधाले विहोल भयेका बुढियाहरूलाई धूर्तहरूले कानमा स्वर्गका झल्लरी मल्लरीको पानी छयापी छयापी बलैसित पर्छाउँन वेर मान्छन् र ? विचार गरिबक्स्योस्, ती अस्तित्वक शिप्रातटमा पोलियेकी बुढिया आफूखुसी सती गयेकी होलिन् त ? मेरो विचारमा त पक्का पनि होइनन् . नजरहोस्—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्लोक

१

तात्तातो दुध भात खाइ कलिला नाती तथा नातिनी ।
खेलायेर सधाउँदै सुपथमा छोरी बुहारी पनि ॥
त्यो आफ्नै घरमा थुपुक्क न बसी ज्यूँदै जलिन् ती किन ?
यस्मा क्यै छ रहस्य, कोढितकको प्यारो छ रे जीवन ॥

राजा—के तिनी करकापमा परेकी होलिन् त ?

चतुर्भुज—(हाँसेर) महाराज ! लोग्नेले आर्जेका गठरीको ताला-कुची ज्यादाजसो बुढियाहरूकै हातमा रहन्छ, तिनीहरू त्यो ताला-कुची छोरा बुहारीलाई दिन बहुतै गाह्रो मान्छन्, आखीर ताला-कुची हत्याउने लाल्चाले के गराउँछ, के गराउँदैन ! अब त मेरा कुराको मर्म बुझिबक्सियो कि ? (हिंड्न खोज्छन्)

राजा—बुझें, तर, पख न पख, यस्तो हालतमा तिमी कहाँ जान्छौ ?

चतुर्भुज—जहाँ मरेको मुर्दासँग ज्यूँदो मानिस पोल्ने चलन छैन, उँही जान्छु. (हिंड्छन् र मन्छन्) महाराज ! अब मेरो यो दरबारको सम्बन्ध टुट्यो ।

राजा—के मेरो माया माछौं त ?

चतुर्भुज—पछि आफ्नी ज्यूँदी बुढीलाई धूर्तहरूको हातबाट मराउनू भन्दा पहिले नै आफूले हजूरको मायामार्नू वेस ठाँने ।

राजा—के फेरी उज्जयिनीमा फर्कन्नौ त !

चतुर्भुज—धर्मको नाममा ज्यूँदा बुढी पोल्ने ज्यानमारा विधान छँदासम्म फर्कन्न ।

राजा—मित्र ! हामी आर्य हूं. हामीले नै त्यो धार्मिक प्रथालाई त्यसो भन्न होला ?

चतुर्भुज—महाराज ! उचनीच माफ भये विन्ति गर्छु ।

राजा—माफै छ ।

चतुर्भुज—

श्लोक

१

ज्यादा नै गहिरो र दुस्तर छ रे त्यो शास्त्रको सागर ।
लाखौं धार्मिक भाव उज्वल जहाँ खेल्छन् अरे सुन्दर ॥
टिम्मू पर्दछ रे डुबेर मनले त्यै भाव मोती सरी ।
जो जस्तो जुगको छ रङ्ग उसमा मिल्दो र जुल्दो गरी ॥

राजा—यसको माने ?

चतुर्भुज—मैले सुनेको छु, अहिंसा, सत्य, दान, दया, उपकार, आदि उच्चधर्म वाहेक अरु सामान्य धर्महरू चारै जुगमा भिन्न भिन्नै हुन्छन् रे. यौटा जुगको धर्म त्यायेर अर्को जुगसित जोल्ध्यायो भने पुण्यका ठाममा पाप हुन्छ रे, शान्तिको ठाममा सन्ताप हुन्छ रे ।

राजा—तिमिलाई यस्तो विद्या पढाउने महागुरु को हो ?

चतुर्भुज—जीवनको पिंजरामा सानै देखी पालेको मेरो मनको शुगा विहानै उठेर यै कुरा आफू पनि पढ्छ, मलाई पनि पढाउँछ ।

राजा—मित्र ! वास्तविक तिम्रो भनाई के त ?

चतुर्भुज—सतीदाहको धर्म जुन जुगमा जन्मेथ्यो, त्यै जुगसित जाओस् . अहिलेको जुगमा गठरीका लोभले ज्यूँदा बुढी पोल्न कसैले न पाओस् . (यति भनी हिड्न खोज्छन्)

राजा—(रोकेर) पख न पख, म विचार गर्दछु (घोरिन्छन्)
(चतुर्भुज उनको मुख हेरी रहन्छन्)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजा—मित्र ! तिमिले मुनासीब भन्यौ. जहाँ पनि पुरानू जग कायम राखी समय-माफिकको परिवर्तन हुनै पर्छ, गर्छु पनि ।

चतुर्भुज—(हाँसेर) महाराज ! ज्यूँदी बुढी पोलिने डर हट्यो भने त कुनै जन्ममा पनि हजूरको साथ र हजूरको राजधानी छोडने छैन. जयहोस् महाराज !

राजा—अब त शिकारमा पनि जाउला कि ?

चतुर्भुज—टाउकाले टेकेर दौडन्छु ।

राजा—लौ त आऊ, जाऊँ ।

(दुवै निस्कन्छन्)

(पर्दा गिर्छ)

अङ्क तेस्रा, पर्दा दोस्रा.

(तर्कमा मग्न महारानी र फूलटिपर्दै सहेलीहरूको प्रवेश)

रानी—(एकलै टहल्दै) अहो !! कत्रो पश्चात्ताप !!

श्लोक

१

न जाने यो मेरो हृदय किन सल्कन्छ यसरी ।
सवेरैको अन्तर्भ्रमर नलिनीको फुल सरी ॥
हूँदै-आयो भित्री नयनपथ सारा तिरिमिरी ।
परेकाछन् देखा मलिन भय-रेखा किरिमिरी ॥

२

न जान्दा आफैंले दव-दहन झैं भित्र बनना ।
कुनै पश्चात्ताप-ज्वलन जब सल्कन्छ मनमा ॥
अनी तड्दै-जान्छन् मधुर सुखसङ्कल्प-कुसुन ।
अवस्था नै अर्को कहन न हुने पर्छ विषम ॥

भूल मनुष्य जीवनको यौटा ठूलो दुश्मन हो. त्यसबाट बचनू अत्यन्त गाह्रो छ. कुनै कुनै भूल त सुधार्न पनि शकिन्छ; तर कुनै कुनै भूल यस्ता हुन्छन्, जसले अन्त्यमा गयेर सत्यानाशको भुमरीमा हालिछोड्छन् ।

मैले उस दिन महाराजको अगाडी ठूलो भूल गरेकी छु; जुन भूलले अद्यावधि मेरो मन अहोरात्र पोलिरहेछ. त्यो यौटा महात्माको वरदान थियो. मैले गोप्य नै राख्नू पर्थ्यो, तर प्रेमको उल्लासमा पोखिहालें. अपशोच ! त्यो भूलको छाप मेटेर पनि मेटिदैन. जति मेटन खोज्यो उती गाढा हुँदै जान्छ ।

चाहे प्रेम होस्, चाहे क्रोध होस्; चाहे दया होस्; चाहे दिल्लगी होस्, जुन मुकै कुरा पनि मानिसले अतिमात्रामा देखाउन थाल्यो भने प्रायशः त्यसको असर उल्टो पर्छ. जुन दिन मैले महाराजको निधन पछि न जीवित रहनै शक्तिन भनेयें, उस दिन देखि वहाँका मनमा नानाथरी तर्कका लहरी उठिरहेकाछन्, शङ्काको छाया नाचिरहेको छ, त्यै मेरो उक्तिका ऐनालाई वहाँको वितर्क दृष्टिले धमीलो देखेको छ. बनावटी माया, ममता, स्नेह सबै कुरा छ. परन्तु अन्तःकरणमा पत्यारले पाइलो हाल्नै शकेको छैन. उल्टो तर्कको भुमरीमा चक्रायेको वहाँको मनले त्यै मेरो उक्तिमा चालबाजीको धमीलो तस्वीर देख्न लागेको छ. (क्यै घोरिएर) यो कुरा मुनासीब

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनि छ, किन भने संसारमा लोग्ने मर्दा झाँक्रो किजयेर रुने, पछारिने, छाति पिटने, अलाप विलाप गर्ने, भोक भोकै शुक्ने, मूर्छापर्ने, पागल समेत बन्ने विरहिणी विधवाहरू प्रशस्त देखिन्छन्. परन्तु लोग्ने मर्नाबाथ मरिहाल्ने स्वाम्नीमानिस लाखमा एक पनि देखिदैनन्. जुन कुरा दुनियाँमा देखनै शकिन्न त्यै कुरामा सहसा जान्ने मानीसले कसरि विश्वास गर्न शक्छ ? कसैले पनि शक्तैन. यसैले आज मेरो अन्तरात्मा भन्छ—"उसदिन मैले ठूलो भूल गरेकी छु". न जाने अब त्यो भूल कुन रूपमा गयेर परिणत हुने हो ? (क्यै बोरियेर) अफशोच !!! सती देवीले निता विना माइत जाने भूल गरिन्, यज्ञमा पुगेर ज्यान गुमायिन्. सीताले सुनौला मृग खेलाउने भूल गरिन्, रावणको दरबारमा पुगेर बन्दी भयिन्. द्रौपदीले दुर्योधनका उपहासको भूल गरिन्, बाह्र वर्षको वनवास भोगिन्. इतिहासमा यस्ता भूलका दृष्टान्त बेगिन्ती भेटिन्छन्. अब मेरो भविष्य भगवान्को हातमा छ। (सहेली तर्फ फर्केर) चम्पा ! तिमिहरूलाई बगैंचा खूब राम्रो लागेकोछ, घुमिरहन्छौ, होयिन ?

चम्पा— (महारानी तर्फ फर्की) नजर होस् त्यो भुमरा मैले देखदा देखदै पचासौं फूलमा घुमिशक्यो, कहीं पनि स्थिर हुँन।

निम्बी—त्यसलाई ताजा ताजा मधुपानको धून होला, त्यसैले एकै ठाममा बस्नै शक्तैन।

मुन्नी—ताजा ताज मधुपानको धून मात्रै होयिन, प्रत्येक फूलको रङ्गीचङ्गीमा पनि रङ्गियेको छ।

चुन्नी—कलमुखा भुमराको जातै चञ्चले।

चम्पा—जात चञ्चले होयिन. उसको स्वभाव चञ्चले छ, मन चञ्चले छ।

निम्बी—त्यसैले त प्रत्येक फूलमा घुमिरहन्छ।

मुन्नी—हामी सबै मिलेर त्यसका स्वभावको तस्वीर उतारौं न ! मौका पऱ्यो भने महाराजका अगाडि पनि गाइहालूँला।

सहेलीहरू— (गाना)

डुलुवा भुमरा चौपट जाली।
शाखै बनि रस-रङ्ग उडाई चल्दछ पयर उचाली ॥
कहिले यसमा कहिले उसमा गरि कलिला कलि चाली।
घुंछ खुसीलित त्यो मनमौजी आफ्नु मौज निकाली ॥
भूँ भूँ गरदै नगिचै आई माया मोह बसाली।
सार चुसीकन हिंडदछ पापी, विरह-नदी-बिच फाली ॥
नलिनी, हसिना, बेली, चमेली, पाटलिका सब फाली।
घुंदछ नीरस केतकी माथी अन्धो भैकन खाली ॥
डुलुवा भुमरा चौपट जाली ॥

रानी—भुमराको चरित्र-चित्रण राम्रो गऱ्यौ, उसको चाल चलन बाट त्यै कुरा स्पष्ट झल्कन्छ, तर संसारमा आफ्नू जातिगत स्वभाव कसले नाघन शकेको छ र ? चम्पा ! महाराजको सवारी भै शक्यो होला. जाऊ, फूलमाला जो जति जम्बा गरेकाछौ लियेर आऊ। (सखीहरू फूलमाला तर्फ लाग्छन्)

रानी—(गम्भीर भाव मुद्रामा) (मनमनै) हो इनीहरूले महाराजलाई नै लक्ष्य गरेर जो भुमराको चरित्र-चित्रण गरे, त्यो कुरा सामान्य मानिसका निंती एक प्रकारले ठीक पनि छ. परन्तु त्यस्तो नीति-धर्मज्ञ. त्यस्तो प्रजावत्सल, राजर्षिकल्प, महाराजका उपर त्यो भुमराको आरोप लगाउँन मेरो मनले मान्दै-मान्दैन. किन किन ? महाराजको सवारी जतिसुकै टाढा वा जतिसुकै बाहिर बाहिरै भये

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ता पनि मेरो छातिमा श्वास र प्रश्वासका साथ हर वखत खेलिरहेको छ "महाराज मेरो, महाराजकी म", यहाँ भन्दा अर्को कुरा चिताउँनै शक्तिन. (सहेली तर्फ हेरि) चम्पा ! फूल मालाहरू दुरुस्त गऱ्यो ?

चम्पा—सरकार ! सबै तयार छ. (फूल मालाका किस्ती, ढक्की, देखाउँछन्)

रानी—अवेला भयो. चाडों आओ, जाऊँ (यति भन्दै रानी निस्किन्छिन्, सहेलीहरू पछि लाग्छन्)

(पर्दा गिर्छ)

इति तृतीयः अङ्कः ।

अङ्क चौथा, पर्दा पहिला.

(कर्के पगरी लायेर शिकारी भेषमा तयारी भयेको विदूषकको प्रवेश)

चतुर्भुज—(वडो फूर्ति साथ) (विहानभरी तवेलामा गयेर आफू-सुहाउँदो घोडा छान्दा छान्दा थौटा चिनियाँ च्याण्टा फेला पारें, सैसलाई भनेको छु-त्यै ल्याउनू)

(गाना)

टक् टक् टक् टक् पैय्याँ जाने ।
चिनियाँ च्याण्टा घोडा छानें ॥
चढी पटापट चाबुक मारी ।
चल्दछ मेरो आज सवारी ॥
वीर चतुर्भुज घोडा माथी ।
उज्जयिनीको राजा साथी ॥
देख्दा दुनियाँ दङ् परनेछ ।
दर्शन मेरो पनि गरनेछ ॥
कर्के पगरी, भेष शिकारी ।
कम्मरमा छन् छुरी कटारी ॥
किन फर्कन्थ्यो बाघ नमारी ।
शूर म जस्तो धनुर्धारी ॥

(यस्तैमा सैसको प्रवेश)

सैस—(परेदेखी) बाजे ! के गुन गुनाई रहनू भयेको ? महाराजको सवारी भै शक्यो, चाँडै आउनुहोस्रे ।

चतुर्भुज—(हडबडायेर) मैले छानेको घोडा त ल्यायिस् ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सैस—त्यायें, बाहिर खडा छ।

चतुर्भुज—त्यसो भये म पनि आयें (२।४। पाइला हिंडी फर्केर) एः रामे ! तँ मलाई घोडामा चढाउन त शक्छस् ?

सैस—बक्सीस पाये त अवश्य शकूँला।

चतुर्भुज—बक्सीस वज्यैले दिन्छिन्, तैंले मलाई बीच बाटोमा न गुल्टिने गरी चढाउनू पर्छ नि !

सैस—मालीक ! त्यसै गरूँला।

चतुर्भुज—चढदा-चढदै उफ्रेर बुर्कुसी मार्न न पाओस् नि ?

सैस—पैले घोडालाई जामुनका फेदमा बाधूँला, अनि तपाँईलाई चढाउँला।

चतुर्भुज—त्यस पछि ?

सैस—घोडा फुकायेर लगाम तपाईंका हातमा थमाउँला, अनि म वज्यैसित बक्सीस माग्न जाउँला।

चतुर्भुज—पहिले नै बक्सीस माग्ने ? महाराजको सवारी न भेटे सम्म तैंले घोडा डोऱ्याउनै पर्छ, एकलै छोडिस् भने त तेरा बाबूले मलाई तीन फन्का घुमायेर फ्याँकि हाल्छनि. कुरा बुझिस् ?

सैस—बुझें।

चतुर्भुज—अरू कसैसित न भनेस्. कदाचित् जङ्गल देखेर घोडा भक्यों भने ?

सैस—म भये पछि त्यसै भर्कन पाउँछ र !

चतुर्भुज—राम्रो सित पुऱ्यायिस् भने सिङ्गै मिर्ग बकस दिलाउँला. बुझिस् ?

सैस—(मनमा) गर्नें कुरा मैले जानेकोछु. वज्यैबाट बक्सीस लिने जुक्ति सम्म त गरूँ. (प्रकाशः) बुझें त्यसै गरूँला।

चतुर्भुज—लौ त हिंड्। (चतुर्भुज हिंडछन्)

(सैस फरक फर्की हाँस्तै)

बिचरा कसरी घोडा चढलान्।
चढि हाले पनि कसरी अडलान्॥
संझी इनको यो अपहत्ते।
माया लाग्दछ सत्ते ! सत्ते !!

जे होस्, घोडालाई फकाई फुल्याई जङ्गल किनाराको खोल्सी सम्म तानें पऱ्यो, त्यति भये पछी बक्सीस पाक्यो. तर शिकारी बाजे जङ्गलमा पक्का पस्तैनन् (हाँस्तै जान्छ).

(पर्दा गिर्छ)

—:०:—

अङ्क चौथा, पर्दा दोस्रा.

(चार जना शिकारी विदूषकलाई खोज्दै आउँछन्)

बलवन्तसिंह—कस्तो फसाद आइलाग्यो. अब कहाँ जाऊँ ? चतुर्भुज बाजे घरबाट अघी नै घोडा चढेर गये भन्ने खबर मिलीशक्यो, यहाँ उनको अत्तो पत्तो क्यै छैन. अब यो घोर जङ्गलमा कसरी खोज्ने ? कहाँ खोज्ने ? जहाँ जान्छन् जाउँन्, भनूँ भने पनि खोजनू भन्ने राजाको आज्ञा छ. एक फेर अग्लो रूखमा चढेर बोलाऊँ, कहीं छलियेको भये सुनेर बोल्छन् कि ?

कुलवन्तसिंह—हुन्छ, त्यसै गरौं, पहिले मै बोलाउँछु. (रूख चढी बोलाउँछन्) (चतुर्भुज बोल्दैनन्)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पार्थिवसिंह—मलाई त चतुर्भुज वनमा आये होलान् भन्ने पत्यारै लाग्दैन ।

रघुवरसिंह—बोडा चढेर गैशके भने पछि आउनलाई त ती अवश्य आयेका छन्. तर डरछेरवा होस्लाइ् छन्. कतै छलियेका होलान् ।

बलवन्तसिंह—एक फेर सिट्टी पनि दिउँन !

कुलवन्तसिंह—हुन्छ, लौ म सिट्टी पनि दिन्छु ।

(यति भनी सिट्टी दिन्छ)

पार्थिवसिंह—कतै केही शब्द आयो ?

जसवन्तसिंह—(सुनी) अँ हँ, कतै अत्तो पत्तो छैन, खाली वरीपरीका चराचुरुङ्गी भर्केका छन्, त्यत्तिकै हो ।

रघुवरसिंह—जाऊँ, वै कुरा बिन्ती चढाऊँ, भरे सम्म कसो फेला परोविनन् ।

(यति भन्दै सिट्टीदिंदै चारै जना निस्कन्छन्)

(केही वेर पछि काठी जिनपोस काँधमा हालेको र आत्तियेको चतुर्भुजको प्रवेश)

चतुर्भुज—(काठी जिनपोस जमीनमा पछार्दै) ऊः ३ कत्तो दुर्दशा ! भगवान् ! अब यो आपत्को समुद्र कुन उपायले पार गरूँ ? कठै !! मेरो सर्वनाश भो. अकालमा ज्यान जान आँट्यो ।

श्लोक

१

थोप्ले पाटे विकट चितुवा बाघ भालू र श्याल ।
गाई बाखा मनुज सबका काल हुन् रे कराल ॥
वेरी-हाले मकन तिनले उम्कने छैन आशा ।
सातो-पुत्लो सब उडियको छोप थाली निराशा ॥

चतुर्भुज—(घोड गदाहाको बथान हेरी) ऊः त्यो पाटेबाघको बथान होला. बाबै !! कत्ता कत्ता डरलाग्दा !! (वनबिरालो तिर हेरी) ऊः हेर थोप्ले चितुवा दौडेको (अत्याहटको मुद्रा) (काला लङ्गूर रुखमा हाम्फालेको हेरी) अहो ! कति ठूलो भुल्ले भालूको बथान ! इनैले लुछनेछन् मेरा दुवै नाक कान. (कैला बानरतिर हेरी) ऊः चण्डाल श्याल ब्वाँसाहरू तिनै होलान् . (चौतर्फी हेर्दै छिनछिनमा अत्याहटको अभिनय देखाउँछन् र भन्छन्) यो इनको घर हो. घरमा आयेको शिकार इनले अवश्य छोडदैनन् . उसवेला मैले महाराज ! म बाहुनचरी हूँ, मेरो हातबाट फट्याङ्ग्रो पनि मर्दैन, मनेर दशऔंला जोड्दा पनि त्यो बिन्ति लागेन, के गरूँ. राजाको आज्ञा र हात्तीको दाँत बाहिर निस्के पछि भित्र जान जान्दो-रहेनछ. लाचारी-साथ धनुकाँड भिरेर पछि लाग्ने पर्‍यो, लागें पनि, किन्तु न अब राजाको सवारी भेट्छु, न कुनै लाबा लस्कर. (यता उती हेर्दै) ऊः उनै बाघ भालू चितुवाहरू सिवाय कुनै देखिंदैन ।

ई चण्डालहरूका इष्ट देवता खुशी भये छन् ; त्यसैले दशैंमा मानिसले बोको डोऱ्याये झैं गरी आज मलाई कालले डोऱ्यायेर इनका अगाडी सोझ्यायेछ; न जाने अब कुन चाहीं दोसल्ला ओढेको पुरेत जस्तो पाटेबाघ निस्केर बनकालीलाई नर बलिको सङ्कल्प पढने हो ! लौ महामाया बनकाली ! म आज तिम्रो बलि हुन आयेको छु; रगत, मासु, बोसो, जो जो खानु पर्छ खाऊ । (यति भनी जिनपोसले मुख छोपेर लड्दछन् . यस्तैमा बनमा स्याउला बज्दछन्, चरा कराउँछन्)

चतुर्भुज—(जुरुक उठी फेरि हेर्दै) ओहो !! हेर हेर दुष्ट यमदूत-हरूले मुख मिठ्यायेका !! राजदरबारको मलाही मिठाईले लागेको बोको लपक चाँटूला भनेर होला, सबैले गिजाबाट ज्याल पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चुहाइरहेका छन् . दुष्ट मोरा हो ! हलौ खाउला; म साँचैको वाहुन हूँ. मनैं जति परे पछि तिमिहरूलाई पनि शराप दिन्छु, शराप ! तिम्रा ती फिलिङ्गे आँखाले राज दरवार कैल्यै देख्न न पाउन् . त्यो तिम्रो न्याल चुहेको ओडारे मुखमा मलाई मिठाई जनम्मर न परुन; तिमीहरूले सँधै गिद्धको पुरा कुहेको सिन्दू खायेर यै काली जङ्गलमा जन्म बिताउनू परोस् . म साँच्चैको वाहुन रहेछु भने ई तिनोटा शराप तिमिहरूलाई लागी-छोडलान् . अधम हत्यारा हो ! तिमिहरूले के मारौला ? वरु म आफैं सास थुनेर मर्छु (यति भनी फेरी जर्फराउँदै उठेर यताउती हेर्दै) कदाचित् राजाले सुनिहाल्छन् कि ? यौटा आफनू अन्तिम दुर्गतिको गीत त गाई हेरूँ ।

॥ गाना ॥

घोक्रो फोरी रगत निर्थाला घुटुघुटु पिउँदै पाटे वाघ ।
थोप्ले चितुवा अघि सरी भन्ला मुटू कलेजो मेरो भाग ॥
जुकि-बुढिले मासू लुछला जम्बु-मन्तरी चतुरो श्याल ।
अघि अघि सर्दै ब्वाँसो कहला आन्द्रा जम्बै मैतिर फाल ॥
भुल्ले भालू नाक चिथोरी घ्वाँ घ्वाँ गर्दै पर पर सर्ला ।
गिद्ध चनाखा चुचो गाडी आँखा झिक्ने कोशिस गर्ला ॥
त्यो गुहुखौवा कालो कौवा वण्डा चुण्डा हेरी वस्ला ।
पुरा-पातका टुकुरा टिप्दै गिदिगा तीखो चुचो घस्ला ॥
गिदि न भयेको खप्पर मेरो वनकालीको खप्परु होला ।
हाड-खोरका माला पहिरी प्रेत दगुर्लान् खोलै-खोला ॥
आत्मा मेरो घुम्दै फिर्दै बुढिया-नेरै पुगी रोला ।
गये चतुर्भुज भन्ने सुन्दा राजालाई पछितो होला ॥

(यता उती हेर्दै) यो गति सुनेर धनुर्धारी राजा आइहाले भने

त ई हत्याराहरूको घेराबाट उन्की हाल्ने थियें, उल्टो इनै अभागा हरूको भागाभाग पर्ने थियो. (दाहा किट्दै) त्यस वेला मै पनि दुइ-चारोटा दुङ्गा वर्षाइर तिनको खप्पर फोरी-छोड्ने थियें. (फेरी निराश भयेर) कठै ! यो अनकण्टारको जङ्गलमा इनै यमदूत सिवाय अरू कोही छैन. अब आफैं मरे जस्तो भयेर सुत्दछु (थोरै घोरियेर) रगत, मासु, वोसो, गिदी इत्यादिको वण्डा-चुण्डा भये पनि नाक र आँखा त भरशक जोगाउँनै पर्छ, किन भने पछि लाशको सनाखत गर्दा कारिन्दालाई सजिलो हुन्छ. उनले त मेरो बुद्धिको प्रशंसा गर्लान् कि ? (यति भनी टाउको छोपी घोप्टो परेर सुत्दछन्) (यस्तैमा दलबल सहित धनुर्धारी राजाको प्रवेश) ।

राजा—(परेवाट) शूरसेन ! चतुर्भुजको पत्ता अझ लागेको छैन हो कि ?

शूरसेन—महाराज ! चारैतिर सिपाँही छोडेको छु, पत्ता लगाउलान् ।

राजा—(केही अगी वढेर हेर्दै) त्यो क्या हो ? मानिस त होइन ?

शूरसेन—(गौंड सँग हेरी) महाराज ! मानिसै हो जस्तो छ ।

राजा—(अझ अघी वढी) जाऊ, हेर एः चतुर्भुजै पो हुन् कि ?

शूरसेन—(नगीचवाट हेरी) महाराज ! पट्पटी फुटेका खुट्टा देखदा त चतुर्भुजै हुन् कि जस्तो लाग्छ !

राजा—सम्भव छ, उनै होलान् . निदायेका छन् कि ? एक-फेरा बोलाउ त ।

शूरसेन—(अलि नजीकैवाट कानैमा रन्को पर्ने गरी) ए ! चतुर्भुज वाजे !

चतुर्भुज—(मनमनै) ऊः ! दोसल्ला ओढेको पाटे पुरेत आइ-हाल्यो, नरवलि को संकल्प पनि पढ्न थाल्यो, हत्याराले नाम पनि कहाँवाट जानिशकेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शूरसेन—बाजे ! किन न बोल्नू भयेको ? कस्तो गहिरो निद्रा ?

राजा—आत्तिएर अथवा थाकेर मूर्छा परेका त छैनन् ? त्यो जिनपोस अलिकती हटाएर शिरमा सुराहीको पानी छयापी देउ त !

शूरसेन—(त्यै बमोजिं गर्दै मुस्कीलसित जिनपोस हटाई पानी छयापी) बाजे ! उठ्नुहोस्न, जाने वेला भै शक्यो ।

चतुर्भुज—(मनमनै) त्यसैले त नाक आँखा जोगायेर सुतेको छु. ज्यानमारा पाटे ! पानी हाल्दैमा उठेर बोको पर्छे झैं पर्छला र कोप्रे चुपी जस्ता दाह्राले मार हाँनूला भन्ने ठानेको होलास्, मरे पनि पर्छन्.

राजा—क्या हो, अझ उठेनन् ? के ती चतुर्भुज त हुन् ?

शूरसेन—हुन त उनै हुन्, तर च्यापुले धरती लियेका छन्. टाउको पल्टाउनै गाह्रो छ ।

राजा—(सिपाँही तिर फर्की) जाओ, तिमिहरू पनि मद्दत गर (सिपाँहीहरू पनि जान्छन्, शूरसेन जबरजस्ती जिनपोस तानी टाउको उठाउन खोज्दछन्)

चतुर्भुज—(दुइ हातले नाक र आँखा अँठ्याई) यो कुन हो ? पाटे कि योप्ले ? कति लामू सङ्कल्प पड्छस् ? ए मोरा ! चाँडो मार् ।

(यति भनी फेरी आँखा छोपेर घोप्टो पर्दछन्, सिपाँहीहरू चारै तिर बाट उठाउन खोज्छन्)

चतुर्भुज—(मनमा) ऊः कति चाँडै श्यालको बथान पनि आइलाग्यो.

शूरसेन—(राजा तर्फ फर्की) महाराज ! बाघ भालूका झापटको कल्पना गर्दा गर्दै चतुर्भुजको त मगजै सड्के जस्तो छ ।

राजा—हँ !! (अघी बडेर) चतुर्भुज ! तिमीलाई के भयो ?

चतुर्भुज—(आँखै न खोली) (मनमनै) यो चाँही मुद्दू कलेजामा दाबा गर्ने योप्ले चितुवा होला. बाघ, चितुवा, श्याल, च्याँसा,

आदि सबै ब्रह्मघातीहरू जम्वा भै शके. हत्यारा हो ! तिम्रो पञ्जामा परिसकें; जे गर्छौं गर, तर वनकालीको शरणमा छु; खाये पनि उनैले खान्छिन्. तिमि मोराहरूले ब्रह्महत्या बाहेक क्यै पनि पाउने छैनौ.

राजा—शूरसेन ! साँच्चै नै इनको मगज गरमायेछ. अलि छिन त्यो सुराहीको पानी जम्बै तालुमा ठोकेर नाक र आँखाबाट हात खुस्काउ त ! (शूरसेन त्यै बमोजिम गरी गराई) चतुर्भुज बाजे (चतुर्भुज पुलुक हेर्छन्)

शूरसेन—मलाई चिन्नु भो ?

चतुर्भुज—(अलिबेर बाह्र परी हेरेर) तपाईंको घर कहाँ हो रे ?

शूरसेन—चिन्नु भयेन ? म राजाको सेनापति हूँ ।

चतुर्भुज—कुन राजाको ? घरका राजाको कि वनका राजाको ?

शूरसेन—म ता घरका राजाको सेनापति हूँ. तपाईं को नि ?

चतुर्भुज—म ता वनका राजाको ज्यूनार हूँ ज्यूनार. खबरदार ! यो ज्यूनार जुठो न हाल ।

राजा—चतुर्भुज ! के भनेको त्यस्तो ? म तिर हेर त. संझन्छौ, म को हूँ ?

चतुर्भुज—(धेरै बेर हेरी) ओहो ! मेरो प्यारो मित्र महाराज ! बल्ल पो बिउझें. म त बाटाको थकाइले गर्दा भुन्क निदायेंछु. कताको के, कताको के, पत्तै भयेन. सपनाको फेरमा पो रहेंछु ।

शूरसेन—त्यो बिहानभरी लगायेर रोजेको चिनीयाँ च्याण्टा खोइ नि ?

चतुर्भुज—त्यै लिखेटट्टुको बदमासीले गर्दा त मौकामा सवारी भेट्टाउन शकिन ।

शूरसेन—के जङ्गलमा पैदले आउनू भो त ?

चतुर्भुज—महाराजको इज्जत फाल्नू थियो र म पैदले आउँथे ? सैसलाई ठट्टू डोम्बाउन लगायेर चाबुक मार्दै आएको थियें ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शूरसेन—अनि ?

चतुर्भुज—जङ्गलभित्र परने बित्तिकै डरछेरुवा लाछी सैस पानी पिउने निहूँले भागिहाल्यो ।

शूरसेन—त्यस पछि ?

चतुर्भुज—घोडाले मेरो बहादुरी जानेकै थियो, पायेको मौका किन चुक्थ्यो. यता उती हेर्दै बुरुक्क उफ्रेर मलाई यै जिनपोत्तमा राज गरायेर आफू हिनहिनाउँदै मोहमूर्ति श्रीमतीलाई भेट्न होला धनुको माला लगायेर ससुराली तर्फ मुइकुँचा ठोकिहाल्यो (सबै हाँस्छन्)

राजा—चतुर्भुज ! तिमी छलियेर जङ्गलमा भौंतारिदा थाकेका हौला, जाऊ, शिकारी पालमा गयेर जलपान गर ।

चतुर्भुज—जय होस् महाराज ! हजूरले यसरी भोक-भोकै शुक्न हुँदैन. गै हालौं (यति भनी उनी पहिले निस्कन्छन्)

राजा—(अरुतिर फर्की) तिमिहरू पनि जाँदै गर, म पनि आउँछु (यति भनी दुर्वादीको कानमा कानेखुसी गरी) कुरा बुझिस्, तुरन्त दरबारमा गयेर महारानीलाई यही कुरा बिन्ति गर्, अरु कसैसँग पनि न भनेस् ।

दुर्वादी—जो हुकुम (भनी निस्कन्छ) (राज पनि जान्छन्)

(पर्दा गिर्छ)

अङ्क चौथा, पर्दा तेस्रा.

स्थान—जंगल किनारको शिकारी क्याम्प.

(यथायोग्य आसनमा बसी राजा सेनापति लगायत चमेना खाइरहेका देखिन्छन् . हतपत गर्दै शिकारी अभिसरको प्रवेश)

राजा—के भन्न आयौ ? खान-पीन गरिशक्यौ ?

अभिसर—खायें, सरकार !

राजा—हरदयाल ! ती मरेका जानवर सबै गोट गऱ्यौ ?

हरदयाल—गोट त गरायें, तर यौटा कुरा असजीलो पर्न आयेको छ ।

राजा—कुन कुरा ?

हरदयाल—सरकारबाट पछाडी हानिबक्सेको मृगको झाँकका नगीचै उसकी मादा मृगी र अबिल्लो बेतका ससाना बच्चा पनि रहेछन् . सिपाहीहरूले त्यो झाँक उठाउना साथ बच्चाहरू पर पर भागिहाले, मादा चाँही गहभरी आझूँ काढेर पछि लागेकी छ. धपाउँदा पनि फर्कन्न ।

राजा—(आश्चर्य मानी) त्यो मृगलाई यहाँ ल्याउनू भन (जो आज्ञा भन्दै हरदयाल सिङ् निस्कन्छन्) (सिपाहीहरूलाई बोकायेर त्यो झाँक राजाको सामुने राख्दछन्, मृगी पनि पछि पछि आउँछे)

राजा—(गौडसित हेरेर) ओ३फ ! यो मेरो हत्यारो हातबाट कति ठूलो पाप भयेछ. यै हत्यारा कामलाई मानिसहरू भन्छन् शिकार ! म संझन्छु-शिकार होइन, धिक्कार हो. कठै ! दाम्पत्य-प्रेमको आदर्श वा छाया साकार भयेर आयेको छ. अपशोच !! स्वार्थले अन्धो मनुष्यको भन्दा पशु पक्षीको दाम्पत्यप्रेम हजार-गुना पवित्र छ; लाखौंगुना उच्चा छ; तर निर्बिनी मनुष्य जाति यो कुरा देख्दैन; उसलाई परमात्माले जो विवेकशक्ति दियेको छ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यो जम्मै खर्च नगरीकन राख्छ र पछि चितामा त्यसैको तकियां बनायेर सुत्छ. मृगी ! मेरो विन्ति छ, अब तिमी न रोऊ. तिम्रा ती पवित्र आसूँका एक एक विन्दुमा मेरो संपूर्ण कुल डुबाउने शक्ति छ. क्षमा गर, हत्याराको हातबाट भयेको भूलमा क्षमा गर. वाल्मीकिको क्रौञ्चघाती व्याधा जस्तो म पनि यौटा पापी व्याधा हूँ, मबाट अज्ञानमा ठूलो पाप भयेछ. त्यसमा तिम्रो क्षमा सिवाय मेरो अर्को शरण छैन. क्षमा गर. मलाई अर्को वाल्मीकि निस्केर "मा निषाद प्रतिष्ठान्त्वमगमः शाश्वतीः समाः" भन्दै शराप दिन न पाओस्. जाऊ, जङ्गलको झारपात खायेर जनम्भर वैधव्य-व्रतको पालना गर, दैवी गति यस्तै रहेछ.

श्लोक

मृगी ! मैले तिम्रो प्रणय रस, दाम्पत्य-महिमा ।
दुवै देखें, देखी तर गरुं म के हाय ! यसमा ॥
उहीं फर्की जाऊ, नियति-गति संझी सुरसुर ।
जहाँ खोज्दै होलान् विकल दुहुरा सन्ततिहरू ॥

अपशोच !! कुन त्यस्तो पिशाचले त्यो बेला यो मेरो हातमा प्रवेश गऱ्यो होला, जसले यस्तो हृदय-विदारक हत्याकाण्ड मचायो ? यो मर्मघाती करुण दृश्य देख्दा मलाई असह्य बाधा भयेको छ. त्यो मृगलाई तुरुन्त उही ठाममा लगेर छोडिदेऊ, जहाँबाट उसलाई ल्याथेऱ्यौ (हरदत्तालिङ् मृगबोकाई जान्छन्, मृगी पछि लाग्छे)

राजा—(मुस्केरा हाल्दै) मित्र चतुर्भुज ! मैले पैले नै ठूलो न काम गरेको छु. यो सब त्यसैको सूचना त होइन् ? अपशोच ! (मुस्केरा)

चतुर्भुज—के उही महारानीको सच्चा सतीत्व जाँचने कुरा ?

राजा—हो ।

चतुर्भुज—कहिले पठाई बक्स्यो ?

राजा—अहिले भरखर यता आउने बेलामा ।

चतुर्भुज—मैले त महारानी लक्ष्मीको अवतार हुनुहुन्छ, वहाँसँग चालबाजी चल्न हुँदैन भन्ने कुरा पैले नै विन्ति गरेको थियें, त्यस्तो कालो खबर किन पठाई बक्सेको ? महाराज ! अश पनि क्यै वितेको छैन. खबरलाने व्यक्तिलाई रोक्न मानिस दौडाइ बक्सियोस् ।

राजा—ठीक भन्यौ, अहिल्यै कुलवन्तलाई दौड़ाउँछु । कुलवन्त ! तिमी झट्ट जाऊ र दुर्वादीलाई विचैबाट फर्काऊ ।

कुलवन्त—जो आज्ञा (हतारका साथ निस्कन्छन्)

राजा—(अधोमुख भै घोरियेर) चतुर्भुज ! म मेरो भविष्यको आकाशमा तानाथरी उल्का नाँचेको देख्न थालें, मेरा आँखा धमिलिंदै आये. मुद्र थातमा छैन. आजदेखी मैले यो हत्यारो शिकारीकाम सदाको लागी त्यागिदियें, ईश्वर साक्षी राखेर त्यागिदियें (रुँदै आसूँ पुच्छन्)

चतुर्भुज—महाराज ! अब यहाँ रोयेर हुँदैन. जति शक्यो चाँडो सवारी हुनुपर्छ. अहिल्यै क्यै विगार परेको छैन, किनभने कुलवन्तले दुर्वादीलाई बीचैमा रोकी हाल्छन् ।

(हतपतसाथ सबै निस्कन्छन्)

(पर्दागिर्छ)

— : : —

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अङ्क चौथा, पर्दा चौथा.

स्थान—दोवाटो.

(पश्चात्तापले व्याकुल भयेको दुर्वादीको प्रवेश)

दुर्वादी-(छाती पिट्दै) हरे ! कत्रो अपशोच !!

श्लोक

१

चिप्लो हुन्छ असत्य को पथ सदा टेक्दा त्यहाँ जो पनि ।
चिप्लिन्छन् बरबाद हुन्छ सहसा आनन्दको जीवनी ॥
भन्ने ज्ञान छँदा छँदै पनि अहो ! दर्बारमा गै कन ।
त्यस्तो उग्र बनावटी जहर त्यो मैले उकेलें किन ?

२

जिभ्रो सेवक मात्र, सेव्य अरु नै स्वामी त भित्रै छ रे ।
स्वामीको खटनै बमोजिम सदा त्यो जे पनी बक्छ रे ॥
यो भित्री कटु तारतम्य न भये दुर्वाच्य त्यो घातकी ।
बोली मालिकका नगीच म कहाँ बर्न्यें महापातकी ॥

(क्यै घोरियेर लामू शास लिंदै) हरे !! जुन भवितव्यले महाराज को मनमा बसेर त्यो सत्यानाशी सन्देशको जहर उब्जायो, उही भवितव्यले त्यै बनावटी जहर मबाट महारानीका अगाडी उकेल्न लगायो, जसले गर्दा ऐले म यो पश्चात्तापको ज्वालामा जलि-रहेकोछु. अपशोच !!

(नेपथ्यमा)

श्लोक

१

ए दुर्वादी ! पर्ख सोझै न जाऊ
ठाडै तातै पाइला फर्क आऊ ।
चाँडो जाने छैन क्यै काम ऐले
ल्यायेकोछू राजसन्देश मैले ॥

(कुलवन्तसिंहको प्रवेश)

कुलवन्तसिंह—(हात उठायेर) ए दुर्वादी ! पर्ख पर्ख पर्ख ।

दुर्वादी—(पुलुक हेरी) कसलाई पर्खने !

कुलवन्तसिंह—महाराजको आज्ञा छ, तिमी बीचैबाट फर्क, दरबारमा न जाऊ ।

दुर्वादी—(सुस्केरा हाली) सत्यानाश !!

कुलवन्तसिंह—किन आत्तियौ ?

दुर्वादी—दरबारमा अघी नै गै शकें ।

कुलवन्तसिंह—के भयो त ?

दुर्वादी—जो हुने भै शक्यो. हरे !! अब महाराजका अगाडी कसरी जाऊँ, के विन्ति चढाऊँ ? (भनी रुन्छ)

कुलवन्तसिंह—किन रुन्छौ ? हिड, तिमिलाई तुरुन्त फर्कायेर ल्याउनु भन्ने आज्ञा छ ।

दुर्वादी—महाशय ! माफ गर्नुहोस्, मलाई यहींबाट भाग्न दिनुहोस्, मेरो प्राण बचाइदिनुहोस् (भनी घोप्टो पर्छ)

कुलवन्तसिंह—यो क्या हो ? तिम्रो मगज के भयो ? म त कुरा क्यै पनि बुझ्दिन ।

दुर्वादी—महाराजबाट मेरो जिभ्रो झिक्न लगाये पछि बुझ्नुहुनेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुलवन्तसिङ्ग—दुर्वादी ! ऊः महाराजको सवारी पनि फिरिशक्यो, लौ चाँडो हिंड ।

दुर्वादी—भगवान् ! मालिकको आज्ञा पालन गर्नु सेवकको धर्म हो. त्यो वाहेक मैले अरु केहि गरेको छैन, क्षमा रहोस् (भनी लम्छ)

कुलवन्तसिङ्ग—अब यो वहुलट्टिपना नझिक, जो विन्ति गर्नुपर्छ महाराजको अगाडी पुगेर गरौला. चाँडो चाँडो गर । (पाखुरा तानी उठायेर लैजान्छन्) ।

(पर्दागिर्छ)

इति चतुर्थः अङ्कः ।

—::—

अङ्क पाँचौ, पर्दा पहिला.

स्थान—महारानीको वङ्गलाको वाहिरी हिस्सा, बूढा चोपदारको दिक्दारी साथ प्रवेश ।

चोपदार-अपशोच !! न जाने विधाताले कुन वखत कहाँ कस्तो खेल खेल्दछ, त्यो कसैलाई पनि थाह हुँदैन. हिजो सम्म यै दरवारमा मानू स्वर्गीय लक्ष्मी आयेर नाचेकी थियिन्. आज अचानक विचल्लीको तूफान उठेकोछ. दुर्मुखा दुर्वादीको मुखवाट महाराजको मूर्च्छा सुन्ना साथै महारानी समेत मूर्च्छा परिवक्सियो. अब यो दुवैतिरको मूर्च्छाको अन्धकारमा सायद उजयिनीको संपूर्ण चञ्चलाशिरी नै अस्ताउने पो हो कि ? कसले जान्दछ ?

(नेपथ्यमा)

दिदी ! किन त्यसरी हल्लाङ्ग र फल्याङ् गर्दै दौडेकी ? तिमीलाई थाह छैन ? दुर्वादीको खवर सुन्ने वित्तिकै महारानी वेहोस होइ-वक्स्यो. म शीतोपचारका निंति कमलको जरा, उशीर, कपूर कस्तुरी, इत्यादि लिनलाई दौडेकीछु. तिमी पनि श्रीखण्डको चिनीयाँ पङ्खा लियेर चाँडो जाऊ. निम्बीलाई पनि वरफ लियेर आउनू भन (आकाशमा यो शब्द सुनी, ऊः नानीहरू खलवलाये. म पनि जाऊँ, राजवैद्यलाई बोलायेर ल्याऊँ भन्दै चोपदार निस्कन्छन्

इति विस्कम्भक

(पर्दा उठ्छ)

(सुजनीमा मूर्च्छित अवस्थामा भानुमती, माथमा लेप लगाउन र पङ्खा हम्कन लागेका चंपा, निम्बी आदि सुसारेहरू)

(राजवैद्यका साथ बुढाकाजीको प्रवेश)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजवैद्य—(गौडसित हेरी लामो शास लिन्छ)

बुढाकाजी—कस्तो छ ? तपाँइले के ठान्नु भो ?

राजवैद्य—हुनलाई मूर्च्छा हो, तर अलि कडा छ. उकार प्रशस्त गर्नुपर्छ. केही समयमा जागाहुने संभावना छ (यस्मा दुर्वादी र शूरसेन आदिका साथ आउन लागेका राजा देखिन्छ)

राजा—(दुर्वादीसित) के महारानी राम्रै मूर्च्छा परिनन् ?

दुर्वादी—(रुँदै घुक्क घुक्क गर्दै) नजर हुन्यै छ, के भन्ती गरूँ. महाराज ! मेरो पापको प्रायश्चित्तका निंति यो नपी जिभ्रो झिकी पाऊँ (रुन्छ)

राजा—त्यो तेरो कसूर हैन, मेरो कसूर हो. किन रुन्छ ? न रो. शूरसेन ! म मेरो भवितव्य अँध्यारो देख्छु. सबैलाई आफ्ना आफ्ना ठाममा जानू भन. म महारानीको बङ्गलामा जान्छु ।

शूरसेन—जो आज्ञा (भन्दै फर्कने इशारा गर्छन् . सबै हुन्) राजा अघी बढ्छन् , चम्पाहरूको रुलाई सुनिन्छ)

राजा—(आर्त स्वरले) मित्र चतुर्भुज ! मलाई दम्पत्य-प्रेमको स्वर्णतन्तु टुट्ने संभावना मृगीको घटनाले नै देखाएको छ. अब महारानी पक्का उठ्दिनन् ।

चतुर्भुज—महाराज ! भगवान् रखवार छ. सवारी भये पछि व्युत्थान होला ।

राजा—के तिमिलाई त्यसमा आशा छ ।

चतुर्भुज—आशा मात्र होइन, आशालाई सफल तुल्याउने विश्वास पनि छ ?

राजा—(क्यै बढ्दर, व्याकुल भावमा, चौतर्फी हेर्दै) एकमनले भन्छ, चाँडो जाऊँ, अर्को मनले भन्छ कसरी जाऊँ. हिजो अस्ती त्यै द्वारदेशको अगल-बगलमा अचेतन दीपशिखाको रूपमा यौटा

भर भराउँदो सचेतन दीपशिखा झलमलायेको हुन्थ्यो, जो आफ्नू शीतल प्रकाश द्वारा मेरो र मेरा प्रेमको सदा स्वागत गर्दथ्यो. परन्तु आज त्यो बीचको सचेतन दीपशिखा देख्दिन, मानू द्वारदेशको शोभा नै फुङ्ग भयेर उडेकोछ. अगल-बगलका दुवै दीपशिखा रोयेका जस्ता छन्. तिनको धमीलो छाया नाची रहेको छ. कुनै कुरा पनि स्पष्ट देखदिन. यो मेरो आशाको पिलपिले बत्ति पनि दुविधाको हवामा हल्लीरहेकोछ. न जाने कुन वेला झ्याप्प भयेर निभ्ने हो ? तर भगवान् ! त्यस्तो हुन न पाओस् (केही अघी बढी चुपचाप अत्याहटका साथ, भानुमती को हालत हेर्दै, चम्पासित) चम्पा ! के भो ?, के भो ?, महारानीलाई के भो ?

चम्पा-आरामी मेचमा राज भयेर फूलको माला उन्दै होइवक्सिन्थ्यो. दुर्वादीबाट धाइते भालूसँगको कुस्तीमा सरकार विहोस होइवक्स्यो भन्ने सुन्ना साथै मतिर नजर दियेर आज्ञा भो—चम्पा ! म एक छिन पल्टन्छु. मेरो मगजमा चक्कर आउन थाल्यो. यति आज्ञा हुँदा हुँदै माथमा चिटचिटे पसिना आये. मुस्कील सित सुजनीमा पल्टिवक्स्यो. त्यस पछि एकाएक संपूर्ण गाथमा शिथिलता आयो. हामी सबै जाने बुझेको शीतोपचार गर्दै थियौं, सरकारको सवारी भै हाल्यो ।

राजा—(अपशोचका साथ हातले महारानीको माथ सुसार्दै)

श्लोक

१

विधिवश अघि भूल भो, विरायें ।
अब पछुताइ रूँदै रूँदै म आयें ॥
उठ उठ सुकुमारि ! नैनतारा !
प्रियतमका भुलि-चौ कसूर सारा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२

छल छल गरि आयुँ छल्कँदोछ ।

दिल अति खुल्तुलियेर कल्पँदो छ ॥

वरपर सब छन् दिशा अँध्यारा ।

तिमि विनु छैन कसै कुनै सहारा ॥

३

मुकुलित वदनाऽरविन्द खोली ।

मृदु मकरन्द-समान बोल बोलि ॥

अझ पनि कति सम्म चुपचाप ।

रहिकन सुन्दरी ! सुन्दछयो विलाप ॥

४

छवि विनु रवि-विम्ब त्यो विकम्पा ।

शशिमुखि ! जून विना शशी विकम्पा ॥

कवि मृदु कविता विना विकम्पा ।

तिमि विनु देवि ! म भैशकें विकम्पा ॥

प्रेयसी भानु ! किन बोल्दिनौ. के मेरो अपराध तिम्रो वाग्-द्वारमा ताल्ला भनेर बसेकोछ ? (वैद्यतिर हेरी) तिमिले के ठहऱ्यायौ ?

वैद्य—आकस्मिक मूर्च्छा ।

राजा—त्यसको निदान ?

वैद्य—भगवान् जानोस् !

राजा—(वैद्यतिर हेरी) भगवान् जान्दैन, म जान्दछु. मूर्च्छाको निदान मै हूं। प्रेयसी भानु ! तिमिलाई यस हालतमा कसले

पुऱ्याऱ्यो ! मैले, मेरो नालायकीले, मेरो कमीनापनले. म पापी हूं, म अपराधी हूं, म धोखाबाज हूँ. मैले उस दिन स्वर्गीय कल्पलताको फूलबाट तप तप चुहेका ताजा ताजा अमृत जस्ता मकरन्द-बिन्दुलाई रछानको गन्दा पानीका छिटा सँग्रेर कुन चालबाजीको नारकीय चाल चलेथें, त्यसैले आज शिरीषको फूल-जस्ती तिमीलाई यस्तो नाजुक हालतमा पुऱ्याऱ्यो. हृदयेश्वरि ! क्षमा गर. क्षमा माग्नू सिवाय मेरो अर्को गति छैन ।

गाना

शशिमुखि ! काशीराज नन्दिनी !

कसूर मेरो माफ गर ।

मेरै ताता अश्रुबिन्दुले

दिलको घाऊ साफ गर ॥

कुन सपनामा खेलेकी छौ

एक्कै खेल्छयौ कती वेर ।

नजर नगीचै पलुबायेको

सहचर आईपुग्यो हेर ॥

प्रिये ! यहाँ छौ अथवा अन्तै

किन हो कत्ती नबोलेकी ?

स्निग्ध नजरको द्वार उज्यालो

कुन कारणले न खोलेकी ?

सुनि द्यौ देवी ! राग रसीलो

विरह-मेघको मधुर मल्लार ।

तिमिले नसुने अब कति बजला

टुटी-शकेको जीर्ण सितार ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(फेरी शिरदेखी पैतालासम्म नजर घुमाउँदै) प्रेम पुतली भानु ! तिमी स्वर्गबाट आयेकी देवी हौ, सत्यकी प्रतिमा हौ. म मानवको रूपमा नरकबाट आयेको असत्ती दानव थियें, असत्यलाई नै अँगालेर असत्यकै चाल चल्न थालें, तिमिलाई ठूलो धोका दियें. तिमिले त्यसमा म देखी धीन मानी हौली, त्यसैले सहसा पट्दल बाँधेर भित्रभित्रै अन्तर्जगत्को माथिल्लो तलामा पुगेर स्वर्गीय सुखको अनुभव गर्न लागेकी होउली. मेरो व्याकुल आत्माले यो मन्दा अरु कुरा चिताउनै शर्कीन ।

श्लोक

१

देवी ! सत्यवती ! असत्य कपटी सन्देश मेरो सुनी ।
ठाडै मूर्च्छित भै ढल्यौ सब भुल्यौ यो बाहिरी जीवनी ॥
तिम्रो यो विकराल सत्य घटना देख्दा पनी संमुख ।
मेरो किन्तु हुँदैन आज किन हा !! चैतन्य अन्तर्मुख ॥

कल्याणि ! या त मलाई पनि अन्तर्मुखी वृत्तिको आनन्दलिने विद्या शिकाइयौ, या त तिमी नै बहिर्मुखी वृत्ति लियेर मेरो भाग्यको बगैंचामा पुतली जस्ती भयेर खेल्दै आऊ . तिम्रा निति स्वर्गीय माधुरी यहीं छ (च्यूँडामा हातलाई) मोहमूर्ति भानु ! किन तिमी उठ्दिनौ ? यो मेरो लगातार आँशु बगाउँने आँखामा के कसिङ्गर परेको छ, लौन त्यो शिकियौ (गौंडसिव हेर्दै) हरे ! यो उही स्वर्गीय फूल हो, यसमा अरु सबै कुरा छ, परन्तु त्यो यौटा सार वस्तु देख्दिन जराका निति मेरो दिल पाखामा परेको माछो झैं तड़पी रहेको छ. अहा !!! रूप छ, रङ्ग छ, मृदुता छ, माधुर्य छ. सब कुरा छ. परन्तु त्यो यौटा मनमोहनी वास्ना छैन. हाय !!

गाना

उहि मोहिनी अवतार हो तर मोहिनीपन त्यो कहाँ ।
परिपूर्ण चन्द्र उही कठै ! तर चाँदनी छ कहाँ कहाँ ॥
बिजुली उही छ अघिल्तिरै तर चंचमावट त्यो कहाँ ।
रसिली उषा छ कठै ! उही किरणाऽऽवली तर त्यो कहाँ ॥
बहँदी उनै सुर-निम्नगा लहरी परन्तु कहाँ कहाँ ।
उहि वाटिका छ वसन्तको फुलको बहार कहाँ कहाँ ॥
कविता मिठो कविको उही तर छन्दको महिमा कहाँ ।
हृदयेश्वरी दयिता उनै तर चेतना छ कहाँ कहाँ ॥

(आँशु पुछ्दै, उही विरही स्वरले) भाग्यलक्ष्मी भानु ! हिजो सम्म तिमी भन्दै थियौ, म कुनै जन्ममा पनि हजूरको साथ छोड़ने छैन. किन्तु आज मेरो भूलको भुलभुलैयाँमा फसेर तिमिले पनि मलाई त्याग्ने भूल गऱ्यौ कि ? भन्ने डर पनि लाग्छ, तर तिमी स्वर्गीय देवी हौ. सत्यवादिनी छौ. तिमिबाट म असत्तीको जस्तो भूल हुने छैन. परन्तु कल्याणी ! मलाई तिम्रा विरहको एक एक पला कल्प जस्तो भयेको छ. यो कुरा तिमी किन याद गर्दिनौ ?

श्लोक

१

विरहाऽनल दन्दनी बल्यो ।
दिल मेरो बरबाद भै जल्यो ॥
तिमि बेगर यो निभाउन ।
ममताको फुहरा दिने कुन ?

कल्याणी ! यो कुराको विचार गर, सर्वनाश हुन न पाओस् ।

(व्याकुल भावमा आकाशतिर हेर्दछन्)

(नेपथ्यमा)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्लोक

१

शुभ होस् यद्वा अशुभ होस्
आफैंले आफनू कर्म ।
भोगनु-पर्दछ विश्वमा
यो छ कडा प्रकृतिको धर्म ॥

२

दुन दिन जसको पल्टला
उल्टा भवितव्यको पाशा ।
उस दिन उसका हृदयको
टुट्दछ रे मोहिनी आशा ॥

राजा—(सुनेर आकाशतिर हेरी) त्यो आशा टुट्दछ भन्ने को ? (जमीनतिर हेरी) कहिल्यै टुट्दैन. यो सारा संसार आशामा फुलेको छ ; आशामा फलेको छ ; आशातन्तु साहै बलियो छ, जसमा विश्वब्रह्माण्ड नै गुण्डिएको छ. आशातन्तु चटक्क चुँडियो भने त यो सारा विश्व-प्रपञ्च कहाँको कहाँ पुग्छ र विपत्ता हुन्छ. आकाश काँपद छ. हावा रुन्छ. हिमाल डग्मगाउँछ. धरतीमा धरती फाटा पर्छन्. चन्द्र, सूर्य, तारा लगायत सारा ज्योतिःपुञ्ज आफ्ना वृत्तबाट खुत्कन्छन्. महाकाल विकराल मुख बायेर निस्कन्छ. प्रलयको नग्न नृत्य छर्लङ्ग देखा पर्दछ. म जस्ता लाखौं राजा कानिला बराबर बिलायेर विपत्ता हुन्छन्. उत्ताल समुद्रका छालले छोपियेकी पृथ्वीको नाम निशान कतै रहँदैन, आखीरमा शेष रहन्छ भस्मधारी महादेवको महामशान (आँखा टाडा टाडा हेरेर) ओः ३, यो कत्रो तूफान !!! कसरी आयो ? कहाँबाट आयो ? किन आयो ? यसलाई कसले निंत्यायो! (केही अडेर) संझें,

खूद मैले निंत्यायेको हुँ. मेरो नालायकीले निंत्यायेको हो. मेरो नारकीय मिजासले निंत्यायेको हो. दुर्वादीलाई मैले यै तूफानको निंता दियेर पठायेको थियें, उसले निंता पुऱ्याएर, तूफान तुरुन्त आयो. मैले नै यसको स्वागत गर्नुपर्छ. यो मैले संझेको छु. (दुई हात बढायेर) आः तूफान ! आः, चाँडो आः, खुशीसित आः, म तेरो स्वागत गर्न तयार छु. गरी हाल्छु. स्वागतम्, स्वागतम्, सुस्वागतम् ; तेरो स्वागतमा यो मेरो जीवनको सर्वस्व होस् खतम्. (यति भन्दै पछारिन्छन्) (नानीहरू हतपतायेर पङ्खा हंकन्छन्) ।

मन्त्री—महाराज ! दुःखको सबै भन्दा ठूलो औषधी धैर्य हो. जस्तो सुकै दुःख परे पनि धैर्य त्यागनू हुँदैन. मध्य सागरमा जहाज डुबोस् ता पनि उसमा सवार भयेका मानिसहरू धैर्य लियेर हर किसिमले पार हुन चाहन्छन्. धेरै जसो पार भयेका पनि देखिन्छन् ।

राजा—हाय !! मेरो धैर्यको स्वर्णिम कलश फुटिशक्यो. अब म त्यसको नाम सुन्नै चाहन्न ।

मन्त्री—महाराज ! बितीगयेको क्यै छैन, उपचार हुँदैछ. किन यत्रो अत्याहट लिइबक्सेको ?

राजा—उम्लेको अत्याहट रोक्न कस्ले शक्छ ? कोही शक्तैन. हरे !! कहाँ जाऊँ, कस्का आधारमा जाऊँ, जता हेर्छु उतै शुनशान. कठै !! यसैको नाम हो सौभाग्यको महामशान !! (रानीतिर हेर्दै) यो अनन्त गुणको राशि समयको प्रवाहमा पानीमा मिश्री जस्तै बिलाउँदै-गयेको छ. जीवनेश्वरी भानु ! अब मेरो जीवन पनि खतम भयेको संझ. म पनि आवें. पर्खे कल्याणि ! अली छिन पर्खे, पर्खे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मन्त्री—महाराज ! हिमाल जस्तो अटल प्रभुमा किन यस्तो व्याकुलता ?

राजा—अझ पनि बुज पचायेर सोढछौ किन ? मन्त्री ! यो कुरा आफनै अन्तरात्मालाई सोध, यसको जवाफ मसित छैन ।

वुढाकाजी—महाराज ! शिप्रा-किनारको शीतल हावाले चेतना तन्तु चाँडो खुलध्यो कि ?

राजा—(आत्तियेर कान थुन्दै) राम ! राम !! राम !!! यो हालतकी मेरी प्राणप्रिया महारानीलाई शिप्राको फुश्रो मशाने घाटमा लगेर श्याल कुकुरको घेरामा पछार्ने ? काजी ! म त्यस्तो कुरा सुन्न शक्तिन ।

चतुर्भुज—त्यो त हो, घाटको कुरा सुन्दा मलाई पनि न राम्रो लाग्दछ, पैले नै मन आत्तिन्छ ।

राजा—(चतुर्भुज तिर फर्की) मित्र ! चिताको दुर्गन्धी तातो खरानीले फुस्रियेको-शिप्रा किनारको घाट भन्दा यो मेरो काख हजारगुना शीतल छ. लाखगुना पवित्र छ. यसमा अलीकति चालबाजीको काली धब्बा लागेको थियो, तर त्यसलाई पश्चात्तापको साबुन दली दली ताता आँशुले पखाली शकें. अब स्वर्गीय देवी मेरी भानुलाई यै पवित्र काखमा राखेर कलेजाको पङ्खा हम्कन्छु र शीतल प्रेम-पवनको सञ्चार गर्दछु. कदाचित् यति गर्दा पनि महारानी उठिनन् भने म पनि उनका साथै चितामा जल्दछु. त्यसमा तिमिहरूले विघ्न बाधा न पारे. सबै सित यो मेरो अन्तिम अभ्यर्थना छ. (काखमा राख्ने तरखर गर्दछन्) ।

मन्त्री—(राजवैद्यको कानमा) वैद्यजी ! जुक्ति बुद्धिले महाराजलाई यहाँबाट हटाउँने यत्न गर्नुहोस् . केही काल यै अवस्था रह्यो भने महाराजको पनि त्यै गति हुनेछ, जुन गति ऐले महारानीको छ ।

राजवैद्य—(शिर हल्लाउँदै) म त्यै कोशीस गरूँला ।

राजा—हृदयेश्वरी भानु ! धेरै वेर भयो, स्वप्नाको स्वर्गीय चक्करमा पनि थकाई लाग्यो होला. यो मेरो आँशुले धोयेको पवित्र काखमा लेटेर विश्राम गर (उठाउन खोज्दछन्) ।

राजवैद्य—(हड्बडसित) अहाहाः महाराज ! तकलीफ पऱ्यो भने झन खराब हुने संभावना छ. धैर्य लियेर केही हटिबक्सनु नै वेत होला (राजा केही हट्दछन्) ।

राजवैद्य—(विस्तारै नासिका पुटको नगीचै दुइ आँलाले श्वासको विचार गरी) महाराज ! भित्र न जानीदो रूपमा प्राण सञ्चार भये जस्तो बुझिन्छ. यो अवसरमा हाँमिले यहाँ अलिकति पनि खलबल गऱ्यौं भने मस्तिष्कमा गोलमाल पर्ने सम्भव हुन्छ. असर्थ केही काल सम्म पङ्खा हम्कने चम्पा बिम्बी आदि नानीहरू वाहेक अरु सबैले हटनू नै वेत होला कि ?

राजा—(खुशीको शास लियेर) के प्राण सञ्चारको आभास पायौ ?

राजवैद्य—झुट्टा किन विन्ति गर्थें, तर ज्यादा मिहीं छ ।

राजा—त्यसो भये सबै निस्की हालैं. (चम्पातिर हेरी) चम्पा ! ती श्रीखण्डका र कमल पत्रका पङ्खाहरू न छुटाये है ? (यति भन्दै निस्कन्छन्)

(पर्दा गिर्छ)

इति पञ्चमः अङ्कः ।

—:०:—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अङ्क छैटो, पर्दा पैला.

(लठ्ठी टेकेका बुढा चोपदारको प्रवेश)

चोपदार—(धरखराउँदै आयेर) एक ता अशी वर्षको बुढो, उस माथी त्यो दरबारको विचल्ली, त्यसले गर्दा बखत बखतको खान-पीन सबै हरायो, लठ्ठी टेकेर उभिन पनि न शक्ने जस्तो भै सकें. ऊः (सुस्केरा हाल्छन् र एक बेञ्चमा बसी भन्छन्) आज त यो गति छ. न जाने भोली कुन गति हुने हो ? जे भये पनि फिरन्ता जोगीको खबर त मन्त्रीज्यूको कानमा पुऱ्याउनै पर्यो. भवितव्यका द्वार जहाँ पनि खुला हुन्छन् भनेर मानिसहरू भन्छन्. कदाचित् फिरन्ता जोगीले नै महाराजको विरह व्यथा हटाउन शक्छन् कि ? त्यो कुरा कसले जान्ने ? (यति भन्दै दुइ चार कदम हिंडेर) ऊः मेरो मनले मन्त्रीज्यू पनि यतै पाल्नुभो. टाढा जानू पर्ला, कैसे भयो (यति भनी कुना लागेर उभिन्छन्)

(मन्त्रीको प्रवेश)

मन्त्री—अफशोच ! संसारमा सुख र दुःख दुइ भाई छन्. ती सबैं [illegible] जहानबाट समेत लिएर सबका अगाडी बुनी [illegible] गहिल्यै चल्दैनन्.

श्लोक

?

यौटा गियो दुःख चर्को,
भो बुझ्नै महादुःख अर्को ॥

जहाँ पादमा घाउको दर्द हुन्छ ।
उसैमा सदा ठेस लागी-रहन्छ ॥

हरे ! महारानीका मूर्च्छाको उपचार खोज्दा खोज्दै महाराजलाई समेत मूर्च्छाले आक्रमण गर्ने अवस्था आइशक्यो; खुइक्का लगाई लगाई रुँदा रुँदै आँखाका आँशु निश्रीशके; नजर पाकेका गोल-भिंडा जस्तै राता छन्; उस्तो सुन्दर गाथ विलाप गर्दा गर्दै शुकेर लौरी-पिञ्जर भै शक्यो. बुढा काजी लगायत सबै जना संझायेर बुझायेर थाकिशके, कसैको केही लागेन. अफशोच ! भवितव्यको चट्टानमा टक्करायेर साम्राज्यको डुङ्गा डुब्न् आँट्यो. अब म के गरूँ, उपाय नै सुझदैन ।

(यस्तैमा चोपदार थर थर काँपदै अघी बढ्दछन्)

चोपदार—मन्त्रीज्यू ! शिप्रा-किनारको मठमा यौटा जोगी आयेका रहेछन् ।

मन्त्री—कहिले ?

चोपदार—हिजो साँझमा मात्र आयेका भन्छन् !

मन्त्री—के उनले धुनी, पानी, सिधा, इत्यादिका निंति कसै खबर पठायेका रहेछन् ?

चोपदार—त्यो त केही छैन, तर उनी महाराजको विरह-वेदना शान्त गर्छु भन्छन् अरे ।

मन्त्री—(केही खुसी भयेर) तिनी अहिले उहीं छन् रे ?

चोपदार—ढोके भन्न आयेको थियो, ऐले ढोकैमा आयेका छन् रे ।

मन्त्री—राम्रो खबर सुनायौ. म गयेर उनीसित सबै कुरा बुझ्दछु. तिमी आफ्नू काममा जाऊ ।

(पर्दा गिर्छ)

—:०:—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अङ्क छैटो, पर्दा दोस्रा.

(भानुमतीका नगीचै विरह व्याकुल राजा देखिन्छन्)

राजा—(भानुमतीको मुहार गौडखित हेरी) कठै ! जति जति उमय बित्तै छ उति उति यो गोहिनी मुहारलाई फीकापनले थिच्दै छ। गयो ! सब कुछ गयो, मेरो सौभाग्य-भानु बिल्कुल अस्त भयो हा ! प्राणप्रिये ! काशिराज नन्दिनी ! तिमि कहाँ गयौ ? किन बोल्दिनौ ? (छाती पिट्दै) पापी ! दैव ! तैंले गर्नु गरिस् ; मेरो जनमभरको सुख शान्तिको सर्वस्व टाडै हरिस्। उसका अनन्त गुणको आनन्दले गर्दा म आफूलाई साच्चैको भाग्यमानी संझन्थे, आज उनै प्रेयसी भानुका उपर यो वज्रपात ! अपशोच ! अब यो अँध्यारो संसारमा मेरो जीवनको आधार कोही छैन. भगवान् ! इनकै साथमा मलाई पनि लगिजा (पछारिन्छन् , अरु शीतोपचारमा लाग्छन्)

(इति विष्कम्भक)

नेपथ्यमा

हा ! प्राणप्रिये ! भाग्यलक्ष्मी ! तिमि कहाँ गयौ ? पापी दैव ! तैंले मेरो सर्वस्व हरिस्. कठै ! यो अँध्यारो संसारमा अब मेरो जीवनको आधार कोही छैन.

(गजल)

हाय ! मेरी भाग्यलक्ष्मी ! प्राणप्यारी ! हाय ! हा !
काख छोड्यो आज मेरो बीच-बाटैमा अहा !!
भाग्य चकनाचूर भैगो शान्ति सारा दूर भो।
ज्यान ! तिम्रो भेट मैले पाउँला फेरी कहाँ ?
ख्याल ख्यालैमा उध्याई नीचताको बञ्चरो।

जिन्दगीको फेद ढालें आज आफैंले अहा !!
जन्म भरको मोह माया प्यार सारा गै-गयो।
हाय ! प्यारी ! आज मैले को भनी जाने कहाँ ?
सामनेमा आज तिम्रो दुर्दशा यो देखदा।
छाति मेरो फाट्न आँट्यो के गरी बाचूँ अहा !!

(त्यै कुरा र गीत आकुल स्वरमा फेरी दोहरिन्छ, राजा जुरुक्क उठी पर्दाको छयौबाट कान थापी सुनेर)

राजा—कठै ! मै जस्तो शोकले व्याकुल भयेर रुने त्यो को रहेछ ? विलाप त ज्यादा चर्कों छ. सायद वेदना पनि समानै छ कि ?

(यति भन्दै राजा हिंडछन् , अरु पछिलाग्छन्)

(पर्दा उठ्छ)

(फुटेका हाँडीका खबटा अगाडी राखी रोइरहेका जोगी देखिन्छन्)

जोगी—(रुँदै आकुल स्वरमा) हाय ! मेरी प्राणप्यारी ! तिमि कहाँ गयौ ? पापी दैव ! तैंले मेरो सर्वस्व हरिस् (यति भनि उही गीत गाउँछन्).

राजा—(केही अघी बढी हेर्दै) अहो ! यो क्या हो ? ई कहाँका कस्ता जोगी होलान् ? अगाडी केही देखिंदैन. इनि म जस्तै कसलाई भाग्यलक्ष्मी ! प्राणप्यारी ! भनी भनी सम्बोधन गर्दै रुन लागेका होलान् ? (केही नगीचै गयेर) महात्माजी ! आदेश।

(जोगी पुलुक्क हेर्छन्)

राजा—महात्माजी ! तपाईं किन त्यस्तो विलाप गर्नुहुन्छ ? कसका निंति रुनुभयेको ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जोगी—

श्लोक

१

फुट्यो भाग्य मेरो त्यसैका निमित्त ।
लगातार रोई-रहेकोछ चित्त ॥
कठै ! जिन्दगी नै दुवायेर सारा ।
बगेका-बगे छन् सदा अश्रुधारा ॥

राजा—महात्माजी ! मैले कुरा बुझिन्, स्पष्ट बताउनु होस् न ? के भयो ?

जोगी—(फुटेका हण्डीका खण्डा सुंसुम्यायेर) बाबू ! के तिमिले यो मेरो भाग्यको दुर्दशा देख्नौ ?

राजा—तपाईंको भाग्य फुटेको लै हो ?

जोगी—यै हो मेरो बा ! यै हो. कठै ! कति राम्री थियी, कति सजिली थियी, कति मन परेकी थियी. जनंभर जहाँ पनि, जहिले पनि छुटमुक्ति काम परोस् ता पनि यै अगी सर्दथी, अरु बर्तनको दरकार थियेन. मैले यसैको भरमा हजारौं देश विदेश तीर्थहरू घुम्दै जवानी बितायें. जस्का अमूल्य गुणको आनन्दले गर्दा म आफुलाई भाग्यमानी ठान्थें, आज उही प्यारी हण्डीको आज्ञै अगाडी यो दुर्दशा भइरहेको छ भने यहाँ भन्दा अर्को भाग्य फुटनू के हुन्छ ? अफसोच ! कसैलाई न लागेको दुर्दशा मलाई नै लागेछ (रुन्छन्).

राजा—(मनमनै)

श्लोक

१

जो प्यारो चिज हुन्छ त्यो सहिला साथू भये ता पनि ।
दुर्दैवी गतिले गुम्यो यदि भये रुन्छन् महात्मा पनि ॥

मेरी ता मन-मोहिनी प्रियतमा चिम्ली दुवै लोचन ।
ताक्छिन् स्वर्ग भने मलाई मनमा बाधा न होला किन ॥

विचराको वेदनाको वेग कडा नै देखिन्छ. जे भये पनि ई फिरन्ता-लाई अलिकति संझाऊँ. (प्रकाश) महात्माजी ! तपाँई जस्ता त्यागी पुरुषले यौटा हण्डी फुटदैमा यसरी व्याकुल भयेर बिलौना गर्न होला ?

जोगी—हरे ! किन त्यसो भन्छौ ? राजा ! तिम्रो मनमा कत्ति पनि दया रहेनछ. बडो निर्दयी रहेछौ ।

राजा—फुटेको हण्डी माथी म के दया गर्ऊँ त ?

जोगी—बाबू ! तिमिले यसका गुणको महत्व संझेको छैनौ, त्यसैले होच्यायेर बोल्न थाल्यौ. म यसलाई होच्यायेको सुन्नै शक्तिन ।

राजा—तपाँई जस्तो धीर महात्मालाई पनि यस्तो व्यामोहमा डुबाउन शक्ने त्यस्ता गुण त्यो हण्डीमा के के थिये ? म पनि सुन्न पाऊँन ।

जोगी—बाबू ! त्यसका सबै गुण त मैले पनि जानिशकेको थियिन, जो जति जानेको थियें, तो सबै ऐले बतायेर साध्य छैन. तथापि दुइ चारोटा तिमिलाई सुनाउँछु. राम्रो सँग मेरो मर्म बुझियौ ।

गाना

यसैलाई हेर्दै खुसीमा म झुल्थें ।
यसैमा सदा भीख मागी म डुल्थें ॥
यसैमा शुकेका गुँडेटा म छिप्थें ।
यसैले बिहानै कुटी सर्र लिप्थें ॥
दही सत्तु चूरा यसैमा म खान्थें ।
यसैलाइ साथी लिई तीर्थ जान्थें ॥
यसैमा म पानी उवायेर लिन्थें ।
यसैमा म आफ्नु पिडालू उसिन्थें ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसैमा मकै वा चना चट्ट टुट्थें ।
यसैमा मजा खैंजडीको म छुट्थें ॥
यसैमा म आगो फुकी अङ्ग सेक्थें ।
यसैलाई टोपी गरी घाम छेक्थें ॥
यसैको शिरानी लिई लेटि-दिन्थें ।
यही जीवनाऽऽधार मेरी छ भन्थें ॥

राजा—महात्माजी ! त्यो कुरा त्यस्तै हो ।

श्लोक

१

जसको जसमा हुन्छ स्नेहको भावना अति ।
उसले उसमा देख्छ अनन्त गुण संपति ॥

जोगी—हो, जसमा ज्यादा स्नेह गऱ्यो, त्यसका अवगुण पनि गुणै भयेर झल्कन्छन्. यो कुरा पनि जान्दछु. संयोग भये पछि वियोग हुन्छ, जन्मे पछि मर्नु-पर्छ, यो पनि जान्दछु. तर के गर्छौं ? यस्ती प्यारी हण्डी आफना काल-गतिले फुट्न पायिन. त्यसैले जति संझ्यो उति छातिमा भकानू परी परी आउँछ ।

राजा—के कसैले खोसेर फोरिदियो ?

जोगी—होयिन वा होयिन, कसैले फोरेको होयिन, दुर्बुद्धि लागेर आफनै हातले फोरेको ।

राजा—किन फोर्नुभयो त ?

जोगी—यो रूप, रङ्ग, हिस्सी, बनोट इत्यादिमा जत्तिकी राम्री र मोहिनी छ, उत्तिकै टिकाऊ पनि होली भन्ने ठानेर खेलाउँदा खेलाउँदै अलि माथिबाट भुइँमा छोडिदियेको त प्वाक्क भयेर फुटिहाली. खाली खबटा मात्रै छिचिन्याट्ट भयेर छरिये. त्यसैले गर्दा मलाई सन्निपात भयेको छ. म आफ्नू मन आफैं बुझाउँन

शक्तिन. बाबा ! यो मेरो पश्चात्तापको भर्दौरे भेल बेतौडसित उर्लीरहेकोछ, जसले मेरो जिन्दगी नै डुबाउन आँट्यो (धूँक्क धूँक्क गरी रुन्छन्)

राजा—(मनमनै) यो कुरा सत्य हो. आफ्नू प्यारो चीज आफ्नै बेवकूफीले नाशियेको छ भने त्यसबाट जसलाइ पनि प्राणान्त बाधा पर्दछ (राजा का आँखाबाट बरबरी आँशु झर्छन्) ।

(धैर्यका साथ प्रकाश गरी) महात्माजी ! जो हुनुथियो, सो भयो. अब रोयेर के पाउनु हुन्छ ? भवितव्य त्यस्तै रहेछ, भवितव्यतासँग कसैको जोर चल्दैन ।

श्लोक

१

सुख दुःख दुवै जुटाउने ।
अथवा ती विचमा छुटाउने ॥
बलियो भवितव्य हुन्छ रे ।
जस देखी पुरुषार्थ रुन्छ रे ॥

जोगी—(राजाको कुरै न सुनी खबटा बटुल्दै) राजा ! त्यो भवितव्य होयिन मेरो नालायकी हो. कमीनापन हो ।

राजा—महात्माजी ! संसारमा हण्डीको कमी छैन. म तपाँईलाई त्यो भन्दा अस्सल हण्डी मगाई-दिउँला ।

जोगी—राजा ! तिमिले दुनियाँ देखेका-रहेनछौ, यो भन्दा अस्सल हण्डी बनाउँने कुहाले आजसम्म संसारमा जन्मेको छैन ।

राजा—यो कुरा कसरी जान्नु भो ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जोगी—

श्लोक

१

लाई बाह्रन वर्ष तीर्थहरूमा यात्री फिरन्ता बनी ।
मेला हाट बजार विश्व-भरका जाचें बुझें तै पनि ॥
बस्ती चारु, सतङ्ग, मोहनमुखी हण्डी कतै देखिन ।
दिल्ली रूप-रहस्य कत्ति न बुझी झुट्टा दिखासा किन ?

राजा—मै गो, माटाको त्यस्तो हण्डी न पाये पनि सिपाह् नुनार-द्वारा त्यस्तै सुनको हण्डी बनाई-दिउँला, अनि त चित्त बुझ्ला कि ?

जोगी—(हातले कान छोप्दै) बाबू ! यो त झन् डरलाग्दो कुरो भन्यौ, किनभने—

श्लोक

१

फुट्दा चोटी नियति-गतिले मट्टिकै हण्डिका यो ।
ज्यादा सल्कीकन विरहको प्राण सारा सुकायो ॥
फुट्यो भेयो जब त सुनकी हण्डिका त्यो अमोल ।
होला मेरो कुन गति ? कठै !! मर्म संझेर बोल ॥

२

हीरै-हीरा जडित सुनकै हण्डिका यो तथाऽपि ।
त्यस्मा लाल्चा गरदिन कुनै लिन्न त्यो हात थापी ॥
जान्दा-जान्दै क्षणिक सुखको तुच्छ त्यो रामछाया ।
गर्या जोगी किन अरु झुटा वस्तुमा मोह-माया ॥

राजा—(आश्चर्य मानेर) महात्माजी ! सुनको हण्डी समेत त्यान्न शके त्यागीले मुक्त त माटाकी हण्डी, उस माथी फुटेकी; त्यसका निमित्त त्यस्तो अलाप विलाप किन ? यो क्या हो ?

जोगी—(दिक्दारी साथ) आफ्नू जिन्दगीको आधारै त्यो हुनाले त्यस माथी स्नेह र ममता ज्यादा गडेकोछ. यसलाई जोर्नेहुने भये जोर्ने थियें, रसाउन हुने भये रसाउने थियें, सिउन हुने भये सिउने थियें. न यसो हुन्छ, न उसो हुन्छ. कठै !! गै गयो, गै गयो, गै गयो. मेरो आखिरे जीवन जोतिको अन्त्य भै गयो । (रुन्छन्).

राजा—आज फुटे पनि फुटने, भोली फुटे पनि फुटने, एक दिन त अवश्य फुटने नै थियो. कल्प, आधा कल्प, वा दश बीस लाख वर्ष सम्म त रहने थियेन. त्यस्तो क्षणिक वस्तुका निमित्त किन त्यस्तो पश्चात्तापको ज्वाला उकेल्नु-भयेको ?

जोगी—राजा ! तिमिले अझ मेरो मर्म संझन शकेनौ ।

राजा—कस्तो मर्म ?

जोगी—भुनुनादेखि देवराज संग जसको पनि शरीर अत्यन्त प्यारो हुन्छ. होकि होयिन् ?

राजा—हो, शरीरकै प्यारमा त सारा संसार लड्केको छ ।

जोगी—बस्, बस्. राजा ! मेरो त्यै प्यारो शरीर जसका आधारमा अडेको थियो, पछी पनि अडने आशा थियो, आज उही प्राण-प्रिया हण्डीको यो हालत भै शक्यो भने अब मैले कसरी बाँचने ? विचार गर, पानी सुके पछि माछाको के गति हुन्छ ? खाली उसले छटपटायेर मर्नू सिवाय अर्को उपाय नै कै रहँदैन ।

राजा—के तपाँई पनि छटपटायेर मर्न चाहनुहुन्छ त ?

जोगी—के लाग्यो, अरु गति नै देखदिन ।

राजा—महात्माजी ! जस्तो सुकै अवस्थामा पनि मानिसले अधीर भयेर काम चल्दैन. धैर्य ने लिनु पर्दछ भले कुरा हुन् जस्तै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महात्माहरूबाट बार बार सुन्दथें, ऐले हजूर नै यस्तो अधीर हुनुहुन्छ भने कसले के गर्ने ?

जोगी—त्यो कुरा म पनि मान्दछु, संझन्छु. परन्तु यो हण्डीका हजारौं गुण संझी संझी तडपेको दिल बुझायेर पनि बुझदैन, फुल्यायेर पनि फुलिदैन ।

राजा—महात्माजी ! जान्दा जान्दै पनि दिल बुझाउँन शक्नुहुन्न भने आज्ञा होस् म के गरूँ ?

जोगी—(उही हण्डी सुंसुग्याउँदै) राजा ! के गर्ने भनूँ. सन्ध्याका साथ सूर्य अस्ताये झैं मेरो जीवन पनि हण्डीका साथै अस्ताउन लाग्यो. मेरा लेखा मानू यौटा प्रलयको अवस्था आयो (जोडसँग 'हाय हण्डी !' भन्दै रुन्छन्).

राजा—महात्माजी ! मेरो विन्ति लागोस्, त्यसरी पागल जस्तो भयेर नरुनु होस्, खूब शोचेर भन्नु होस्. जो भन्नु हुन्छ त्यो गरिदिन्छु ।

जोगी—(खवटा बटुल्दै) राजा ! अब मेरा निति गर्नु पर्ने कुरा यौटै मात्र बाँकी छ ।

राजा—कुन कुरा ?

जोगी—बाबू ! तिमि दयालु छौ; तिम्रो म अभागी फुस्राका उपर निगाह छ भने शिप्रातटमा यौटा राम्रो चिता तयार गराईदेऊ, किन भने—

श्लोक

१

जस्तो भाव लियेर मानिस मर्‍यो त्यै भावमा जान्छ रे ।
भन्ने सत्य कुरा श्रुति, स्मृति, तथा गीता पनि मान्छ रे ॥
यस्कै ध्यान धरी चिता-विच चढी साथै डटी मर्दछु ।
यस्कै सङ्ग मिलोस् हरेक जुनिमा यै प्रार्थना गर्दछु ॥

हण्डी ! हण्डी ! हाय हण्डी ! पर्ख, पर्ख, म पनि साथै आयें !
(आकाशतिर हेरी हात जोडी रुन्छन् र पछारिन्छन्)

राजा—(केही हाँसी)

गाना

हे साधुजी ! भ्रष्ट भयेछौ तिमि भारी ।
तुच्छ कुरामा ममता राखी चेतन चोला सकल विगारी ॥
माथ मुडाई घसी खरानी छोडी सबै रसिलो घरबारी ।
जोग लियेको सन्त महात्मा हण्डीसित अब मर्न तयारी ॥
आसन बाँधी कसी समाधी रहनू पर्ने तत्त्व विचारी ।
जोगी यसरी खवटा बटुली हण्डीसित अब मर्न तयारी ॥
मोह फिजारी लोक हँसाई लाज सबै मनको परसारी ।
आकुल हुन्छौ, धुरु धुरु रुन्छौ, भयौ तिमी अब वारि न पारी ॥

जोगी—(खूब जोर सित हाँसेर)

श्लोक

१

नरनाथ ! अहो !! परोपदेश ।
गरछन् मूर्खहरू पनी विशेष ॥
जुन दीप छ आफु भित्र कालो ।
अरुलाइ गरने उही उज्यालो ॥

राजा—(त्यो सुनि अकमक्क परी पुलू पुलू जोगीको मुख हेर्छन्)

जोगी—(मुस्कानको साथ) राजा ! के हेर्छौ ?

राजा—महात्माजी ! हजूरले यौटा अद्भुत चटक गरेर फुटेको हण्डीलाई हल्वी ऐना बनाइदिनु-भयो जुन ऐनामा म आफ्नू अज्ञानको र कंजोरीको छाया छर्लङ्ग देख्न लागें. महात्माजी ! मोहको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सागरमा डुबेको जीवनको नौका किनारा लाग्यो. हजूर को हुनुहुन्छ ? कहाँ बाट सवारी भयेको ?

जोगी—म दक्षिण भारतका सर्व तीर्थहरू भ्रमण गरी हिमालको तट-वर्ती गोर्खातर्फ जाऊँ भन्ने भावना लियेर शिप्रातटको मठमा विश्राम गर्दै थियें; यस्तैमा तिम्रो त्यो प्रलयङ्कर क्रन्दन सुन्दा मनमा दया लाग्यो र शोक शान्त गर्नको निमित्त यहाँ आयेको हूँ।

राजा—के हजूर नेपाल राज्यको गोर्खा प्रान्तलाई ज्यादा प्यारो मान्ने सिद्ध योगी गोरखनाथ हुनुहुन्छ ?

जोगी—(हाँसेर) राजा ! तिम्रो बुद्धि त्यति तीखो न भये विधाताले तिमिलाई यत्रो साम्राज्य-सिंहासनमा किन राख्दथ्यो ? ठीक पहिचान्यौ।

राजा—धन्य दयाधारी सिद्धयोगी गुरु गोरखनाथ ! अँध्यारो इनारमा डुबीशकेको मलाई जबरजस्ती उतार्नुभो. अब देखी म सदाका निंति श्रीचरणको शरण परें। (यति भन्दै पाउमा घोप्टिन्छन्)

जोगी—(उठ उठ भन्दै राजालाई उठाउँछन्, राजा शिर उठायेर हातजोडी बस्दछन्)

जोगी—राजा ! अब के भन्छौ ?

राजा—(हात जोडेर) भगवन् ! अब मलाई त्यस्तो उपदेश बक्सि-योस्, जुन उपदेशले गर्दा यस्तो अनर्थकारी अन्धकारले कहिल्यै छोप्न नपाओस्।

गोरख—राजा ! दुःखको हलोले जोतेको र विवेक जलले सेचन गरिये-को तिम्रो त्यो चित्तभूमिमा विज्ञानको बीज रोपेर उमार्न त शकिन्छ, तर हुर्काउन गाह्रो छ. किन भने यति मीठो नौनी जस्तो कोमल साम्राज्यसुख छोडेर विज्ञान-मार्गका फलाने चूरा चपाउन शकौला र ?

राजा—हजूरको निगाह भये कुनै कुरा पनि कठिन देखदिन।

गोरख—त्यसो भन्छौ भने पैले सङ्कल्पशमनको मार्गमा लाग।

राजा—सङ्कल्पको अर्थ नै बुझेको छैन. कसरी त्यो शमन गर्ने मार्गमा लागूँ ?

गोरख—सपना, विपना, जहिले पनि लगातार विषय रसमा बगीरहने मनको वृत्ति-प्रवाहलाई सङ्कल्प भन्दछन्।

राजा—(केही घोरिएर) ओहो !! चिल्लो मार्बुलमा सहजसुख भयेर सल्बलाउँने काँनो पारो जस्तो सङ्कल्प कसरी शमन होला र ?

गोरख—(केही हाँसेर) त्यागी जोगीले जनंभर आफ्नू भयेभरको कुद्रत लडाउने अखडा त्यै हो।

राजा—भगवन् ! मैले त त्यो असंभव जस्तो देखें।

गोरख—योग-साधना गर्ने योगीका निमित्त केही असंभव छैन।

राजा—पहिले योगका रूप आशा भये साधनाको विचार गर्ने थियें।

गोरख—मुख्ययोग चारथरी छन्।

राजा—कुन कुन ?

गोरख—मन्त्रयोग, हठयोग, राजयोग, लययोग।

राजा—योग त्यत्ति हुन् त ?

गोरख—हुन त भक्ति, शरणाऽऽगति इत्यादि, योगका विधि-विधान वा प्रणालीहरू एक लाख भन्दा पनि उपर छन्, परन्तु ती सबै उनै चार योग भित्र पर्न आउँछन्, जस्तो कि चार समुद्रका हजारौं नदीहरू पस्न जान्छन्।

राजा—त्यस्तो अगाध योग-समुद्रमा म जस्तो कमिलाको के पत्ता ?

गोरख—सुनाशीव भन्यौ, ऐले नै तिमिले त्यो योग-समुद्रको पत्ता पाउन शक्नौ; तर म ऐले त्यस समुद्रको एक थोपा अमृतको अनुभव तिमिलाई गराइदिन्छु, अरू कुरा भाग्यमा भये क्रमशः पछि होला।

राजा—(हात जोडी) जो निगाह गुरुको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गोरख—(अगाडी देखायेर) राजा ! त्यो एकान्त र सानू पुतली-वङ्गलामा हिंड त !

राजा—गुरुको जो आज्ञा । (मनी उठ्छन्)

(गोरखनाथ उठेर अघी लाग्दछन् , राजा पछि पछि लाग्छन्)

गोरख—राजा ! तिमि त्यो एकान्त कुनामा बस. म तिम्रै अगाडी यहाँ बस्दछु । (दुवै जना बस्छन्)

गोरख—राजा ! विषयान्तर केही नसंझीकन आफ्ना भित्रबाट निस्केको नाद कस्तो रहेछ, त्यसको अनुसन्धान गर त !

(राजा आसनकसी पट्टल बाँधी बताये बमोजिं गर्दछन् . गोरख राजाको शिरमा हात घुमाउँछन्)

गोरख—(केहीबेर पछि) राजा !

राजा—(बोल्दैनन्)

गोरख—राजा भर्तृहरि ! (बोल्दैनन्)

गोरख—(केही हाँसी) भाग्यमानी रहेछ. चित्तले नाद ब्रह्मको अली-कति स्वाद पाइशक्यो. फेरी बोलाऊँ, कति सम्म डुबेछ. प्यारो राजा !

राजा—(पुलुक्क हेरी शिर झुकाउँछन्)

गोरख—के के देख्यो ? के के सुन्यौ ?

राजा—भगवन् ! के विन्ति गरूँ ?

श्लोक

१

वर पर तल माथि एकनास ।
झलमल गर्दछ शीतलो प्रकाश ॥
डुबिकन जसमा विचार-धारा ।
शिवमय संझन खोज्छ विश्वसारा ॥

२

अनुपम समता बढेर आयो ।
अनहद झन्झन भित्र झन्झनायो ॥
जुन सुख कहिल्यै मिलेन पैल्हे ।
उहि सुखमा मन लोभिंदो छ ऐल्हे ॥

गोरख—(केही हाँसी) राजा ! अलमस्ती फुस्राहरूका साम्राज्यको यौटा छेउ सम्म भेटेछौ. अरु सबै कुरा पर्दाको भित्र हुन्छ, बाहिर हुँदैन । (गोरखनाथको यो वाक्यका साथै)

(पर्दा गिर्छ)

(नाना प्रकारले भयाङ्गियेको आर्यसंस्कृतिको उत्पत्तिस्थान त्यै हो)

॥ इति षष्ठः अङ्कः ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अङ्क सातौं, पर्दा पहिला.

(मन्त्री देवतिलक र साथै बुढाकाजीको प्रवेश)

मन्त्री— श्लोक

१

बाहिर हेर्दा मागी खाने, काम न गर्ने अल्छी जस्ता ।
सन्त पुरुषको भित्र विचार्दा अगम निराला अर्कै रस्ता ॥
तिनले जसमा कलगा गर्छन् उसका टुट्छन् बन्धन सारा ।
दुःख दर्दले ढलकल गर्दा जीवन-डुङ्गा लाग्छ किनारा ॥

२

पृथिवी तलमा परोपकारी त्यस्ता पुरुष विरलै हुन्छन् ।
विरलै घरमा देखा पर्छन् विरलैले तिनलाई चिन्छन् ॥
आज अचानक राज-महलमा अद्भुत त्यस्तै पुरुष आये ।
डुबीशकेको डुङ्गा जसले ख्याल ख्यालमा पार लगाये ॥

काजी ! देखदाखेरी जोगी मामूली भीखमङ्गा जस्ता थिये, तर काम निकै ठूलो गरे ! महारानी उठ्दिनन् भने म पनि उनका साथै चितामा जलेर मर्छु भन्दै बगलमा थोप्टियेको महाराजलाई पुतली बङ्गला सम्म पुऱ्याउन् पनि हद हो ।

काजी—मैले त मैले पनि थाङ्ने जोगीबाट केही होला भन्ने कहाँ पत्यायेको थियें र !

मन्त्री—काजी ! यो पुण्यभूमि हो. यसमा सिद्ध महात्माहरू नानाथरी

भेषमा घुमिरहन्छन्, जसलाई श्रद्धालु भाग्यमानी मानिसले मात्र भेट्छन् ।

काजी—ठीक भन्नुभो. प्रायशः सिद्ध पुरुषहरू आडम्बरी भेषमा कैल्ये चल्दैनन्, कोही त घीन लाग्ने पनि हुन्छन् ।

मन्त्री—त्यै त, न पत्याउँदो खोलाले बगाउँछ भन्ने कुरा स्पष्ट देखियो ।

काजी—अगाडी फुटेको हण्डी राखेर तिनी रोयेको देखदा मलाई त अचम्म लागेको थियो ।

मन्त्री—म पनि के कसो गर्दछन् बुझूँ भनेर केही नगीचै जान खोजेको थियें, तर उनले महाराजका आँखा छलेर हटने इशारा गरेहाले, म फरक्क फर्की हालें ।

काजी—अरु काम कुरा गरेको त केही देखियेन ।

मन्त्री—सब भन्दा ठूलो काम त यै देखियो, महाराजको शोक शान्त गराये ।

काजी—कता कता सुनको हण्डीको नाम पनि सुने जस्तो लागेथ्यो ।

मन्त्री—सायद सुनको हण्डी बेचेका रहेछन् कि ?

काजी—त्यो त, महाराजले दिन्छु भने जस्तो मानेथें ।

मन्त्री—अलि टाढाको कुरा भो, स्पष्ट स्पष्टी बुझन शकियेन. जो होस्, ती यौटा महापुरुषै हुन् ।

काजी—संभव छ, तिनको मन पग्ल्यो भने महारानीको मूर्छा पनि हटाउन शक्लान् ।

मन्त्री—एक फेरा निवेदन त गर्नै पर्छ ।

काजी—सिद्ध जोगीहरू सँग त्यस्तो जरिबुटी पनि हुन्छ भन्छन् !

मन्त्री—जरिबुटी होस् वा न होस्, मानिसको दुःख टार्न शक्ने शक्ति तिनी सित अवश्य छ. त्यो न भये महारानीको साथै जलेर मर्छु भन्ने महाराजलाई एकाएक बगलबाट हटायेर बर्मेचाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुतली बङ्गला सम्म पुऱ्याउन कसरी शक्थे ? के त्यत्ति पनि सानू काम हो र ?

काजी—त्यै त, महाराजको त्यत्रो अलाप विलाप कसरी छुटाये होलान् यो बडो आश्चर्यको कुरा छ ।

मन्त्री—सबै लक्षण राम्रो छ. म अब महाराजको अवस्था बुझन जोगीको समीप जान्छु. तपाँईं महारानीको हेर-विचारमा रहनु-होस् . जोगीलाई दयाले कुत्कुत्याये भने महारानीको व्युत्थान पनि होइजाला ।

काजी—जसो होला, महाराज शान्त भयेको पक्षमा महारानीको जो गर्नु पर्ने काम गर्न त पायिने भयो कि ?

मन्त्री—त्यसै हो. म उता जान्छु. तपाँईं अन्तःपुर तर्फ जानुहोस ।

(यति भन्दै दुवै जना दुइ तर्फवाट निस्कन्छन्)

(पर्दा गिर्छ)

—:०:—

अङ्क सातौं, पर्दा दोस्रा.

(गम्भीर तर हँसीलो भावमा गोरखनाथ र हातजोडेका भर्तृहरि)

गोरख—राजा ! योग समुद्रको एक थोपा अमृतको स्वाद पायौ ?

राजा—प्रभु ! पायें ।

गोरख—कस्तो लाग्यो ?

राजा—कस्तो विन्ति गरूँ ? उपमा नै छैन ।

गोरख—योग-समुद्रमा पौडन शक्ने भये पछि त देवराज इन्द्र पनि भिखारी जस्तो देखिन्छन् ।

राजा—गुरुको निगाह ।

गोरख—राजा ! अहिले तिम्रो मन कस्तो छ !

राजा—कस्तो विन्ति गरूँ ? शिमलको भुवा जस्तो हलुङ्गो ।

गोरख—अब चुप्प लागेर बस. ऊः तिम्रा मन्त्री पनि आइपुगे ।

(मन्त्रीको प्रवेश)

मन्त्री—(परैवाट गोरख तर्फ हेरी) आदेश !! (राजातिर हेरी) जय जय महाराज !

(राजा पुलुक्क हेर्छन्)

मन्त्री—महाराज ! सरकारको आज्ञा वेगर सारा काम रोकियेको छ. चाँडो सवारी भये.....

राजा—कहाँ ?.

मन्त्री—दरवारमा, अथवा चिरमूर्च्छित महारानीको समीपमा ।

राजा—मन्त्री ! अब मेरो कानमा मूर्च्छित पदको पर्दा न लगाऊ, महारानी अनन्त लोकमा गै शकिन् . दरवारमा उनको लाशै मात्र बाँकी होला. उनी मेरो वैराग्यको ढोका खोल्ने गुरुमा हुन्. उनलाई यहींवाट नमस्कार गर्दछु । (आकाशतिर हेरी हात जोर्छन्)

मन्त्री—त्यसो भये वैद्यको उक्ति अनुसार महारानीको सवारी शीतल शिप्रातट सम्म चलाउने आज्ञा पाऊँ ।

राजा—मैले आज्ञा दिने मौका गै शक्यो. अब चाहे तिमि आज्ञा देऊ, चाहे राजकुमार आज्ञा दिउन् , चाहे अरु नै कोही आज्ञा देओस् . आज्ञाकारी अभिमानको भूत मेरा शिरवाट भागी शक्यो ।

मन्त्री—(अल्याहटका साथ गोरखनाथ तर्फ [illegible]) महात्माजी ! विच्छीको विष झार्नाका निमित्त गोमन सर्पले डसाउनू त योग्य थियेन. तपाँईंले यो के गर्नु भयेको ?

गोरख—मन्त्री महोदय ! मैले तिम्रो राजालाई क्यै गरेको छैन. आवे-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शमा आयेर मेरा उपर आक्षेप न गर. हेर, राजालाई रानीको विरह-ज्वालाले र पश्चात्तापको ज्वालाले ज्यादा पोलेकोछ. शक्छौ भने त्यो दुवै ज्वाला शान्तगर्ने यत्न गर, म पनि तिम्रो मद्दतगार बनूँला ।

मन्त्री—(राजा तर्फ हेरी) महाराज ! यत्रो यो राजपाटका उपर त्यस्तो अनास्था देखाइवक्सनू ता उचित होवैन कि ?

राजा—भाग्यले गर्दा म राजपाटको जञ्जालबाट फुत्किशकें. ऐले त गोमनका विषज्वाला जस्ता भत्भति पोल्ने विषयरसका नानाथरी विकारहरू वान्त गरेर बडो आनन्दसित बसेकोछु. मलाई यो राजपाट को त के कुरा, स्वर्गको राजपाटमा पनि अभिरुचि छैन ।

मन्त्री—महाराज ! हजूरको मनमा यस्तो वेढङ्गी रङ्ग कहाँबाट चढ्यो ? पुण्यले पचेको यो विशाल ऐश्वर्य कसरी त्यागिवक्सिन्छ ?

राजा—सर्पले काँचुली जसरी त्याग्दछ ।

मन्त्री—यो ऐश्वर्य त्याग गरेर के स्वीकार गरिवक्सने ?

राजा—कन्थाधारी भिक्षावृत्ति ।

मन्त्री—अफशोच !! कहाँ लाखौं व्यक्तिको पालनगर्ने ऐश्वर्य, कहाँ एक पेटका निंति गाँम गाँम घुम्नुपर्ने भिक्षावृत्ति ! के यो बिलकूल उल्टो विचार भयेन ?

राजा—लक्ष्मीपति विष्णु पीताम्बरै पहिरुन्, तर भगवान् शङ्करका निमित्त खरानीपत्ता भिक्षावृत्ति नै प्यारो छ ।

मन्त्री—पृथ्वीनाथ ! यस्तो विशाल पृथ्वीको उपर यत्रो निरादर ?

राजा—मेरो पृथ्वीका उपर निरादर छैन. हर वखत आदर छ. किन भने—

श्लोक

१

आमा हुन् पृथ्वी, म पुत्र उनको, खेल्छू सदा काखमा ।
दिन्छिन् नित्य नयाँ नयाँ चिज जती लान्छू बडो चाखमा ॥
हूँ पृथ्वीपति भन्न किन्तु अहिले लज्जा ठुलो लाग्दछ ।
आर्शीर्वाद तथा क्षमा हृदयले लाचार भै माग्दछ ॥

मन्त्री—महाराज ! हजूरले यस्तो वैरागी वृत्ति लिइवक्से पछि ई स्वर्गसुख विर्साऊँने राजलक्ष्मीको कुन गति होला ? यो पनि त विचार गरि वक्सनु-पर्ने विषय छ ।

राजा—खूब विचार गरेको छु, तर हेर—

श्लोक

१

हुन लक्ष्मी पनि कालकूट-भगिनी उन्मादिनी छन् अरे ।
लाग्नाले तिनको प्रपञ्चनुखमा उन्माद नै चढ्छ रे ॥
जस्लाई तिनको छ चाह सब ती उन्मादभागी बनून् ।
भिक्षा चीर रुचाउने मकन लौ जो भन्दछन् सो भनून् ॥

मन्त्री—महाराज ! उन्मादिनी लक्ष्मीलाई यज्ञ यागादि स्वर्गीय साधनमा लगायेर शान्तिदायिनी बनाउन पनि त शकिन्छ नि. शकिन्न र ?

राजा—आत्मज्ञानको सूर्य भन्दा स्वर्गसुखको पिल्पिले बत्ति धेरै तल छ. अबलाई म त्यो स्वर्गको भुल भुलैयामा फस्तिन ।

मन्त्री—ठूला ठूला राजर्षिहरूले रुचायेको स्वर्गसुख पनि तुच्छ ठानि वक्सिन्छ भने कुन मार्गमा लागिवक्सने ?

राजा—आत्मज्ञानको मार्गमा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मन्त्री—महाराज ! आत्मज्ञानको अरुणोदय बुढेस कालमा हुने हैन र ?

राजा—आत्मविचारले उमेरको अपेक्षा गर्दैन. सत्सङ्गको र पूर्वपुण्यको मात्र अपेक्षा गर्दछ ।

मन्त्री—महाराज ! यो कुरा म पनि स्वीकार गर्दछु, परन्तु ई कडोरौं प्रजाको प्रजानाथ न भये पछि कुन गति होला ?

राजा—प्रजानाथ र पृथ्वीनाथ वेगिन्ति मै-शके, हुँदै पनि छन्. हुँने पनि छन्. त्यो सिलसिला प्रलय पर्यन्त जारी नै रहने छ ।

मन्त्री—कदाचित् मौरीको बथान रानीको पछि लागे झैं गरी जम्मा जम्दी प्रजावर्ग हजूरको पछि लाग्यो भने ?

राजा—मैले सुनेको छु, राम युधिष्ठिर आदि वनवास जाँदा पनि धेरै प्रजावर्ग केही वेर रुँदै पछि लागेको थियो रे, परन्तु उनीहरुले असरी प्रजावर्गलाई फुल्याई फकाई नमस्कार गरी गरी फर्काथिये म पनि त्यसै गरी फर्काउँला ।

मन्त्री—त्यो पनि मैले मानें, घर बास त्याग न शके विचरो प्रजावर्ग तरुँदै कल्पँदै फर्कला परन्तु हजूरले कडोरौं व्यक्तिको आँशुले भुइयेको क्रन्दन कसरी सहन शकिवक्सेला ?

राजा—त्यो सबै सहन शक्ने शक्ति भगवान्‌ले मेरो कानमा प्रशस्त भरेको छ ।

मन्त्री—महाराज ! किन गस्तो एकोहोरो मन गरिवक्सियेको ? यस-पट त जीवन यात्रा मात्रमा पनि पदे पदे साह्रै तकलीफ हुन्छ. शान्ति मिल्न शक्तैन ।

राजा—(हाँसेर) शान्तिको मार्गै त्यै हो. हेर—

श्लोक

१

हुक्का फाँक मुठी जहाँ जति मिल्यो रुद्राग्निको आहुति ।
त्यत्ती मात्र लियेर मस्त सुरमा सन्तोष मानी अति ॥
बुंदा साधु-समाज तीर्थहरूमा आनन्द जो आउला ।
त्यस्ले उज्वल शान्तिको मधुरिमा सर्वत्र फैलाउला ॥

मन्त्री—(सुस्केरा हाली गोरखतिर फर्की) हाय ! महात्माजी ! यो कस्तो भयङ्कर तूफान आयो ? जस्ले साम्राज्यको जहाजै डुबाउन लाग्यो. नजरहोस्, उता महारानीको त्यो अवस्था छ. यता महा-राजको यो उल्टो रास्ता छ. भगवन् ! कृपा रहोस्, म के गरूँ ? (हात जोडी आँशू खसाल्छन्)

गोरख—मन्त्री ! तिमि जस्तो मानिसले आत्तिनु पनि हुँदैन, मात्तिनु पनि हुँदैन. जो हुनुपर्ने छ हुँदै जान्छ. धैर्य गर, धैर्य गर ।

मन्त्री—(हातजोडी) महात्माजी ! राजदरबारको यो विचल्लीका उपर निगाह रहोस्. मेरो मस्तिष्कमा कुनै कर्तव्य सुझेन, म शरणागत छु । (हातजोडी झुक्छन्)

गोरख—(राजातिर फर्की) राजा ! मैले देखिशकें, ऐले त तिम्रो हृदयमा वैराग्यको रङ्ग खूब चढेको छ. परन्तु यै रङ्ग के पछि सम्म टिक्न शक्ला ?

राजा—गुरुको निगाह ।

गोरख—राजा ! तिमि खूब संझेर मलाई नढाँटीकन जस्ताको तस्तो बताऊ—तिम्रो यो तीव्र वैराग्यको मूल कारण के हो ?

राजा—(निकैदेर घोरियेर रुँदै भन्छन्) भगवन् ! रानीलाई ढाँटदा यो हालत भो, अब ज्ञानदाता गुरुलाई ढाँटें भने कुन गति होला ! (रोयेर पाऊ पर्छन्)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गोरख—(उठाउँदै) किन रुन्छौ ? न रोऊ. मैले सोधेको स्पष्ट बताऊ न ?

राजा—भगवन् ! मैले नै झोसेको धोखाबाजीको ज्वालामा गुलाफको फूल जस्तो जीवन गुमायेकी रानी भानुमती ।

गोरख—मैले कुनै जुक्तिद्वारा उनलाई ब्यूँताइदियें भने त तिमि अघी जस्तै राजपाटको आनन्दमा बसौला कि ?

राजा—(आश्चर्यसाथ) (मनमनै) ओहो ! यो क्या हो? मैले कुन सपना देखिरहेको छु ? अघी मेरो ख्याल ख्यालमा भानुमतीले प्राण त्यागिन्. ऐले जोगीको ख्याल ख्यालमा उनले प्राण पायिन् भने पुनर्जन्म भयेन ? जरूर भयो, भनुपर्छ. तर समस्या कठोर छ, कसरी हल गरूँ ? हरे ! आज हृदयमा किन यस्तो उल्लास गर्भित आश्चर्यको भुमरी फन्की रहेको छ ? अघटित घटनावश उद्भ्रान्त भयेको यो मेरो जीवन, अनन्त शक्तिशाली अवधूतको मुठीमा पर्न आयेको छ. के बोलूँ ? के न बोलूँ ? अन्तर्यामी भगवान् ! जुन कुरा बोल्दा मेरो कल्याण हुन्छ त्यै कुरा बोलाइदे. म कुनै कुराको इदमित्थम् गर्न शक्तिन ।

गोरख—राजा ! किन केही बोल्दैनौ ? प्रश्नको जवाफ दिनु तिम्रो परम कर्तव्य छ ।

राजा—गुरुदेव ! मैले बोल्ने कुरा र मेरो मनको अवस्था हजूरको दृष्टिमा अघी नै प्रतिबिम्बित भै-सकेको छ. अब म के बिन्ती गरूँ ? वस्तुतः मेरो दृष्टि दोसाँधमा रन्थनियेर चक्करायेको छ. भगवन् ! साँचै चिलो रास्ता देखाइदिनुहोस्, पछारिने डर बढदै आयो. शरण प्रभुको । (पाउ पर्छन्)

गोरख—(केही हाँसी) राजा ! धीर पुरुषले त्यस्तो द्विविधामा रहेर खुट्टा कमाउन हुँदैन. मौकामा गन्तव्य पथको निर्णय गर्नै पर्छ, बुद्धिमानीको मुख्य लक्षण त्यै हो ।

राजा—(केही बोरियेर) गुरुदेव ! हजूरको आकस्मिक निगाहले पायेको त्यो लोकोत्तर आनन्द त्यागेर एक छिनको रामछाया जस्तो विषयको मृगतृष्णामा फस्नलाई हृदयले गाह्रै मानेको छ. परन्तु वासनातन्तु चुँडालन शक्ने शक्ति पाऊँ ।

गोरख—(केही हाँसी) हुन्छ, हुन्छ, तर राजा ! ऐले ब्युँतेकी रानीसंग कुराकानी गरी बिदा लिन र पछि उनैका हातबाट भिक्षा लिन शक्नु पर्छ नि, के ई दुवै कुरा गर्न शकौला ?

राजा—(काँपेको स्वरमा) गुरुको निगाह भये शकूँला भन्ने लाग्छ ।

गोरख—म तिम्री रानीलाई ब्यूँताई दिन्छु, तर मरेको मानिस बचाउने काम एकान्तमा हुन्छ, जँहातँही हुँदैन. तिमि दुवै गयेर त्यस्को प्रबन्ध मिलाऊ, म शिप्रामठमा पुगेर आउँदै गर्छु ।

राजा—गुरुदेवको जो आज्ञा । (भनी मन्त्रीका साथ निस्कन्छन्)

गोरख—(केही हाँसी)

श्लोक

१

रानीको विरह-व्यथावश जती राजा अँध्यारो थिये ।
चर्चाले उनि ब्यूँतने विषयको उत्ती उज्यालो भये ॥
कुस्ती राग-विरागको हृदयमा पर्दैछ पक्का पनि ।
धैर्य स्तम्भ-विषे विशेष उछले मार्दैछ धक्का पनि ॥

(यति मन्दै निस्कन्छन्)

(पर्दा गिर्छ)

—: ४ :—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अङ्क सातौं, पर्दा तेस्रो.

स्थान—भानुमतीको बङ्गला

(मूर्च्छित अवस्थामा भानुमती र, उनको दाहिने पट्टी राजा र बाँया पट्टी गोरखनाथ)

गोरख—(भानुमतीको शिरमा हात घुमाई फूकमारी सत गुरु मच्छिन्द्र की जय भन्दै केही हटी) राजा ! थोरै वेरमा तिम्री रानी उठ्दछिन्. तिमी कुराकानी गरेर विदा लिंदै गर. म शिप्रा-मठमा गयेर आफ्नू नित्यक्रियाहरू गर्दछु ।

राजा—गुरुदेव ! शिप्रामठमा सधैं राज भये त मेरो कुलैको उद्धार हुने थियो, शिष्य धर्मको पालना गर्न जनमभर पाउने थियें ।

गोरख—(केही हाँसी) राजा ! तिमि अन्तर्जगत्को कुरा जान्दैनौ. मैले त्यो विशाल हिमालको उपत्यकावर्ती गोर्खा प्रान्तमा गयेर कतिसम्म के के गर्नु पर्नेछ, त्यो म जान्दछु. जस्तो तिमिलाई विधाताले उजैनको संरक्षकत्वमा राखेको छ, त्यस्तै मलाई पनि भगवान् शङ्करले भवानीको क्रीडाभूमि गोर्खाप्रान्तको संरक्षणमा खटाइदिक्सेको छ. त्यसैले तिम्रो यहाँको जो गर्नुपर्ने व्यवस्था मिलायेर गोर्खातर्फ गै-हाल्छु. अब मेरो यहाँ धेरै बसाई छैन । (यति भन्दै निस्कन्छन्)

राजा—(मनमा) अहो ! भगवान् ! यो के हुन लागेको छ ? सपना भनूँ, निद्रा छैन. विपना भनूँ, सबै कुरा असंभव जस्तो छ. के इनै महारानी उठ्लिन् त ? (गौडसित भानुमतीको मुखमा हेरी) कल्याणि ! मानु ! (आँशु तप् तप् आँखाबाट खस्छन्)

भानुमती—(आधा पलक खोली, मधूरो स्वरमा) सतगुरु मच्छिन्द्रकी जय !

राजा—(आल्हादका साथ, खुसीका आँसु बगायेर) प्रेयसी भानु ! यो महामन्त्र तिमिले कहाँबाट पायौ ?

भानुमती—(मनमनै) अहो !! कस्तो अवधूत महापुरुष ! तिनले मलाई त्यो अनन्त छाया-पथबाट फर्कायेर कहाँ ल्याइदिये ? आफू कहाँ गये ? मैले यो कैले न देखेको कुन दैवी सपना देखें. (पूरा पलक खोलेर दायाँ पट्टी हेरी) (प्रकाश) कठै !! उही प्यारो मोहमूर्ति महाराज !! 'महाराज मेरो महाराजकी म' (भन्दै दुवैहात काखतिर बढाउँछिन् , राजा तर्कन्छन्)

भानुमती—प्राणनाथ ! आज मैले अनौठाको सपना देखेकीछु ।

राजा—(गहमरी आँशु काढी) कस्तो अनौठाको ?

भानुमती—कहाँ कहाँको छायापथमा एल्कै घुमेकी रहीछु; हजूरलाई हर तरहले खोजें, तर फेला पार्न शकिन, निराशाले छोप्दै ल्यायो, मुटु कलेजा लग् लग् लग् लग् काम्न थाल्यो. यस्तैमा न जाने कुन अदृश्य शक्तिले हो, यो मेरे जीवन-चङ्गाको सङ्कल्प-तन्तु तानेर पृथिवीमा झाऱ्यो. ज्यू अझ काँप्ते छ. हृदयनाथ ! यता सरिक्स्योस् न ! म काखमा लेटेर छायापथको थकाई मार्दछु ।

राजा—(लामो शास लियेर) (मनमनै)

श्लोक

१

तेरै खातिरमा मरीकन कठै !! व्यूँतेर आयेकि छन् ।
रानी भानुमती तँमा पुलुपुलू आँखा लगायेकि छन् ॥
गर् आलिङ्गन एकपल्ट इनको भन्दो छ यौटा मन ।
अर्को भन्छ नजा, नजा नजिकमा त्यै हो कडा बन्धन ॥

ओ३फ !!! आज यो मेरो हृदयको भित्री अखडामा त्याग र राग दुइ पहलमानको कुस्ती भै रहेछ. न जाने कसले कसलाई पछार्ने हो, भगवान् जानोस् । (आँशुका धारा बग्छन्)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भानुमती—(आँशु बगेको देखी आधा अङ्ग उठायेर) प्राणनाथ ! किन रोइबक्सेको ? अब त म ब्यूँति हाले नि ? (रुमालले आँशु पुछिदिन चाहन्छिन्)

राजा—(मख्टो फर्कायेर) भानु ! म मेरा आँशु आँफै पुछ्दछु ।

भानुमती—किन अछुती जस्तो गरीबक्सिन्छ ? हजूरलाई के भयो ?

राजा—म पैले तोद्धछु, तिमिलाई के के भो ?

भानुमती—के बिन्तिगरूँ ? दुर्वादी नआउँदा सम्म माला उन्दै-थियें. उसका जिब्राको कालो जहरको छिटा कानमा पर्नासाथ बिहोस् भयेर छायापथमा पुगीछु ।

राजा—(सोझा आँखाले हेरी) कल्याणि ! त्यो जहर दुर्वादीको थियेन. खाली मैले पठायेको दुर्विचारको जहर थियो. पतित मनको चालबाजी थियो, जसले तिमिलाई एकलै छाया-पथमा पुऱ्यायो ।

भानुमती—(आँशु खसाली) प्राणनाथ ! त्यो गयेको कुरा भुलि बक्स्योस् . मलाई जुन महापुरुषले छायापथबाट फर्कायो, तिनलाई नमस्कार गरिबक्स्योस् ।

राजा—भानु ! भाग्यवश आज मैले तिनै महापुरुष भेट्टायेको छु. तिनैको उपदेश पायेको छु ।

भानुमती—कस्तो उपदेश ?

राजा—आफू पनि अमरबन्ने, तिमिलाई पनि अमरी बनाउने ।

भानुमती—मैले कुराको मर्म राम्रो बुझिन ।

राजा— श्लोक

१

मेरै जीवनको रहेछ भरमा तिम्रो प्रिये ! जीवन ।
यो छर्लङ्ग भयो असाध्य पछितो लाग्यो र कल्प्यो मन ॥
तिम्रो जीवन-नाश यो हृदयले चाहन्न कैल्यै पनि ।
यै निंती अमरत्व-सिद्धिपथमा लागें म जोगी-बनि ॥

२

आज्ञा-माफिक योगनिष्ठ गुरुको, साधी समाधिस्थिति ।
मैले प्राप्त गरें भने अमरता, सप्र्यो दुवैको गति ।
छौ स्वर्गीय सती अवश्य अमरी यै जन्ममा होउली ।
खेल्दै शान्ति-समुद्रमा मरणको मैलोपना धोउली ॥

भानुमती—महाराज ! किन त्यस्तो आज्ञा भयेको ? हजूर राजधर्मको परिपालनाले नै अमर भै बक्सेको छ. त्यस्का निंति हजूरलाई जोगी धर्मको दरकारै छैन. (केही गौडसित हेरी) कठै ! शिकारमा कति थकाई लाग्यो होला ? कति चाँडै गाथ पनि निकै नै गलेछ । (समाउन खोज्छिन्)

राजा—(तर्केर) (मनना) अहो ! उनै विषयवासनाका स्रोतहरू सहस्रमुख भयेर फुट्न खोज्छन्, जबरजस्ती आँखा चिलेर रोकूँदा पनि रोक्न गाह्रो छ. यसैलाई भन्छन् विषम समस्या. (प्रकाश) भानु ! तिमिले ठीक जान्यौ. म थाक्न त अति थाकेकोछु, तर शिकार देखी हैन, जन्म-मरणको चक्कर देखी ।

भानुमती—त्यो चक्कर इन्द्रदेखो कमिला पर्यन्त सबैमा लागेको छ. पहिले शिकारका थकाईको उपचार त गरूँ ! (हातले मुसार्न खोज्छिन्)

राजा—मैले जो पाप गरें, त्यसको प्रायश्चित्त भयेको छैन. मलाई न छोऊ । (तर्कन्छन्)

भानुमती—प्रायश्चित्तका निंती नै प्रार्थना गर्दैछु ।

श्लोक

१

काम्ये प्रायश्चित्त-गोदान जानी ।
बक्सेदेखी त्यै गराई शिरानी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लेटी केही वेर विश्राम लिन्थें ।
हाँसी हाँसी पाप त्यो धोइदिन्थें ॥

(वसाल्न खोज्छिन्)

राजा—(हटेर) कल्याणि ! भानु ! तिमिलाई काखमा लेटायेर त्यो पापको प्रायश्चित्त हुँदैन. त्यो व्यवहार त्याग्नाले मात्र हुन्छ ।

भानुमती—(मनमा) अपशोच !! आज महाराजको रङ्ग नराम्रो छ. न जाने कुन त्यस्तो विजुलीले वहाँको आत्मालाई जवरजस्ती खिचेको छ. (प्रकाशगरी अलि कडा स्वरमा) के मैले छुँदा पनि हजूरलाई बाधा हुन्छ ? छीः किन त्यस्तो वेढङ्गीपना झिकिवक्सेको ? (आँखा तर्छिन्)

राजा—(गौडसित भानुमतीको आँखातिर हेरी) (मनमा)

श्लोक

१

इनै जहरिला तीखा कटाक्षशरले गरी ।
थलैमा गिर्दछन् योगी मिर्ग जस्तै कठैवरी !!

(प्रकाश) भानु ! अब त्यो तिम्रो हावभावको वासन्ती कान्तिमा मुग्ध भयेर रमाउने पट्टू चिडिया यहाँ छैन. यो जङ्गली ढुकुर हो. अब यो रत्यायेर रत्तिदैन. यसलाई जङ्गलमा नै जान दौ ।

भानुमती—छीः किन यस्ता नानाथरी अभिनय देखाइ वक्सिन्छ ? सवारी होस्, उही शिप्रातटवर्ती वगैंचाको झुलनामा जाऊँ (समाल खोज्छिन्)

राजा—(तर्केर) (मनमा) अझ पनि उनै विकारका ज्वार दोहोरियेर उट्दै छन्, भानुमतीको यो स्नेह-समुद्र कसरी पारगरूँ. (प्रकाश) भानु ! म तिमिलाई सत्य कुरा भन्छु, ध्यान दियेर सुनिदौ ।

भानुमती—हजूरको कुरा मैले जहिले पनि ध्यान दियेरै सुनेको छु. सुन्ने छु पनि. आज्ञा होस्-हजूरको वचनाऽमृत पियेर कहिल्यै अघाउन ।

राजा—भानु ! मैले तिमिलाई पहिली ज्ञानदात्री गुरुमा मानिशकेको छु. यो मेरो अन्तिम नमस्कार लेऊ, मलाई छोडिदेऊ । (हिंड्न खोज्छन्) ।

भानुमती—(आश्चर्यसाथ अघि बढी) प्राणनाथ ! के आज्ञा भयेको ? पाउकी दासीलाई गुरुमाको पदवी ? के यो हजूरको प्रलाप होइन ? अपशोच !

राजा—यसमा केही अपशोच छैन. दत्तात्रेयका चौवीश गुरु थिये रे. वैराग्यको लोहद्वार घच्घच्याउँदा मद्दत गर्ने जो पनि गुरु हुन शक्छ. तिमिले सर्वप्रथम जीवनको अनित्यता देखायेर मेरो वैराग्यद्वार खुलायेकी हुनाले तिमिलाई नै पहिली गुरुमा मानेको छु ।

भानुमती—म यस्तो वेढङ्गी कुरा सुन्न पनि शक्दिन. हृदयनाथ ! विरह व्यथाले चिरियेको यो मेरो हृदयलाइ चाँडै नै आलिङ्गनको मलहम वक्स्योस् । (झटपट अङ्कमान गर्न चाहन्छिन्)

राजा—(झुक्कि सित फुक्केर) (मनमा) यो विपलता हो, जान्दछु. श्रीखण्ड लाई जेल्न चाहन्छ, त्यो पनि जान्दछु. परन्तु प्रकृति जवरजस्त छ. पलामा आनको तान गर्दछे. यस्तै न भये विश्वामित्रादि महर्षिको हजारौं वर्षको तपस्या किन त्यसरी विग्रन्थ्यो. भरसक मैले गुरुका चरण संझेर यो मोहजालबाट तर्कनै पर्दछ. (प्रकाश) भानु ! मलाई भगवान्ले देखाएको उज्यालो अमरपथबाट बिच्च्यायेर यो क्षणिक प्रपञ्च-सुखको अँध्यारो खाडलमा धस्ने प्रयास न गर. म तिमिलाइ गुरुमा संझी नमस्कार गर्छु र विदा हुन्छु । (हिंड्छन्)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भानुमती—के मलाई बीच जङ्गलमा राजा नलले दमयन्ती त्यागे झैं त्याग खोजेको ? म दमयन्ती झैं निदायेकी छैन. ठाडै भाग सर्वथा दिन्न । (मनी अवि बढेर चादर समाल्छिन्)

राजा—(पछ्यौरा छोडी केही पर उभियेर) (मनमा) यो उदीयमान सूर्यको पथमा आइपरेको काली घनघटा हो, यसले हर किसिम सँग मडारियेर दुइ चार थोपा जल नवर्साई छोड्दैन. यो तातो जल जति वर्षन्छ अहिले नै वर्षोस् . (आँशु पुच्छन्) (प्रकाश) भानु ! भाग्ये भये विदा किन माग्थें. गुरुमा देखि भाग्नू त मूर्खता हो. म तिमिसित विदा लियेर नै जान्छु. जनि गर. मेरो विन्ती छ. चाँडो विदा द्यौ । (झुकी हात जोड्दैन्)

भानुमती—(अगाडी सरी) मैले मुखले विदा दिई हाले पनि के हजूरले बाटो पाइवक्सेला ?

श्लोक

१

वैरागी भै अलि छिन गरी वज्रले तुल्य देही ।
आँखा चिली जिनतिन पुगे ता पनी दूर केही ॥
मेरो हर्द यसरि बहँदो यो सबै अश्रुधारा ।
तातो वर्षा बनि हजुरको मार्ग रोक्छे सारा ॥

प्राणनाथ ! अझ पनि होस् गरिवक्सियोन्, भानुमतीको आत्मा कस्तो छ ? यसले के मागेको छ ? (अगाडी बोप्टिन्छिन्)

राजा—(उभियेर) (मनमा) हरे ! इनी न व्यूँतेकी भये मेरो बाटो अघी नै खुला भैसकेको थियो, परन्तु ऐले पदे-पदे विघ्नका पहाड गिर्दैछन्, एक पाइलो सार्न पनि कठिन छ. गुरुले मानू मेरा शिरमा तातो भुङ्ग्रो खन्यायेर परीक्षा लिन लागिवक्सेको छ. भगवान् ! म यो परीक्षामा उत्तीर्ण हुन शकूँ ।

भानुमती—(उठेर पर्दाको आडमा गै)—वासन्तिका ! वासन्तिका ! त्यो प्यारो राजकुमारलाई तुरुन्त यहाँ ल्याऊ, म त्यसलाई महाराजको काखमा सुम्पन्छु र यहाँ भन्दा अगाडी नै यो पापी संसार देखी अलग हुन्छु ।

राजा—(मनमनै) इन्द्रियलाई दुङ्गाको ग्रन्थि जस्तो र मनलाई वज्रको चूरो जस्तो न बनाई विषयवासना जित्न कसैले शक्तैन. अझ मेरो चञ्चल मनले भन्दैछ, एक फेरा राजकुमारको मुख हेरीहालूँ ! (वासन्तिका राजकुमारलाई लिइ आउँछिन्)

राजकुमार—(पल्याक पुलुक यताउती हेर्दै, राजाको नजीक गयेर) बुबा ! मुमा किन लोयेको ? फुल्याइ वक्लयोछ्न ?

राजा—(उसको च्युँडो मुसारी, रुन्ने स्वरमा) बाबू ! तिम्रो मुमालाई तिनि गयेर फुल्याऊ. म पइल जान्छु ।

राजकुमार—कहाँ पइल, लाजछभामा हो ?

राजा—(आँशु खसाली) हो, जाऊ राजा ! मुमासित जाऊ ।

(राजकुमार भानुमतीको अगाड़ी आउँछन्)

भानुमती—जाऊ बाबा ! जाऊ, म पनि लाजछभामा बुबाछित छगैं जान्छु भन । (राजकुमार बीचमा गयेर अकमक्क परी राजाको मुख हेरी उभिन्छन्)

भानुमती—(रुन्ने स्वरमा) प्राणनाथ ! म अभागिनीलाई त्यागे पनि गुलाफको फूल जस्तो यो कलीलो राजकुमारलाई कसरी त्यागिवक्सिन्छ ? के यसलाई ज्यूँदै दुहुरो पारिवक्सने ? के हजुरलाई यसको माया लाग्दैन ?

श्लोक

१

बढ्दो चढ्दो मधुर बयको बल्लरी-बीच हाम्रो ।
लागेको यो कुसुम पहिला मोहनी-मूर्ति राम्रो ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पर्दा चर्को पितृ विरहको ताप वैलाउनेछ ।
संझी संझी प्रभुकन बुवा खोइ भन्दै रुने छ ॥

२

तोते बोली अमृत-रसको माधुरी वृष्टि गर्छ ।
ज्योत्स्ना जस्तो छवि वदनको चित्तमा शान्ति भर्छ ।
हाम्रो टुक्रा सदृश मुटुको यो कलीलो कुमार ।
याम्ला यस्ले कसरि शिरमा यो ठुलो राज्यभार ॥
(यति भनी राजकुमारलाई सुम्सुम्यायेर रुन्छिन्)

(मन्त्रीको प्रवेश)

मन्त्री—सरकार ! महारानीबाट बहुत योग्य कुरा निवेदन गरिक्सेको जस्तो लाग्छ. यस अवस्थाको बालक राजकुमारलाई लालन-पालनको सट्टा विशाल साम्राज्यको अभिभारा बोकायेर छोडिक्सनू मेरा दिल्ले पनि ठुलो भूल जस्तो देख्दछ ।

भानुमती—प्राणनाथ ! शिरीषको फुल्ले भ्रमराको आघात कैल्यै सहन शक्तैन. पाउमा मेरो विन्ति लागोस्, कुलको यो सानू विरुवा हजूरका बाहुलीको लालन-पालनमा नै हुर्कन पाओस्. यो समर्थ भये पछि छोडिक्सेला ।

राजा—कल्याणि ! यसको रखवार म भन्दा ठुलो छ. किन भने—

श्लोक

१

खर्ची नौ महिना नवीन वयका तिम्रो त्यही गर्भमा ।
राम्रा अङ्ग सबै क्रमै सँग कुँदी दैवी कुनै भर्गमा ॥
त्यस्तो चेतन चारु त्यो कुसुमको जस्ले गऱ्यो सिर्जन ।
चुक्ला लालन-पालना-विषयमा त्यो विश्वकर्मा किन ॥

तिमि उही विश्वकर्माको विश्वास गर. म अब यो माया-ममताको प्रपञ्चबाट गुरुको निगाहले गर्दा फुत्किझकेको छु ।

भानुमती—(रुँदै) त्यस्तो सर्वनाशी निगाह गर्ने गुरू भनाउँदो मूर्ख पाखण्डी धूर्त पापी कुन हो ? जसले बालक राजकुमारलाई कुहुरो जस्तो गराये र, मेरो पनि—

श्लोक

१

सिउधाको यो रातो
सिंदूर फुस्तो फिका पारी ।
गुरु बन्ने कुन होला
पापी त्यो सर्व-संहारी ॥

गोरख—(झटपट) कल्याणि ! म पापी होइन, धर्मको पथ प्रदर्शक हूँ, तिमि आफैं गौडसित संझेर हेर; राम्रोसित पहिचान पनि, म को हूँ ? किन आयेकोछु ? के भइरहेको छ ? के हुने छ ?

भानुमती—(आँशु पुछेर गोरखनाथको मुखमा गौडसित हेरी) ओहो !! के हजूर म अघी माइती-घरमा छँदा कहिले कहीं पिताजीको बगँचामा एक रात बास बसेर आउने जाने गर्ने रम्ता बाबा होइन ?

गोरख—(मुसुक्क हाँसी) ठीक संझन खोज्यौ ।

भानुमती—एक दिन बुवाको साथै दर्शन गर्न जाँदा मेरो मुख हेरेर हजूरले ई कुमारी भाग्यवती छन्, इनि पति वियोगको आशङ्का पनि सहन शक्ने छैनन्, इनका निधारमा वैधव्यको मलिन छाया पर्ने छैन, इनका पति अमर बन्ने छन्, भन्ने आज्ञा भयेको होइन् ?

गोरख—हो, संझ्यौ. भवितव्यवश मैले बतायेको उही सब कुरा हुँदै पनि आयेको छ. हुने पनि छ. किन भने—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्लोक

१

जस्तो हुन्छ मनुष्यको नियति वा अन्तर्जगत्को गति ।
सोही माफिक चल्छ दुःख सुखको यो बाहिरी पद्धति ॥
मित्री मार्मिक बारबन्ध गहिरो संझन्न कोही पनि ।
व्यर्थै हर्ष विषादका भुमरिमा घुंछन् सबै फन्फनी ॥

(राजातिर देखायेर) २

पैलेका दुइ जन्मका पनि इनी वै साधनामा थिये ।
इच्छा तन्तु परन्तु शेष रहँदा यो जन्म तेस्रो लिये ॥
ऐले त्यो पनि पूर्ण भो हृदयमा छैनन् कुनै बन्धन ।
गर्दैछन् अमरत्व खाति र महाचिच्चन्द्रिका-चिन्तन ॥

कल्याणि ! तिम्रो निउँधाको रातो सिंदूर जुगजुगान्तर सम्म अझ रातो भयेर रहने छ. फुलो हुनेछैन ।

रानी—महाराजलाई किरन्ता जोगी बनायेर मेरो स्यूँधाको सिंदूर रातो राख्ने !! अजान अबला माथो हजूरको निगाह यै हो त ?

गोरख—कल्याणि ! तिमिले राम्रो कुरा बुझिनौ. राजाले अमरत्व प्राप्त न गरुञ्जेल तिमि राजकुमारको अभिभाविका भयेर दरबारमा बस. राजाले पूर्ण अमरत्व प्राप्त गरे पछि वास्तविक दाम्पत्यको चमत्कार देखौली. मेरो दृष्टि राजाको इष्टसिद्धि र राजकुमारको संरक्षणमा सदा पर्दै नै रहने छ ।

भानुमती—भगवन् ! आज मैले हजूरलाई चिन्हे. हजूर बाहेक यो बालकको शरण कोही छैन । (भनी हातजोडी झुक्छिन्)

गोरख—(मन्त्रीतिर हेरी) मन्त्री ! म आज एक रात शिप्रामठमा रहन्छु. भोली मेरै हातले बालक कुमारलाई राजमुकुट पहिरायेर हिमाल तर्फ प्रस्थान गर्नेछु । (यति भनी गोरख निस्कन खोज्छन्, राजा पछि लाग्छन्)

भानुमती—(व्याकुलता साथ) भगवन् ! आजै मेरा निति संसार अँध्यारो गराइबक्सने ? (भनेर विलाप गर्दै पछिलाग्छिन्)

गोरख—(फरक फर्की) कल्याणि ! यो कातरपना छोडिद्यौ. राजाले अमर पदवी पाये पछि दुवैको भेटघाट हुन्ये छ. ऐले पछि नलाग । (यति भनि गोरख निस्कन्छन्, रानी फर्कन्छिन् र राजकुमारलाई हँदै काखमा लिन्छिन्)

(पर्दा गिर्छ)

—: ० :—

अङ्क सातौं, पर्दा चौथा.

स्थान—सजी सजाउ भयेको राजदरबार ।

(सिंहासनको बीचमा राजकुमार, अगल बगलमा यथायोग्य भेषमा मन्त्री, खजाञ्ची, सेनापति, आदि राज-परिवार. राजमुकुट हातमा लियेका गोरखनाथ.)

गोरखनाथ—(मुकुट पहिराउँदै)

श्लोक

१

साम्राज्य भार सब यो तिमि थाम राजा !
यस्तै छ कर्म गति वा विधिको तकाजा ॥
यो रत्नको मुकुट मै पहिराइदिन्छु ।
राजाऽधिराज तिमिलाइ गराइदिन्छु ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(यति मनी मुकुट पहिराउँछन्, चारैतिरबाट रोरी कुंकुम लावा अबीरको वर्षा हुन्छ. सलामीको बाजाहरू बज्छन् .)

(नेपथ्यमा)

श्लोक

१

कर्मैका सब फूल रे रवि शशी नक्षत्र तारा बती ।
कर्मैका फलरूप रे थरि थरी स्वर्गादि लोक-स्थिति ॥
कर्मैले गरि लड्दछन् जुनिभरी द्यौता तथा दानव ।
कर्मैले सुख दुःखको परिधिमा घुम्दो छ यो मानव ॥

२

कर्मैले सब राज्य छोड्दछ कुनै त्यागी महात्मा बनी ।
कर्मैले नरनाथ बन्दछ कुनै सानू म्वे ता पनि ॥
साक्षी जो दुरन्त कर्मगतिको उस्कै भरोसा गरे ।
दुःखी मानवमा दुबै तिर टुलो आनन्द वर्षन्छ रे ॥

(बैतालिकहरूको जयगान सुनिन्छ)

(जयगानको साथै विस्तार विस्तार पर्दा गिर्छ)

॥ इति सप्तमः अङ्कः ॥

इति भर्तृहरि निर्वेद नाटक समाप्त ।

शुभम् भूयात् ।

—: * :—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

R
ACC. 9860

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu